# नेपाल जीवनस्तर सर्वेक्षण

## २०६६/६७

# सार-संक्षेप

नेपाल सरकार

**केन्द्रीय तथ्याङ्क विभाग**

कार्तिक २०६८

# नेपाल जीवनस्तर सर्वेक्षण

## २०६६/६७

# सार–संक्षेप

नेपाल सरकार

**केन्द्रीय तथ्याङ्क विभाग**

कार्तिक २०६८

**प्रकाशक :**

# केन्द्रीय तथ्यांक विभाग

थापाथली, काठमाण्डौ, नेपाल

फोन : ४२२९४०६ / ४२६१५०६

फ्याक्स : ९७७-१-२२७७२०

इमेल : hhss@cbs.gov.np

वेभ साइड : www.cbs.gov.np

प्रथम संस्करण : कार्तिक २०६८

संख्या : ३००० थान

# प्राक्कथन

केन्द्रीय तथ्याङ्क विभागबाट संचालन गरिएको **नेपाल जीवनस्तर सर्वेक्षण २०६६/०६७ तेस्रो** बहुशीर्षक भएको घरपरिवार सर्वेक्षण हो । यसभन्दा पहिलेका सर्वेक्षणहरु वि.सं.२०५२/०५३ र २०६०/६१ मा गरिएका थिए ।

यस सर्वेक्षणले घरपरिवार कल्याण सम्वन्धी विभिन्न अवधारणाका सूचनाहरु संकलन गरेको छ । जस अन्तर्गत उपभोग, आय, आवास, सुविधामा पहुँच, शिक्षा, स्वास्थ्य, बसाइँ सराई, रोजगार, ऋण सेवामा पहुँच, विप्रेषण र मानव मापनका विषयहरु समावेश गरिएका छन् । यस किसिमका तथ्याङ्कहरु नेपालमा गरिबीको फैलावट, प्रकृति र अवयवहरु पहिचान गर्न प्रयोग गरिन्छ ।

यसका साथै विगतका र यो सर्वेक्षणबाट प्राप्ततथ्याङ्कहरु राष्टिय जीवनस्तरमा सुधारको सम्बन्धमा नेपाल सरकारलाई प्रगति पुनरावलोकन गर्न र नेपाली जनताको जीवनस्तर सुधार गर्ने सम्बन्धमा सरकारी नीति तथा कार्यक्रमको प्रभाव मूल्याङ्कन गर्न उपयोगी हुने गरेको छ ।

यस प्रतिवेदनले नेपालजीवनस्तर सर्वेक्षण २०६६/०६७ तेस्रोका प्रमुख झलकहरु प्रस्तुत गरेको छ । प्रयोगकर्ताहरुलाई यस सर्वेक्षणको सर्वेक्षण विधिको रुपरेखा जानकारी गराउनु र विगतका दुई सर्वेक्षणसँगको तुलनात्मक सारांश सहित सर्वेक्षणका निष्कर्षहरु उपलब्ध गराउनु यस प्रतिवेदनका प्रमुख दुई उद्देश्यहरु हुन् ।

केन्द्रीय तथ्याङ्क विभागलाई यो कार्यगर्न नेपालजीवनस्तर सर्वेक्षण २०६६/०६७ आयोजनामार्फत विश्व बैंकले सहयोग गरेको थियो । यस आयोजनालाई यहाँसम्म ल्याउन ठूलो सहयोग गर्ने विश्व बैंक प्रति म विशेष आभार प्रकट गर्दछु । यो सर्वेक्षणका विभिन्न अवस्थाहरुमा अमूल्य योगदान गर्नुहुने विश्व बैंकका महानुभावहरु गौरव दत्त, डीन जोलिफ र महेश्वर श्रेष्ठलाई हृदयदेखि धन्यवाद दिन चाहन्छु । यसैगरी नमूनानिर्माण, लगत व्यवस्थापन र प्रश्नावली निर्माणको लागि सहयोग गर्ने परामर्शदाताहरु क्रमशः ह्वा मुनोज, भिक्टर क्यानल र वियट्रीज गोडोयलाई विशेष धन्यवाददिन चाहन्छु ।

यो सर्वेक्षणको तथ्याङ्क संकलनकार्यमा खटिनुभएका फिल्ड कर्मचारीहरु र सुपरिवेक्षण कार्यको भूमिकामा संलग्न शाखा तथ्याङ्क कार्यालयका कार्यालय प्रमुखहरुलाई उहाँहरुको कार्यको प्रशंसा गर्न चाहन्छु । यस सर्वेक्षणको संपूर्ण रुपमा संचालन र सुपरिवेक्षण कार्यको प्रमुख जिम्मेवारी घरपरिवार सर्वेक्षण शाखा समूहमा रहेको छ । त्यसैले यस सर्वेक्षण संचालन र लगत विश्लेषण गरी परिणाम उत्पादनगर्ने उक्त समूहको परिश्रम, मिहिनेत र लगावलाई सधन्यवाद उल्लेख गर्न चाहन्छु । घरपरिवार सर्वेक्षण शाखाका शाखा प्रमुख श्री ढुण्डीराज लामिछानेको सफल नेतृत्वमा रहेका सदस्यहरु अनिलशर्मा, केशवकुमार गौतम, दिनेश भट्टराई, डोल नारायण श्रेष्ठ, जय कुमार शर्मा, वेदप्रसाद ढकाल, विकास मल्ल र तुलसी प्रसाद पौडेललाई पनि धन्यवाद दिन चाहन्छु । त्यसैगरी यस सर्वेक्षण संचालनको विभिन्न चरणमा शाखामा कार्यरत रहेका शिवनन्दन प्रसाद शाह, मुक्तिनाथ खनाल, शिवलाल शर्मा र सुनिलकुमार श्रेष्ठलाई पनि आ-आफ्नो कार्यको सम्मानगर्दै धन्यवाद प्रदान गर्दछु ।

सर्वेक्षणको समन्वय गर्नु भएका यस विभागका उप-महानिर्देशक तथा सामाजिक तथ्याङ्क महाशाखाका प्रमुख श्री विकास विष्टलाई विशेष धन्यवाद दिन चाहन्छु । अन्त्यमा, प्रतिवेदनको यो स्वरूपतयार गर्नमा महत्वपूर्ण योगदानदिने राष्ट्रिय परामर्शदाता श्री तुङ्ग शिरोमणि बास्तोलालाई मेरो हार्दिक धन्यवाद रहेको छ ।

कार्तिक, २०६८
काठमाडौं, नेपाल

उत्तम नारायण मल्ल
महानिर्देशक
केन्द्रीय तथ्याङ्क विभाग

# विषय सूची


| | | |
|---|---|---|
| १. | **परिचय** | |
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | सर्वेक्षणका उद्देश्यहरू | २ |
| १.३ | सर्वेक्षणका विशेषता | २ |
| १.४ | सर्वेक्षणको विषयवस्तु | २ |
| १.५ | गणना एकाइ | ४ |
| १.६ | सर्वेक्षणको विधि | ४ |
| १.७ | स्थलगत कार्य संगठन | ७ |
| १.८ | तथ्याङ्क सङ्कलनको तरिका | ७ |
| १.९ | सर्वेक्षणको संगठन | ८ |
| १.१० | सर्वेक्षणको प्रश्नावली | ८ |
| १.११ | तथ्याङ्क सङ्कलन | ९ |
| १.१२ | तथ्याङ्क प्रशोधन | ९ |
| १.१३ | तुलनात्मक संक्षेप | ९ |
| २. | **नतिजा सार-संक्षेप** | |
| २.१ | जनसाङ्ख्यिकी | १५ |
| २.२ | आवास | १७ |
| २.३ | सुविधामा पहुँच | २० |
| २.४ | साक्षरता तथा शिक्षा | २२ |
| २.५ | स्वास्थ्य सेवा | २५ |
| २.६ | मातृत्व वृत्तान्त, जायजन्म र परिवार नियोजन | २९ |
| २.७ | बसाइँसराइ | ३३ |
| २.८ | कृषि | ३५ |
| २.९ | पारिवारिक उपभोग | ३९ |
| २.१० | पारिवारिक आम्दानी | ४१ |
| २.११ | रोजगारीको स्थिति | ४३ |
| २.१२ | तलब/ज्यालामा रोजगारी | ४५ |
| २.१३ | गैरकृषि आर्थिक क्रियाकलाप | ४८ |
| २.१४ | विप्रेषण | ४९ |
| २.१५ | परिवारले लिएको ऋण | ५१ |
| २.१६ | उपभोग र आम्दानीको पर्याप्तता | ५३ |
| २.१७ | सरकारी सुविधा | ५५ |
| २.१८ | बालबालिकाको पोषण | ५७ |
| २.१९ | प्यानल गणना-क्षेत्र र परिवार | ५८ |

**मञ्जूषाहरू**


| | | |
|---|---|---|
| मञ्जूषा १ | नेपालको भौगोलिक क्षेत्र एवं विकास क्षेत्रअनुसार जिल्ला विभाजन | १० |
| मञ्जूषा २ | नेपाल श्रमशक्ति सर्वेक्षण तथा जीवनस्तर सर्वेक्षणमा छानिएका गणना-क्षेत्र संख्या | ११ |
| मञ्जूषा ३ | भौगोलिक तथा विकास क्षेत्रअनुसार छनोटमा परेका गणना-क्षेत्र संख्या | ११ |
| मञ्जूषा ४ | भौगोलिक तथा विकास क्षेत्रअनुसार छनोटमा परेका परिवार संख्या | १२ |
| मञ्जूषा ५ | नेपाल जीवनस्तर सर्वेक्षण, १९९५/९६ - २०१०/११ | १३ |


**तालिकाहरू**


| | | |
|---|---|---|
| तालिका १ | जनसाङ्ख्यिक सूचकहरू | ६० |
| तालिका २ | आवास सम्बन्धी सूचकहरू | ६१ |
| तालिका ३ | सुविधाहरूमा परिवारको पहुँच सम्बन्धी सूचकहरू | ६३ |
| तालिका ४ | साक्षरता एवं शिक्षा सम्बन्धी सूचकहरू | ६४ |
| तालिका ५ | स्वास्थ्य सम्बन्धी सूचकहरू | ६६ |
| तालिका ६ | मातृत्व तथा परिवार नियोजन सम्बन्धी सूचकहरू | ६९ |
| तालिका ७ | बसाइँसराइ सम्बन्धी सूचकहरू | ७१ |
| तालिका ८ | कृषि सम्बन्धी सूचकहरू | ७२ |
| तालिका ९ | उपभोग खर्च सम्बन्धी सूचकहरू | ७४ |
| तालिका १० | आम्दानी सम्बन्धी सूचकहरू | ७५ |
| तालिका ११ | रोजगारीको स्थिति सम्बन्धी सूचकहरू | ७६ |
| तालिका १२ | तलब/ज्यालामा रोजगारी सम्बन्धी सूचकहरू | ७७ |
| तालिका १३ | गैरकृषि उद्यम/क्रियाकलाप सम्बन्धी सूचकहरू | ७८ |
| तालिका १४ | विप्रेषण सम्बन्धी सूचकहरू | ७९ |
| तालिका १५ | परिवारले लिएको ऋण सम्बन्धी सूचकहरू | ८० |
| तालिका १६ | उपभोगको पर्याप्तता सम्बन्धी सूचकहरू | ८२ |
| तालिका १७ | सरकारी सुविधा सम्बन्धी सूचकहरू | ८३ |
| तालिका १८ | बालबालिकाको नापजोख सम्बन्धी सूचकहरू | ८४ |

**चित्रहरू**


| | | |
|---|---|---|
| चित्र १.१.१ | क्रस सेक्सन र प्यानलमा परेका गणना-क्षेत्र र परिवार संख्या, १९९५/९६ – २०१०/११ | १४ |
| चित्र २.१.१ | उमेर समूहअनुसार जनसंख्याको प्रतिशत, १९९५/९६ – २०१०/११ | १६ |
| चित्र २.१.२ | परिवार सदस्य संख्या समूह अनुसार परिवारको प्रतिशत, १९९५/९६ – २०१०/११ | १६ |
| चित्र २.१.३ | लैङ्गिक अनुपात, आश्रित अनुपात र महिला घरमूली प्रतिशत, १९९५/९६ – २०१०/११ | १७ |
| चित्र २.२.१ | धाराको पानी, बिजुली, टेलिफोन र चर्पी प्रयोग गर्ने घरपरिवारको प्रतिशत, १९९५/९६ – २०१०/११ | २० |
| चित्र २.३.१ | सुविधामा ३० मिनट भित्रको पहुँच भएका घरपरिवारको प्रतिशत, १९९५/९६ – २०१०/११ | २२ |
| चित्र २.४.१ | १५ वर्ष र सो भन्दा बढी उमेरका वयस्कहरूको साक्षरता दर, १९९५/९६ – २०१०/११ | २४ |
| चित्र २.४.२ | ६ वर्ष र सो भन्दा बढी उमेरका हाल स्कुल/कलेजमा पढिरहेका व्यक्तिहरूको प्रतिशत, १९९५/९६ – २०१०/११ | २५ |
| चित्र २.४.३ | ६ वर्ष र सो भन्दा बढी उमेरका कहिल्यै स्कुल नगएका व्यक्तिहरूको प्रतिशत, १९९५/९६ – २०१०/११ | २५ |
| चित्र २.५.१ | दीर्घरोगी, अन्य बिरामी वा चोटपटक लागेका र अपाङ्ग व्यक्तिहरूको प्रतिशत, १९९५/९६ – २०१०/११ | २८ |
| चित्र २.५.२ | विगत ३० दिन भित्र बिरामी भएका व्यक्तिले सरकारी स्वास्थ्य संस्थामा औषधोपचार गर्दाको औसत खर्च, १९९५/९६ – २०१०/११ | २८ |
| चित्र २.६.१ | ४५ -४९ वर्ष उमेर समूहकी एक महिलाले जीवित जन्माएका औसत बच्चाबच्ची संख्या तथा कुल प्रजनन दर, १९९५/९६ – २०१०/११ | ३२ |
| चित्र २.६.२ | परिवार नियोजनका साधनको जानकारी तथा प्रयोग, १९९५/९६ – २०१०/११ | ३२ |
| चित्र २.६.३ | सुत्केरी हुँदाको अवस्था र गर्भावस्था तथा सुत्केरी भएपछि स्वास्थ्य परिक्षण गराउने महिलाहरूको प्रतिशत, २००३/०४ – २०१०/११ | ३२ |
| चित्र २.७.१ | पुरुष महिलाअनुसार बसाइँसरेका व्यक्तिहरूको प्रतिशत, २००३/०४ – २०१०/११ | ३५ |
| चित्र २.७.२ | ग्रामीण तथा नगर क्षेत्रअनुसार बसाइँसरेका व्यक्तिहरूको प्रतिशत, २००३/०४ – २०१०/११ | ३५ |
| चित्र २.८.१ | जग्गा भएका कृषक, आफ्नै जग्गामात्र कमाउने कृषक र सिञ्चित क्षेत्रफलको प्रतिशत, १९९५/९६ – २०१०/११ | ३८ |
| चित्र २.८.२ | चलन गरेको जग्गाको क्षेत्रफलको समूह अनुसार कृषकको प्रतिशत, १९९५/९६ – २०१०/११ | ३९ |
| चित्र २.९.१ | चालू मूल्यमा सरदर प्रतिव्यक्ति तथा प्रतिपरिवार उपभोग खर्च, १९९५/९६ – २०१०/११ | ४० |

| | | |
|---|---|---|
| चित्र २.९.२ | चालू मूल्यमा सबैभन्दा गरीब तथा सबैभन्दा धनी २० प्रतिशत जनसंख्याको प्रतिव्यक्ति उपभोग प्रतिशत, १९९५/९६ – २०१०/११ | ४१ |
| चित्र २.१०.१ | चालू मूल्यमा सरदर प्रतिव्यक्ति तथा प्रतिपरिवार आम्दानी, १९९५/९६ – २०१०/११ | ४२ |
| चित्र २.१०.२ | चालू मूल्यमा सबैभन्दा गरीब तथा सबैभन्दा धनी २० प्रतिशत जनसंख्याको प्रतिव्यक्ति सरदर आम्दानी, १९९५/९६ – २०१०/११ | ४२ |
| चित्र २.१०.३ | चालू मूल्यमा स्रोतअनुसार परिवारको आम्दानीको अंश, १९९५/९६ – २०१०/११ | ४३ |
| चित्र २.११.१ | श्रमशक्तिमा सहभागिता एवं रोजगारको प्रतिशत तथा विस्तारित आर्थिक काममा लागेका व्यक्तिको प्रतिशत, १९९५/९६ – २०१०/११ | ४५ |
| चित्र २.११.२ | महिला तथा पुरुषको बेरोजगारी दर, १९९५/९६ – २०१०/११ | ४५ |
| चित्र २.१२.१ | तलब/ज्याल र दैनिक ज्यालादारीमा कामगर्ने व्यक्तिहरूको प्रतिशत, १९९५/९६ – २०१०/११ | ४७ |
| चित्र २.१२.२ | चालू मूल्यमा महिला र पुरुषको दैनिक तलब/ज्याला दर, १९९५/९६ – २०१०/११ | ४७ |
| चित्र २.१३.१ | स्वामित्व, दर्ता तथा तलबी कामदारअनुसार परिवारले सञ्चालन गरेका गैरकृषि उद्यम, १९९५/९६ – २०१०/११ | ४९ |
| चित्र २.१४.१ | विप्रेषण प्राप्तगर्ने परिवारको प्रतिशत र प्राप्त विप्रेषणको अंश, १९९५/९६ – २०१०/११ | ५० |
| चित्र २.१५.१ | ऋण लिने परिवार, ऋणको उद्देश्य तथा विना धितो ऋण लिएका परिवारको प्रतिशत, १९९५/९६ – २०१०/११ | ५३ |
| चित्र २.१६.१ | परिवावले आफ्नो आवश्यकता भन्दा कम उपभोग गरेको धारणा राख्ने उत्तरदाताहरूको प्रतिशत, १९९५/९६ – २०१०/११ | ५५ |
| चित्र २.१७.१ | आफूले उपभोग गरेको सरकारी सुविधा राम्रो छैन भन्ने धारणा राख्ने उत्तरदाताहरूको प्रतिशत, १९९५/९६ – २०१०/११ | ५६ |
| चित्र २.१८.१ | पाँच वर्ष भन्दा कम उमेरका बालबालीकाको पोषण स्थिति, २०१०/११ | ५८ |


**अनुसूचीहरू**


| | | |
|---|---|---|
| अनुसूची अ१ | नेपाल जीवनस्तर सर्वेक्षणको प्रश्नावली, १९९५/९६ - २०१०/११ | ८५ |
| अनुसूची अ२ | नेपाल जीवनस्तर सर्वेक्षण २०१०/११ को पारिवारिक प्रश्नावली | ८६ |
| अनुसूची अ३ | नेपाल जीवनस्तर सर्वेक्षण २०१०/११ को सामुदायिक प्रश्नावली | ८८ |
| अनुसूची अ४ | नेपाल जीवनस्तर सर्वेक्षण दोस्रोको तुलनामा तेस्रोको पारिवारिक प्रश्नावलीमा भएका मुख्य मुख्य हेरफेर | ८९ |
| अनुसूची अ५ | नेपाल जीवनस्तर सर्वेक्षण २०१०/११ को फिल्ड टिम | ९१ |

# भाग १
# परिचय

## १.१ पृष्ठभूमि

सन् १९९५/९६ मा केन्द्रीय तथ्याङ्क विभाग (केतवि) ले सञ्चालन गरेको नेपाल जीवनस्तर सर्वेक्षण(***नेजीस***) ले देशमा पहिलो पटक नेपालीको जीवनस्तर एवं गरीबीको मात्रा नाप्ने वस्तुगत आधार तयार पाऱ्यो । यस अर्थमा यो केतविले सम्पन्न गरेको एक ऐतिहासिक सर्वेक्षण हो । यो सर्वेक्षणमा परिवारको उपभोग, आम्दानी, सुविधामा परिवारको पहुँच एवं आवास, शिक्षा, स्वास्थ्य, रोजगारी, ऋण, विप्रेषण, तथा बालबालिकाको नापतौल जस्ता विषयमा तथ्याङ्क सङ्कलन गरिएको थियो । यो सर्वेक्षणबाट प्राप्त नतिजाहरू सरकारी, गैरसरकारी तथा निजी स्तरमा समेत धेरै प्रचलित भए । सर्वेक्षणबाट प्राप्त नतिजामा यसपछिका धेरै सरकारी योजना र कार्यक्रमहरू निर्धारण गरिए ।

पहिलो पटक भएको सर्वेक्षण पछि सरकारले अपनाएका नीति तथा कार्यक्रमहरूबाट नेपालीको जीवनस्तरमा परेको प्रभाव एवं अन्य सामाजिक-आर्थिक क्षेत्रमा भएको सुधार समेत अनुगमन तथा प्रभाव मूल्याङ्कनगर्न अर्को पटक जीवनस्तर सर्वेक्षण दोहोऱ्याउने आवश्यकता महसुस भयो । यसैअनुरूप, पहिलो सर्वेक्षण भएको करिब आठ वर्ष पछि सन् २००३/०४ मा दोस्रो पटक नेपाल जीवनस्तर सर्वेक्षण सञ्चालन भयो । दोस्रो र पहिलो सर्वेक्षणबाट प्राप्त नतिजाहरूको आधारमा सरकारलाई आफ्ना नीति र कार्यक्रम अनुगमन एवं मूल्याङ्कन गर्न तथा नयाँ योजना बनाउन थप सहयोग पुग्यो ।

हाल सरकारले देशमा त्रि-वर्षीय योजना (२०६७/६८ - २०६९/७०) लागूगरेको छ । यो योजनाले "नेपालीको जीवनस्तरमा सुधार ल्याउने, गरीबीको रेखामुनि रहेका जनताको प्रतिशतलाई २१ प्रतिशतमा झार्ने, र सन् २०१५ सम्ममा सहस्राब्दी विकास लक्ष्यहरू प्राप्तगर्ने" मुख्य उद्देश्य राखेको छ । सरकारका यी प्रयत्नहरू तथा उपलब्धिहरूको मूल्याङ्कनगर्न सही, भरपर्दो एवं सामयिक तथ्याङ्कको आवश्यकता पर्दछ । यी आवश्यकताहरूलाई महसुस गरेर सरकारले दोस्रो सर्वेक्षण भएको करिब ७ वर्ष पछि पुनः यो सर्वेक्षण गर्ने निर्णय गऱ्यो र सन् २०१०/११ मा तेस्रोपटक केन्द्रीय तथ्याङ्क विभागले नेपाल जीवनस्तर सर्वेक्षण सञ्चालन गऱेको हो ।

पहिलेका सर्वेक्षणमा प्राप्त भएका नतिजाहरूका साथै यो तेस्रो सर्वेक्षणबाट प्राप्त नतिजाहरूले "नेपालीको जीवनस्तरमा भएको प्रगति अनुगमनगर्न र सरकारका विविध नीति तथा कार्यक्रमहरूले जनजीवनमा पारेको प्रभाव मूल्याङ्कनगर्न" सरकारलाई सहयोग गर्ने छ ।

## १.२ सर्वेक्षणका उद्देश्यहरू

नेपाल जीवनस्तर सर्वेक्षण २०१०/११ को उद्देश्य पनि यसभन्दा पहिलेका दुई सर्वेक्षणहरू (अर्थात् सन् १९९५/९६ को पहिलो र सन् २००३/०४ को दोस्रो सर्वेक्षण) को जस्तै छ । यो सर्वेक्षणको प्रमुख उद्देश्य देशभित्रका नमूना छनौटमा परेका परिवारहरूबाट तथ्याङ्क सङ्कलन गरी नेपालीको जीवनस्तरमा आएका परिवर्तनहरूको स्थिति र विभिन्न नीति तथा कार्यक्रमले जीवनस्तरमा पारेका प्रभावहरूबारे अध्ययन गर्न सरकारलाई सूचना प्रवाह गर्नु हो ।

यस उद्देश्य अनुरूप, यो सर्वेक्षणले पहिलेका दुई सर्वेक्षणहरूसँग तुलनागर्न मिल्ने किसिमले नेपालीको जीवनस्तर सम्बन्धी तथ्याङ्क सङ्कलन गरेको छ । सर्वेक्षणमा, देशको नगर-ग्रामीण संरचना, आवास, रोजगारी, आम्दानी-खर्च तथा अन्य आर्थिक-सामाजिक क्षेत्र सम्बन्धी स्थिति थाहा पाउन नयाँ नमुना (क्रस-सेक्सन स्याम्पल); र विगतका वर्षहरूमा परिवारमा आएको परिवर्तन अध्ययनगर्न पहिलो र दोस्रो सर्वेक्षणमा अन्तर्वार्ता लिइएका परिवार मध्येबाट एक छुट्टै प्यानल स्याम्पल पनि छनौट गरिएको थियो ।

## १.३ सर्वेक्षणका विशेषता

पहिलेका दुई सर्वेक्षणमा जस्तै, यो तेस्रो पटकको सर्वेक्षण पनि विश्व बैंकले प्रतिपादन एवं विकास गरेको जीवनस्तर मापन सर्वेक्षण विधिमा आधारित छ । यो सर्वेक्षण विश्व बैंकको आर्थिक तथा प्राविधिक सहयोगमा सम्पन्न भएको थियो ।

विश्व बैंकले विकास गरेको जीवनस्तर मापन सर्वेक्षण विधिका प्रमुख विशेषता यस प्रकार छन् :

अन्य घरपरिवार सर्वेक्षणको तुलनामा यो विधिमा तुलनात्मक रूपमा "सानो" आकारको नमूना लिइन्छ ,

- पारिवारिक सुख-समृद्धि सम्बन्धी तथ्याङ्कहरू विस्तृत रूपमा सङ्कलन गर्न बहुविषयक "एकीकृत" प्रश्नावली प्रयोग गरिन्छ,
- भरिएका प्रश्नावलीबाट फिल्डमा नै कम्प्युटरमा विवरण राख्ने र ठीकबेठीक जाँचगर्ने जस्ता तथ्याङ्क व्यवस्थापनका "नविनतम" प्रविधिहरू अपनाइन्छ,
- देशभरको प्रतिनिधित्वहुने गरेर छानिएको परिवारको समूह बाहेक प्यानल परिवारको समेत नमूना छनोट गर्ने प्रावधान छ,
- तथ्याङ्कमा आउने मौसमी प्रभाव कमगर्न एक वर्ष भर फिल्डमा तथ्याङ्क सङ्कलन गरिन्छ ।

## १.४ सर्वेक्षणको विषयवस्तु

नेपालमा सञ्चालन गरिएका अन्य प्रकारका घरपरिवार सर्वेक्षणहरू भन्दा नेपाल जीवनस्तर सर्वेक्षण भिन्न प्रकारको छ । प्रजनन् तथा पोषण जस्ता विशेष प्रकारका सर्वेक्षणहरूले खास एक क्षेत्रलाई मात्र लक्ष्यित गर्दछन् भने जीवनस्तर सर्वेक्षणले कुनै खास एक क्षेत्रलाई मात्र लक्ष्यित नगरी विभिन्न क्षेत्रहरूको सूचना तथा

जानकारीहरू सङ्कलन गर्दछ । नेपाल जीवनस्तर सर्वेक्षण तेस्रोले जनसाङ्ख्यिक, पारिवारिक उपभोग, आय, शिक्षा, स्वास्थ्य, प्रजनन, रोजगारी, कृषि, विप्रेषण, बालश्रम, बसाइँसराइ, पोषण र अन्य विविध क्षेत्रको तथ्याङ्क सङ्कलन गरेको छ । यसरी यो सर्वेक्षणले एक क्षेत्रको अर्को क्षेत्रसँगको सम्बन्धबारे अध्ययन गर्न अत्यावश्यक सूचनाको आधार तयार पारेको छ । उदाहरणको लागि, सर्वेक्षणवाट प्राप्त तथ्याङ्कको आधारमा शिक्षाको असर स्वास्थ्य र रोजगारीमा कस्तो छ भन्ने अध्ययन गर्न सकिन्छ । यसरी पारिवारिक जीवनका विभिन्न पक्षहरू बीचको अन्तर सम्बन्धहरूबारे राम्रो जानकारी भएपछि सरकारले आफ्नो नीति तथा कार्यक्रमहरूलाई अझ बढी प्रभावकारी बनाउन सक्दछ ।

अन्य घरपरिवार सर्वेक्षणको तुलनामा यो सर्वेक्षणका केही भिन्नताहरू यस प्रकार छन् :

पहिलो, यसको पारिवारिक प्रश्नावलीमा धेरै क्षेत्रहरू समेटिएका छन् । त्यसैले सामान्य प्रश्नावली भन्दा यो निक्कै लामो छ । यसमा, शिक्षा, स्वास्थ्य, मातृत्व र परिवार नियोजन, रोजगारी जस्ता विषयमा परिवारका सबै सदस्यको स्थिति थाहा पाउने उद्देश्यले परिवारको मूलीबाहेक परिवारका अन्य सदस्यहरूसँग समेत व्यक्तिगतरूपमा अन्तर्वार्ता लिई तथ्याङ्क सङ्कलन गरिएको छ ।

दोस्रो, यो सर्वेक्षणमा पनि दोस्रो पटकको सर्वेक्षणमा जस्तै प्यानल परिवारलाई पनि समावेश गरिएको भए तापनि प्यानल गणना-क्षेत्र छनौट प्रकृया केही फरक रहेको छ । यसमा दोस्रो सर्वेक्षणका अतिरिक्त पहिलो सर्वेक्षणमा अन्तर्वार्ता लिइएका परिवार पनि छानिएका छन् ।

तेस्रो, यसमा पारिवारिक प्रश्नावलीका साथसाथै सामुदायिक प्रश्नावली पनि प्रयोग गरिएको छ । प्रत्येक गणना-क्षेत्रसँग सम्बन्धित वडा/गाविसमा एक-एक वटा सामुदायिक प्रश्नावली मार्फत् हरेक वडामा उपलब्ध सेवा, सुविधा तथा अन्य विशेषताबारे तथ्याङ्क सङ्कलन गरिएको छ । ग्रामीण क्षेत्र र नगर क्षेत्रका लागि छुट्टाछुट्टै सामुदायिक प्रश्नावली प्रयोग गरिएको थियो । यसरी सङ्कलित तथ्याङ्कले परिवारबाट सङ्कलित तथ्याङ्कहरूको पूरकको काम गरेको छ ।

चौथो, गणना-क्षेत्र भित्र सङ्कलन गरिएका सबै तथ्याङ्कहरू कम्प्युटरको माध्यमबाट फिल्डमा नै Data Entry गरिएको हो । सर्वेक्षणको लागि प्रयोग गरिएको Data Entry Program तथ्याङ्क गल्ती भएको वा तथ्याङ्क लिन छुटेका विषयमा सुपरिवेक्षक र Data Entry Operator लाई सङ्केत दिने किसिमले तयार गरिएको थियो । साथै कुनै गल्ती पाइएको अवस्थामा पुनः फिल्ड जाँच गरी सच्याउनु पर्ने प्रावधान राखिएको थियो । यसले सर्वेक्षणको गुणस्तर र विश्वसनीयता बढाउन पर्याप्त मद्दत गरेको छ ।

पाँचौं, पहिलो पटक यस सर्वेक्षणमा GPS को प्रयोग गरिएको छ । यो सर्वेक्षणमा अन्तर्वार्ता लिइएका प्रत्येक परिवार बसेको ठाउँको अक्षांश र देशान्तर समेत लिइएकोले सर्वेक्षणको परिचयात्मक विवरण बढी जानकारी मूलक भएको छ ।

## १.५ गणना एकाइ

सर्वेक्षणमा गणना एकाइ भन्नाले तथ्याङ्क सङ्कलनको आधारभूत वा मुख्य एकाइलाई बुझाउँछ । जीवनस्तर सर्वेक्षण एक पारिवारिक सर्वेक्षण हो र यसको गणना एकाइ पनि परिवार नै हो ।

यो सर्वेक्षणमा, एक व्यक्ति वा एकभन्दा बढी व्यक्तिहरू मिली एउटै घरमा सँगै बसोबास गर्ने, एउटै भान्सामा खानपीन गर्ने, आम्दानी तथा खर्चको हिसाब सगोलमा गर्ने, एकजनालाई मूलीको रूपमा स्वीकारी घरायसी बन्दोबस्तका सबै कुरा सगोलमा मिलाउने गर्छन् भने त्यस्तो व्यक्ति वा व्यक्तिहरूको समूहलाई परिवार मानिएको छ । यसरी सँगै बस्ने व्यक्तिहरू नाता सम्बन्ध भएका वा नभएका दुवै हुन सक्दछन् ।

## १.६ सर्वेक्षणको विधि

**भौगोलिक तथा विकास क्षेत्र विभाजन** – सर्वेक्षण विधिको कुरागर्नु भन्दा पहिले नेपालको भौगोलिक तथा विकास क्षेत्रबारे छोटो जानकारी दिनु उपयोगी हुनेछ । नेपाललाई भू-बनोटको आधारमा उत्तर देखि दक्षिणतर्फ तीन भौगोलिक क्षेत्रमा बाँडिएको छ - हिमाल, पहाड र तराइ । यसका अतिरिक्त, प्रत्येक भौगोलिक क्षेत्रलाई पूर्वबाट पश्चिमतर्फ पाँच विकास क्षेत्रमा बाँडिएको छ - पूर्वाञ्चल, मध्यमाञ्चल, पश्चिमाञ्चल, मध्य पश्चिमाञ्चल तथा सुदूर पश्चिमाञ्चल विकास क्षेत्र । यसरी तीन भौगोलिक तथा पाँच विकास क्षेत्रहरूको गुणनबाट जम्मा १५ वटा अन्तर-क्षेत्रहरू बन्दछन् (मञ्जूषा १) ।

सैद्धान्तिक रूपमा विचारगर्दा यी सबै १५ अन्तर-क्षेत्रहरूको लागि सूचकहरू निकाल्न सकिन्छ । तर, हिमाली क्षेत्रमा परिवारको संख्या निकै कम भएको र  हिमालका पाँच क्षेत्रमा छुट्टाछुट्टै अनुमानहरू निकाल्न आवश्यक नमूना परिवारको संख्या ज्यादै सानो हुन्छ । त्यसकारण, पाँच विकास क्षेत्रका हिमाली भागहरूलाई यो सर्वेक्षणमा एकमुष्ट एक क्षेत्र बनाइएको छ ।

**छनोटको फ्रेम** – छनोटको फ्रेम (साम्पलिङ फ्रेम) भन्नाले नमूना छनौटगर्न आवश्यक पर्ने गणना एकाइहरूको लगत सूचीलाई बुझाउँछ । यो गणना-क्षेत्र, वा गणना एकाइको सूची वा नक्सा वा दुवै हुनसक्दछ ।

नेपाल जीवनस्तर सर्वेक्षण तेस्रोमा अपनाइएको छनोट विधि यसभन्दा अगाडि सम्पन्न भएको दोस्रो नेपाल श्रमशक्ति  सर्वेक्षण (२०६४/६५) को छनोट विधिमा आधारित छ । नेपाल श्रमशक्ति सर्वेक्षण दोस्रोमा प्रयोग गरिएको गणना-क्षेत्रको नक्सा तथा पारिवारिक सूचीको प्रयोग गर्दा समय र लागत कम गर्न सकिने कुरालाई ध्यानमा राखी यसो गरिएको हो ।

दोस्रो नेपाल श्रमशक्ति  सर्वेक्षण (२०६४/६५) को छनोट फ्रेमको छोटकरी विवरण यस प्रकार छ । २०५८ सालको जनगणनाबाट प्राप्त तथ्याङ्कलाई उपयोग गरेर तयार पारिएको वडा वा वडाखण्डको सूचीलाई नमूना छनोटको फ्रेम बनाइएको थियो । एउटा सिङ्गो वडा, वा ठूलो वडा भए वडाखण्ड र ३० भन्दा घटि परिवार भएको वडा भए जोडिएको अर्को वडासँग जोडेर गणना-क्षेत्र बनाइएको थियो । लगत सूची तयारगर्नु भन्दा पहिले सबै नगर क्षेत्र तथा केही ठूला ग्रामीण क्षेत्रको गहन रूपमा नक्सा बनाउने काम भएको थियो । ठूला वडाहरूको हकमा त्यसलाई टुक्रा गरी करिब २०० परिवार भएको क्षेत्रलाई अलग्गै गणना क्षेत्रको रूपमा

नक्सांकन गरिएको थियो । श्रमशक्ति सर्वेक्षणका लागि तयार गरिएको यो नक्सा जीवनस्तर सर्वेक्षणको स्थलगत कार्यमा प्रयोग गरिएको हो ।

यी गणना-क्षेत्रहरूलाई छ तहमा विभाजन गरिएको थियो - हिमालीक्षेत्र, काठमाडौं उपत्यका भित्रका नगर क्षेत्र, पहाडका अन्य नगर क्षेत्र, पहाडका ग्रामीण क्षेत्र, तराइका नगर क्षेत्र, र तराइका ग्रामीण क्षेत्र । प्रत्येक तहमा गणना-क्षेत्र छनोटगर्दा गणना-क्षेत्रमा भएका परिवार संख्यालाई आधार मानेर छानिएका थिए । यसरी नेपाल श्रमशक्ति सर्वेक्षणका जम्मा ८०० गणना-क्षेत्र मध्ये आधा ग्रामीण क्षेत्र तथा आधा नगर क्षेत्रबाट छानिएका थिए । पहिलो चरणमा गणना-क्षेत्र छनोट गर्दा वडामा भएका परिवार संख्याको समानुपातिक हिसाबले गरिएको थियो ।

दोस्रो चरणको नमूना छनोट अर्थात् अन्तर्वार्ताका लागि परिवार छनोटका लागि पहिलो चरणमा छनोट भएका प्रत्येक गणना-क्षेत्रका सबै परिवारको लगत सूची तयार गरेर सो सूचीलाई ¨परिवार छनोटको फ्रेम¨ को रूपमा प्रयोग गरिएको थियो । यो लगत तयारगर्नका लागि परिवार सूचीकरण फाराम प्रयोग गरिएको थियो । सोही लगतलाई प्रयोग गरेर नेपाल जीवनस्तर सर्वेक्षण तेस्रोको लागि पनि परिवार छानिएका हुन् ।

**<u>छनोट विधि</u>** – पहिलेका दुई सर्वेक्षणहरू जस्तै यो तेस्रो सर्वेक्षण पनि नमुना छनौट विधिमा (स्याम्प्लिङ्मा) आधारित छ । सर्वेक्षणको लागि पहिलो चरणमा वडा/वडाखण्ड छानिएको छ । वडा/वडाखण्डहरू यो सर्वेक्षणका प्राथमिक छनौट एकाइ (PSU) वा गणना-क्षेत्र हुन् ।

गणना-क्षेत्र दुई किसिमले छानिएका थिए । पहिलोमा, सर्वेक्षणका लागि देशभरको प्रतिनिधित्व हुनेगरी विभिन्न भौगोलिक क्षेत्रबाट गणना-क्षेत्रहरू छानिएका छन् । यी प्रतिनिधिमूलक गणना-क्षेत्रलाई यो सर्वेक्षणमा क्रस-सेक्सन नमुना (Cross-sectional Sample) गणना-क्षेत्र भनिएको छ । दोस्रोमा, पहिलेका दुई जीवनस्तर सर्वेक्षणमा गणना भएका क्षेत्रहरू मध्येबाट यो सर्वेक्षणका लागि केही गणना-क्षेत्रहरू छानिएका हुन् । यसरी पहिले गणना भैसकेका क्षेत्रबाट छानिएका गणना-क्षेत्रलाई प्यानल नमुना (Panel Sample) भनिएको छ । क्रस-सेक्सन तथा प्यानल नमुना दुवैको जम्मालाई संयुक्त नमूना (Combined Sample) भनिएको छ ।

**<u>क्रस-सेक्सन नमुना</u>** – नेपाल जीवनस्तर सर्वेक्षण-तेस्रोको क्रससेक्सन नमुना अन्तर्गतका ६,००० परिवारहरू तीन चरणमा छानिएका छन् ।

- <u>पहिलो चरणमा</u>, नेपाल श्रमशक्ति सर्वेक्षण, दोस्रो (२०६४/६५) को लागि छानिएका वडा/वडाखण्डहरू नै नेपाल जीवनस्तर सर्वेक्षणका लागि पहिलो चरणका गणना एकाइ (First Stage Sampling Units) मानिएका छन् ।
- <u>दोस्रो चरणमा</u>, नेपाल श्रमशक्ति सर्वेक्षण दोस्रोमा छानिएका ८०० गणना-क्षेत्र मध्येबाट नेपाल जीवनस्तर सर्वेक्षण तेस्रोको लागि ५०० गणना-क्षेत्र छानिएका हुन् । छनोट गर्दा नेपाल श्रमशक्ति सर्वेक्षणको ६ तहलाई बढाएर १४ तह बनाइएको थियो, जसमा हिमाली क्षेत्र, काठमाडौं भित्रका नगरक्षेत्र, पहाडका अन्य नगरक्षेत्र, पूर्व, मध्य, पश्चिम, मध्य-पश्चिम तथा सुदूर-पश्चिम पहाडका ग्रामीण क्षेत्र, तराइका नगरक्षेत्र, पूर्व, मध्य, पश्चिम, मध्य-पश्चिम तथा सुदूर-पश्चिम तराइका ग्रामीण क्षेत्र पर्दछन् (मञ्जूषा २) । तह

अनुसार छनोटगर्दा सबै एकाइलाई बराबर छानिने मौका दिइएको थियो र  अप्रत्यक्ष रूपमा जिल्लाको तह विभाजनलाई पनि मिलाएको थियो ।

- तेस्रो चरणमा, श्रमशक्ति सर्वेक्षण दोस्रोको लागि तयार गरिएको परिवारको सूचीलाई नमूना छान्ने फ्रेम मानेर त्यसबाट १२ परिवार छानिएका हुन् । यसबाहेक, छानिएको परिवार मध्ये कुनै परिवारको अन्तर्वार्ता लिन नसकिएको अवस्थामा सो को सट्टामा अन्तर्वार्ता लिन ६ वटा थप परिवार पनि छानिएका थिए । यी ६ वटा परिवारहरू आवश्यकता परेको अवस्थामा मात्र उपयोग गर्ने हिसाबले वैकल्पिकका रूपमा राखिएको थियो ।

**प्यानल नमुना** – नेपाल जीवनस्तर सर्वेक्षण पहिलो र दोस्रोमा गणना गरिएका १०० गणना क्षेत्रका परिवारहरूलाई यस सर्वेक्षणमा प्यानल मानिएको छ । यी १०० वटा गणना-क्षेत्रहरू मध्ये ५० गणना-क्षेत्रहरू नेपाल जीवनस्तर सर्वेक्षण दोस्रोको क्रस-सेक्सनबाट र बाँकी ५० गणना-क्षेत्रहरू उक्त सर्वेक्षणको प्यानलबाट छनौट गरिएको छ । अर्थात्, नेपाल जीवनस्तर सर्वेक्षण-तेस्रोको प्यानलका  १,२०० परिवार मध्ये आधा (६००) परिवारहरू नेपाल जीवनस्तर सर्वेक्षण दोस्रोमा पहिलो पटक तथ्याङ्क सङ्कलन गरिएका परिवार हुन् भने आधा (६००) परिवारहरू पहिलो र दोस्रो दुबै जीवनस्तर सर्वेक्षणहरूमा तथ्याङ्क सङ्कलन गरिएका परिवारहरू हुन् । नेपाल जीवनस्तर सर्वेक्षण तेस्रोका लागि छानिएका परिवार संख्याको भौगोलिक क्षेत्र अनुसार वितरण मञ्जूषा ४ मा दिइएको छ ।

**गणनाक्षेत्र संख्या** – सर्वेक्षणका लागि छानिएका जम्मा ६०० गणना-क्षेत्र हरू मध्ये ५०० गणना-क्षेत्रहरू देशका विभिन्न भौगोलिक क्षेत्रको प्रतिनिधित्व हुनेगरी नयाँ छानिएका हुन् भने बाँकी १०० गणना-क्षेत्रहरू पहिलेका दुई जीवनस्तर सर्वेक्षणमा छानिएका गणना-क्षेत्रहरू बाट छानिएका हुन् (मञ्जूषा ३)।

**परिवार संख्या** –  नेपाल जीवनस्तर सर्वेक्षणका लागि छानिएका नमूना परिवार दुई प्रकारका छन् । पहिलोमा ६,००० परिवार क्रससेक्सन गणना क्षेत्र र दोस्रोमा १,२०० परिवार प्यानल गणना क्षेत्रवाट लिइएका हुन् । यसरी ६०० गणना-क्षेत्रहरूबाट जम्मा ७,२०० परिवारहरु तथ्याङ्क सङ्कलनका लागि छानिएका थिए  (बक्स ४) ।

छानिएका जम्मा ७,२०० परिवारहरू मध्ये क्रस-सेक्सन नमूना अन्तर्गत ५,९८८ परिवारहरूको गणना गरिएको थियो । त्यसैगरी प्यानल नमूना अन्तर्गत १०३२ परिवारहरूलाई मात्र तथ्याङ्क सङ्कलनको लागि भेट्टाउन सकिएको थियो ।

**अनुमान क्षेत्र** – तथ्याङ्कको सिद्धान्त अनुसार नेपाल जीवनस्तर सर्वेक्षण तेस्रोमा लिइएको यो आकारको नमूनाले १२ अन्तर-क्षेत्रको मात्र अनुमान निकाल्न सकिने देखिएकोले सोही अनुसार यी क्षेत्रको अनुमान निकालिएको छ : हिमाली क्षेत्र, काठमाडौं उपत्यकाको नगर क्षेत्र, पहाडका अन्य नगर क्षेत्र, तराइका नगर क्षेत्र, पूर्व तराइका ग्रामीण क्षेत्र, पूर्व पहाडका ग्रामीण क्षेत्र, मध्य तराइका ग्रामीण क्षेत्र, मध्य पहाडका ग्रामीण क्षेत्र, पश्चिम तराइका ग्रामीण क्षेत्र, पश्चिम पहाडका ग्रामीण क्षेत्र, मध्य तथा सुदूर पश्चिम तराइका ग्रामीण क्षेत्र, र मध्य तथा सुदूर पश्चिम पहाडका ग्रामीण क्षेत्र । यी १२ अन्तर-क्षेत्रको संयोजनबाट पाँच विकास क्षेत्र,

तीन भौगोलिक क्षेत्र, नगर तथा ग्रामीण क्षेत्र तथा सम्पूर्ण नेपालका लागि पनि अनुमान निकालिएका छन् । यस बाहेक, परिवारको उपभोग खर्चको आधारमा बनाइएका पञ्चमक समूह (Consumption Quintile Group) अनुसार पनि अनुमानहरू निकालिएका छन् । पञ्चमक वर्गीकरणले सम्पूर्ण परिवारलाई, परिवारले गरेको उपभोगको तह अनुसार बराबर पाँच भागमा बाँडेको हुन्छ । पहिलो पञ्चमक सबैभन्दा गरीब २० प्रतिशत परिवारको समूह हो भने पाँचौं पञ्चमक सबै भन्दा धनी २० प्रतिशत परिवारको समूह हो ।

## १.७ स्थलगत कार्य संगठन

सर्वेक्षणमा स्थलगत कार्यगर्ने कर्मचारीहरू केतवि, यस अन्तर्गतका ३३ शाखा तथ्याङ्क कार्यालय र करारमा लिइएका कर्मचारी हुन् । करारमा लिइएका सबै ४० जना कर्मचारीहरू महिला थिए । महिला कर्मचारीहरू तीन ठाउँ (विराटनगर, काठमाडौं र नेपालगञ्ज) बाट अन्तर्वार्ताको आधारमा छनोट गरिएको हो ।

फिल्डमा जाने सबै कर्मचारीलाई (जनबरी १७, २०१० देखि फेब्रुअरी १४ सम्म) जम्मा २५ कार्य दिनको तालिम दिइएको थियो । तालिममा सहभागी १२० जना मध्ये १०० जना कर्मचारीहरू १२ महिनासम्म फिल्डमा खटिएर काम गरेका हुन् ।

तथ्याङ्क सङ्कलनको लागि २० वटा टोली बनाइएको थियो (परिशिष्ट तालिका अ५) र हरेक टोलीले तोकिएको निश्चित ठाउँमा गई तथ्याङ्क सङ्कलन गरेको थियो । गणना-क्षेत्रमा हिड्दा लाग्ने समय र टिमहरूका बीच कार्यभारमा सन्तुलन कायम गर्ने किसिमले गणना-क्षेत्रहरू तोकिएका थिए । केन्द्रीय तथ्याङ्क विभाग अन्तर्गतका शाखा तथ्याङ्क कार्यालयह™ रहेको ठाउँ ठेगानालाई आधार मानेर टोली बनाइएको थियो र सरदरमा एउटा टोलीले ३० वटा गणना क्षेत्रबाट तथ्याङ्क सङ्कलन गर्नुपर्ने व्यवस्था गरिएको थियो । हरेक टोलीमा एक जना सुपरिवेक्षक, तीन जना गणक र एक जना Data Entry Operator रहेका थिए । प्रश्नावलीको संवेदनशीलतालाई दृष्टिगत गरी प्रत्येक टोलीमा कम्तीमा २ जना महिला गणकहरूलाई संलग्न गराइएको थियो । हरेक टोलीमा एउटा ल्यापटप कम्प्युटर, दुईवटा जि. पि. एस. र सोलार प्यानलसेटको पनि व्यवस्था मिलाइएको थियो । यसरी प्रत्येक टोलीले एक वर्षभरि तोकिएका गणना क्षेत्रमा गई छनोटमा परेका परिवारहरूको तथ्याङ्क सङ्कलन गरेका थिए ।

## १.८ तथ्याङ्क संकलनको तरिका

हरेक गणना-क्षेत्रमा तोकिएको सर्वेक्षण टोलीले सो गणना-क्षेत्र भित्र छानिएका परिवारसँग अन्तर्वार्ता लिएर तथ्याङ्क सङ्कलन गरेका थिए । प्रत्येक गणना-क्षेत्रमा खटिएका टोलीले एक हप्तासम्म बसी सो अवधिमा छनोटमा परेका परिवारसँग पटकपटक भेटेर प्रश्नावली भरेका हुन् ।

सामान्यतया दुई देखि तीन पटकसम्म एक परिवारमा गएर प्रश्नावली भर्ने कार्य सम्पन्न गरिएको थियो । परिवारका सदस्यको संख्या, परिवारको स्वामित्वमा रहेका जग्गा जमिन, विभिन्न आर्थिक क्रियाकलाप,

परिवारमा उपभोग्य सामानहरूको उपलब्धता तथा अन्य विविध विवरणहरूले प्रश्नावली भर्न लाग्ने समय घटबढ भएको थियो ।

अन्तर्वार्ताका क्रममा परिवारले खाने गरेको नुनमा आयाडिनको मात्रा जाँच्ने काम पनि गरिएको थियो । यसै गरेर, परिवारमा भएका पाँच वर्ष मुनि उमेरका बालबालिकाको उचाइ र तौल पनि लिइएको थियो । यस बाहेक छनोटमा परेका हरेक परिवार बसेको ठाउँको अक्षांश र देशान्तर पनि रेकर्ड गरिएको थियो ।

## १.९ सर्वेक्षणको संगठन

केन्द्रीय तथ्याङ्क विभाग, घरपरिवार सर्वेक्षण शाखाले यो सर्वेक्षण सञ्चालन गरेको हो र यो सर्वेक्षणलाई दक्षतापूर्वक सञ्चालन गर्नका लागि शाखामा कार्यरत कर्मचारीहरूले सर्वेक्षण व्यवस्थापन टोलीको रूपमा काम गरेका थिए । उक्त टोलीले सर्वेक्षणका लागि केतविका सबै शाखा, राष्ट्रिय योजना आयोग, सम्बन्धित मन्त्रालयहरू तथा अन्य संस्थाहरूसँग समेत समन्वय राखेर काम गरेको थियो । सर्वेक्षण व्यवस्थापन टोलीलाई सहयोग गर्न विदेशी तथा स्वदेशी विशेषज्ञहरू समेत सर्वेक्षणमा संलग्न भएका थिए ।

यसरी, तथ्याङ्क सङ्कलन कार्यको लागि विभिन्न टोलीहरूको कामलाई संयोजन गरी तथ्याङ्क सङ्कलन कार्यलाई प्रभावकारी ढङ्गबाट सञ्चालन गर्ने व्यवस्था मिलाइएको थियो । तथ्याङ्क सङ्कलन कार्यको सुपरिवेक्षणकोलागि केन्द्रीय तथ्याङ्क विभाग र शाखा तथ्याङ्क कार्यालयका कर्मचारीहरू तथा अन्य कर्मचारीहरूलाई समेत खटाइएको थियो ।

तथ्याङ्क व्यवस्थापन सर्वेक्षणको महत्वपूर्ण पक्ष हो । यसमा Data Entry Program तयार पार्नुका साथै स्थलगतरूपमा तथ्याङ्कको गुणस्तर कस्तो छ भनेर जाँच गर्ने, सुपरिवेक्षक तथा गणकले Data Entry Program अनुसार राम्ररी काम गरेको छ, छैन हेर्नेजस्ता कामहरू पर्दछन् । टोलीका सुपरिवेक्षकलाई Data Entry Operator र गणकबाट भएका कार्यको रेखदेख, संयोजन र सुधार गर्ने जिम्मा दिइएको थियो । छनोटमा परेको गणना-क्षेत्रका सम्बन्धित वडा वा गाविसमा सामुदायिक प्रश्नावली भर्ने जिम्मा पनि सुपरिवेक्षकलाई नै दिइएको थियो ।

## १.१० सर्वेक्षणको प्रश्नावली

नेपाल जीवनस्तर सर्वेक्षण तेस्रोको प्रश्नावली पनि लगभग पहिलो र दोस्रो सर्वेक्षणको प्रश्नावली जस्तै छ । यसमा तथ्याङ्क प्रयोगकर्ताहरूको आवश्यकता एवं प्राथमिकतालाई मध्यनजर गरी प्रश्नहरूको संख्यामा भने केही वृद्धि गरिएको छ । तथ्याङ्क उपयोगकर्ता एवं तथ्याङ्क सङ्कलन गर्ने निकाय (केतवि) बीच सम्बन्ध बढी घनिष्ट बनाउने सर्वेक्षणको उद्देश्य अनुरूप प्रश्नावली तयारगर्दा सर्वेक्षणको निर्देशक समिति तथा प्राविधिक समितिका सुझावहरूलाई विशेष ध्यान दिइएको थियो । यसका लागि शुरुमा जीवनस्तर सर्वेक्षण दोस्रोको प्रश्नावलीलाई आधार बनाएर मस्यौदा तयार गरिएको थियो । पहिलेका सर्वेक्षणमा जस्तै यस पटकको प्रश्नावलीमा पनि परिवारका विविध पक्षका विवरणहरू समावेश गरिएको छ । यसमा जनसाङ्ख्यिक संरचना, आवास, शिक्षा, स्वास्थ्य, उपभोग खर्च, एवं आयका स्रोत सम्बन्धी विषयमा प्रश्नहरू राखिएका छन् त्यसैगरेर

रोजगारी तथा बसाइँसराइका प्रश्नहरूलाई पनि परिमार्जन एवं विस्तारित रूपमा समेटिएको छ । यस बाहेक, पाँचवर्ष मुनिका बालबालिकाहरूको नापजोख, परिवारमा आयोडिनयुक्त नुनको प्रयोग, पारिवारिक निर्णयमा महिला तथा पुरुषको सहभागिता आदि नयाँ विषयहरू थपिएका छन् (मञ्जूषा १) ।

प्रश्नावलीलाई कञ्चनपुर, डोटी, बाँके, रुपन्देही, कास्की, काठमाडौं, ललितपुर, नुवाकोट, दोलखा, धनुषा, धनुकुट्टा, झापा र पाँचथरमा पूर्व परीक्षण गरी सोबाट प्राप्त अनुभव तथा संभाव्य उपयोगकर्ताहरूको सुझावहरू समेतलाई समेटेर अन्तिम परिमार्जन गरिएको हो । त्यसैगरी गणना-क्षेत्रसँग सम्बन्धित वडा/गाविसकालागि सामुदायिक प्रश्नावली तयार गरिएको थियो । ग्रामीण क्षेत्र र नगर क्षेत्रका लागि छुट्टाछुट्टै सामुदायिक प्रश्नावलीहरूको पनि उक्त स्थानहरूमा पूर्व परिक्षण गरिएको थियो । पारिवारिक तथा सामुदायिक प्रश्नावलीमा समेटिएका विषयवस्तुको सारांश परिशिष्टमा (तालिका अ२ र अ३मा क्रमशः) दिइएको छ ।

## १.११ तथ्याङ्क सङ्कलन

यो सर्वेक्षणमा फेब्रुअरी २१, २०१० देखि फेब्रुअरी ५, २०११ सम्म करिब १२ महिनाको अवधिसम्म तथ्याङ्क सङ्कलन गरिएको थियो । यसरी एक वर्ष लगाएर सर्वेक्षण गर्नुको मुख्य उद्देश्य सङ्कलित तथ्याङ्कमा मौसमी असर कम गर्नु हो । १२ महिनाको सर्वेक्षण अवधिलाई गणना-क्षेत्र एवं परिवार संख्या बराबर हुने गरि जम्मा तीन मौसममा बाँडिएको थियो । सर्वेक्षण शुरु भएको एक महिना पछि र प्रत्येक मौसमको काम सकिएपछि फिल्डमा खटिएका कर्मचारीलाई केन्द्रमा बोलाई अन्तरक्रिया गरेर तथ्याङ्क सङ्कलनको सिलसिलामा आइपरेका समस्याको छलफल, कम्प्युटर प्रोग्राममा सुधार तथा अर्को चरणको तयारी गर्ने काम भएको थियो ।

## १.१२ तथ्याङ्क प्रशोधन

सर्वेक्षणका सवै २० टिमलाई एक-एक वटा ल्यापटप कम्प्युटर दिइएको थियो । बिजुली नभएको ठाउँमा कम्प्युटर चलाउन आवश्यक ब्याट्रिलाई घामबाट चार्जगर्न सोलार प्यानल पनि दिइएको थियो । ल्यापटप कम्प्युटरको सहायताले फिल्डमा नै तथ्याङ्क कम्प्युटरमा राखेर सङ्कलित तथ्याङ्कको गुणस्तर जाँच्ने, गल्ती देखिएका ठाउँमा सच्याउने काम भएको थियो । डाटा इन्ट्रीको कार्य CSpro प्याकेजमा गरिएको थियो ।

फिल्डमा नै कम्प्युटरमा तथ्याङ्क राखि सकिएको हुँदा केन्द्रमा (विभागमा) तथ्याङ्को अन्तिम चेक तथा आवश्यक परेको अवस्थामा केही कोडिङ् गरिसकेपछि लगत प्रशोधन गरेर तालिका बनाउने काम शुरु गरिएको थियो । केन्द्रमा लगत प्रशोधन तथा तालिका बनाउन STATA प्याकेज प्रयोग गरिएको थियो ।

## १.१३ तुलनात्मक संक्षेप

केन्द्रीय तथ्याङ्क विभागले अहिलेसम्म जम्मा तीनवटा नेपाल जीवनस्तर सर्वेक्षणहरू सम्पन्न गरिसकेको छ । यी सर्वेक्षणहरू विश्व बैंकले विकास गरेको जीवनस्तर मापन विधिमा आधारित छन् । तीनवटै सर्वेक्षणमा तथ्याङ्कीय छनोट विधि अपनाइएको थियो । यी सर्वेक्षणहरूका विधिको तुलनात्मक सारांश मञ्जूषा ५ मा प्रस्तुत गरिएको छ ।

नेपाल जीवनस्तर तेस्रो सर्वेक्षणमा ४९९ गणना-क्षेत्रबाट जम्मा ५,९८८ परिवारको गणना (अन्तर्वार्ता) भएको छ । यसका अतिरिक्त, यो सर्वेक्षणमा पहिलो र दोस्रो सर्वेक्षणमा गणना (अन्तर्वार्ता) भएका १,२०० परिवार मध्ये १,०३२ परिवारहरू पत्ता लगाएर गणना गरिएको छ । यो सार-संक्षेपमा ५,९८८ परिवारको सर्वेक्षणबाट प्राप्त नतिजाहरूको संक्षेप प्रस्तुत गरिएको छ ।

मञ्जूषा १ : नेपालको भौगोलिक क्षेत्र एवं विकास क्षेत्र अनुसार जिल्ला विभाजन

| भौगोलिक क्षेत्र | विकास क्षेत्र | | | | |
|---|---|---|---|---|---|
| | पूर्वाञ्चल | मध्यमाञ्चल | पश्चिमाञ्चल | मध्य-पश्चिमाञ्चल | सुदूर-पश्चिमाञ्चल |
| हिमाल | 1. ताप्लेजुङ्<br>9. संखुवासभा[c]<br>11. सोलुखुम्बु | 22. दोलखा[c]<br>23. सिन्धुपाल्चोक<br>29. रसुवा[c] | 41. मनाङ[b]<br>42. मुस्ताङ[a] | 62. डोल्पा[a]<br>63. जुम्ला[c]<br>64. कालीकोट[c]<br>65. मुगु<br>66. हुम्ला[a] | 67. बाजुरा<br>68. बझाङ[c]<br>75. दार्चुला |
| पहाड | 2. पाँचथर<br>3. इलाम[c]<br>7. धनकुटा<br>8. तेह्रथुम<br>10. भोजपुर[c]<br>12. ओखलढुङ्गा<br>13. खोटाङ्<br>14. उदयपुर[c] | 20. सिन्धुली<br>21. रामेछाप[c]<br>24. काभ्रेपलाञ्चोक<br>25. ललितपुर<br>26. भक्तपुर<br>27. काठमाडौं<br>28. नुवाकोट[c]<br>30. धादिङ्<br>31. मकवानपुर | 36. गोर्खा[c]<br>37. लमजुङ्<br>38. तनहुँ[c]<br>39. स्याङ्जा<br>40. कास्की<br>43. म्याग्दी<br>44. पर्वत[c]<br>45. बाग्लुङ्<br>46. गुल्मी<br>47. पाल्पा[c]<br>51. अर्घाखाँची | 52. प्युठान<br>53. रोल्पा<br>54. रुकुम[c]<br>55. सल्यान<br>59. सुर्खेत<br>60. दैलेख<br>61. जाजरकोट[c] | 69. अछाम[c]<br>70. डोटी<br>73. डडेल्धुरा<br>74. बैतडी |
| तराइ | 4. झापा<br>5. मोरङ्<br>6. सुन्सरी<br>15. सप्तरी<br>16. सिरहा | 17. धनुषा<br>18. महोत्तरी<br>19. सर्लाही<br>32. रौतहट<br>33. बारा<br>34. पर्सा<br>35. चितवन | 48. नवलपरासी<br>49. रुपन्देही<br>50. कपिलवस्तु | 56. दाङ[c]<br>57. बाँके<br>58. बर्दिया[c] | 71. कैलाली<br>72. कञ्चनपुर[c] |

नोट : [a]तेस्रो सर्वेक्षणको दुवै (क्रस-सेक्सन तथा प्यानल) छनोटमा नपरेको जिल्ला

[b] प्यानल छनोटमा मात्र परेको जिल्ला

[c] क्रस-सेक्सन छनोटमा मात्र परेको जिल्ला

| मञ्जूषा २ : नेपाल श्रमशक्ति सर्वेक्षण तथा जीवनस्तर सर्वेक्षणमा छानिएका गणना-क्षेत्र संख्या | | |
|---|---|---|
| तह | नेपाल श्रमशक्ति सर्वेक्षण दोस्रो | नेपाल जीवनस्तर सर्वेक्षण तेस्रो |
| हिमाल | ४१ | ३४ |
| काठमाडौं उपत्यका (शहरी क्षेत्र) | १३१ | ७२ |
| पहाडका अन्य शहरी क्षेत्र | ९२ | ४० |
| पहाडका ग्रामीण क्षेत्र | १७९ | १५५ |
| पूर्वाञ्चल ग्रामीण क्षेत्र | | ३२ |
| मध्यमाञ्चल ग्रामीण क्षेत्र | | ४० |
| पश्चिमाञ्चल ग्रामीण क्षेत्र | | ४० |
| मध्य-पश्चिमाञ्चल ग्रामीण क्षेत्र | | २८ |
| सुदूर-पश्चिमाञ्चल ग्रामीण क्षेत्र | | १५ |
| तराइका शहरी क्षेत्र | १७० | ५६ |
| तराइका ग्रामीण क्षेत्र | १८७ | १४३ |
| पूर्वाञ्चल ग्रामीण क्षेत्र | | ४० |
| मध्यमाञ्चल ग्रामीण क्षेत्र | | ४० |
| पश्चिमाञ्चल ग्रामीण क्षेत्र | | २९ |
| मध्य-पश्चिमाञ्चल ग्रामीण क्षेत्र | | २० |
| सुदूर-पश्चिमाञ्चल ग्रामीण क्षेत्र | | १४ |
| नेपाल | ८०० | ५०० |

| मञ्जूषा ३ : भौगोलिक तथा विकास क्षेत्र अनुसार छनौटमा पेरका गणना-क्षेत्र संख्या | | | | | | |
|---|---|---|---|---|---|---|
| तह | पूर्वाञ्चल | मध्माञ्चल | पश्चिमाञ्चल | मध्य-पश्चिमाञ्चल | सुदूर-पश्चिमाञ्चल | *जम्मा* |
| *क्रस-सेक्शन* | | | | | | |
| हिमाल | ९ | १३ | ० | ५ | ७ | ३४ |
| पहाड | ३६ | १२२ | ६० | ३१ | १८ | २६७ |
| तराइ | ६१ | ५५ | ३६ | २७ | २० | १९९ |
| *जम्मा* | *१०६* | *१९०* | *९६* | *६३* | *४५* | *५००* |
| *प्यानल* | | | | | | |
| हिमाल | ४ | ३ | १ | १ | २ | ११ |
| पहाड | ६ | २३ | १२ | ६ | ३ | ५० |
| तराइ | १३ | १४ | ७ | ३ | २ | ३९ |
| *जम्मा* | *२३* | *४०* | *२०* | *१०* | *७* | *१००* |
| *संयुक्त* | | | | | | |
| हिमाल | १३ | १६ | १ | ६ | ९ | ४५ |
| पहाड | ४२ | १४५ | ७२ | ३७ | २१ | ३१७ |
| तराइ | ७४ | ६९ | ४३ | ३० | २२ | २३८ |
| *जम्मा* | *१२९* | *२३०* | *११६* | *७३* | *५२* | *६००* |

| मञ्जूषा ४ : भौगोलिक तथा विकास क्षेत्र अनुसार छनोटमा पेरका परिवार संख्या | | | | | | |
|---|---|---|---|---|---|---|
| | पूर्वाञ्चल | मध्माञ्चल | पश्चिमाञ्चल | मध्य-पश्चिमाञ्चल | सुदूर-पश्चिमाञ्चल | *जम्मा* |
| | | | *क्रस-सेक्शन* | | | |
| हिमाल | *१०८* | *१५६* | *०* | *६०* | *८४* | *४०८* |
| पहाड | *४३२* | *१४६४* | *७२०* | *३७२* | *२१६* | *३२०४* |
| तराइ | *७३२* | *६६०* | *४३२* | *३२४* | *२४०* | *२३८८* |
| *जम्मा* | *१२७२* | *२२८०* | *११५२* | *७५६* | *५४०* | *६०००* |
| | | | *प्यानल* | | | |
| हिमाल | *४८* | *३६* | *१२* | *१२* | *२४* | *१३२* |
| पहाड | *७२* | *२७६* | *१४४* | *७२* | *३६* | *६००* |
| तराइ | *१५६* | *१६८* | *८४* | *३६* | *२४* | *४६८* |
| *जम्मा* | *२७६* | *४८०* | *२४०* | *१२०* | *८४* | *१२००* |
| | | | *संयुक्त* | | | |
| हिमाल | *१५६* | *१९२* | *१२* | *७२* | *१०८* | *५४०* |
| पहाड | *५०४* | *१७४०* | *८६४* | *४४४* | *२५२* | *३८०४* |
| तराइ | *८८८* | *८२८* | *५१६* | *३६०* | *२६४* | *२८५६* |
| *जम्मा* | *१५४८* | *२७६०* | *१३९२* | *८७६* | *६२४* | *७२००* |

| मञ्जूषा ५ : नेपाल जीवनस्तर सर्वेक्षण, १९९५/९६ - २०१०/११ | | | |
|---|---|---|---|
| | नेजीस १९९५/९६ | नेजीस २००३/०४ | नेजीस २०१०/११ |
| अध्ययन क्षेत्र | भौगोलिक तथा विकास क्षेत्र | | |
| नमूना छनोटको फ्रेम | वडा सूची, वडा अनुसारको परिवार संख्या (जनगणना १९९१), छनोटमा परेको गणना-क्षेत्रको परिवार सूची | वडा सूची, वडा अनुसारको परिवार संख्या (जनगणना २००१), छनोटमा परेका गणना-क्षेत्रको परिवार सूची | वडा सूची, वडा अनुसारको परिवार संख्या (जनगणना २००१), छनोटमा परेका गणना-क्षेत्रको परिवार सूची |
| तह विभाजन | भौगोलिक तथा विकास क्षेत्रमा आधारित ४ तह | भौगोलिक तथा विकास क्षेत्रमा आधारित ६ तह | भौगोलिक तथा विकास क्षेत्रमा आधारित १४ तह |
| छनोट एकाइ | | | |
| पहिलो एकाइ | वडा अथवा वडा-खण्ड वा वडा-समूह | | |
| दोस्रो एकाइ | परिवार | | |
| तथ्याङ्क सङ्कलन एकाइ | परिवार | | |
| छनोट (नमूना) को आकार | | | |
| पहिलो एकाइ | २७५ गणना-क्षेत्र (जसमध्ये २७४ को गणना भयो) | ४३४ गणना-क्षेत्र (जसमध्ये ४२१ को गणना भयो) | ६०० गणना-क्षेत्र (जसमध्ये ५९९ को गणना भयो) |
| क्रस-सेक्सन | २७५ गणना-क्षेत्र (जसमध्ये २७४ को गणना भयो) | ३३४ गणना-क्षेत्र (जसमध्ये ४२६ को गणना भयो) | ५०० गणना-क्षेत्र (जसमध्ये ४९९ को गणना भयो) |
| प्यानल | - | १०० गणना-क्षेत्र (जसमध्ये ९५ को गणना भयो) | १०० गणना-क्षेत्र (जसमध्ये १०० को गणना भयो) |
| दोस्रो एकाइ | ३,३८८ परिवार (जसमध्ये ३,३७३ परिवारको गणना भयो) | ५,२४० परिवार (जसमध्ये ५,०७२ परिवारको गणना भयो) | ७,२०० परिवार (जसमध्ये ७,०२० परिवारको गणना भयो) |
| क्रस-सेक्सन | ३,३८८ परिवार (जसमध्ये ३,३७३ परिवारको गणना भयो) | ४,००८ परिवार (जसमध्ये ३,९१२ परिवारको गणना भयो) | ६,००० परिवार (जसमध्ये ५,९८८ परिवारको गणना भयो) |
| प्यानल | - | १,२३२ परिवार (जसमध्ये १,१६० परिवारको गणना भयो) | १,२०० परिवार (जसमध्ये १,०३२ परिवारको गणना भयो) |
| अनुमान विधि | विश्व बैंकले विकास गरेको जीवनस्तर मापन विधिमा आधारित | | |
| तथ्याङ्क सङ्कलन | | | |
| पाइलट/प्रि टेष्ट | सन् १९९५ | सन् २००३ | सन् २००९ |
| मुख्य गणना | जुन १९९५ - जुन १९९६ | अप्रिल २००३ - अप्रिल २००४ | फेब्रुअरी २०१० - फेब्रुअरी २०११ |
| लगत प्रशोधन | | | |
| डेटा इन्ट्रि | ल्यापटप कम्प्युटरमा फिल्डमा नै डेटा इन्ट्रि | | |
| तालिकीकरण | STATA प्याकेजको प्रयोग गरेर केन्द्रीय तथ्याङ्क विभागमा तथ्याङ्कीय तालिकाहरू तयार | | |
| फिल्डमा कर्मचारी | ६० जना (१२ टिममा) | ३२ जना महिला सहित जम्मा ८० जना (१६ टिममा) | ४३ जना महिला सहित जम्मा १०० जना (२० टिममा) |




चित्र १.१.१ : कससेक्सन र प्यानल छनोटमा परेका गणना-क्षेत्र र परिवार सङ्ख्या, १९९५/९६ - २०१०/११

# भाग २
# नतिजा सार-संक्षेप

## २.१ जनसाङ्ख्यिकी

(तालिका १)

देशको जनसाङ्ख्यिक स्थितिको जानकारी महत्वपूर्ण हुन्छ । देशमा विकास कार्यक्रमहरू तर्जुमागर्दा जनसंख्यालाई पनि आधार बनाइन्छ । जनसंख्याको संरचनालाई वेवास्तागरेर बनाइएका लोक-कल्याणकारी नीतिहरू सफल हुँदैनन् । जनसंख्याको उमेर तथा महिला-पुरुषको संख्या देशको जनसाङ्ख्यिक संरचनाका महत्वपूर्ण विषय हुन् । उमेर अनुसार जनसंख्याको वितरण र महिला-पुरुष अनुपात जनसाङ्ख्यिक स्थितिका दुई भिन्न सूचक मानिन्छन् ।

**उमेर तथा महिला-पुरुष अनुसार जनसंख्याको वितरण** – नेपालको जनसंख्याको संरचनामा तन्नेरीहरूको प्रतिशत सवैभन्दा बढी छ । पन्ध्र वर्ष मुनिका, पन्ध्र देखि ५९ वर्ष सम्मका र ६० वर्ष र सो भन्दा बढी उमेरको जनसंख्या हेर्दा भने भिन्न प्रकारको स्थिति देखिन्छ । पन्ध्र वर्ष भन्दा मुनिको जनसंख्या ३७ प्रतिशत छ र १५-५९ उमेर समूह ५४ प्रतिशत छ । देशमा ६० वर्ष र सो भन्दा बढी उमेर भएका व्यक्तिहरू करिब ९ प्रतिशत छन् ।

**महिला-पुरुषको संरचना** – देशको समग्र जनसंख्यामा महिलाहरू पुरुषभन्दा बढी देखिन्छन् । प्रत्येक १०० जना महिलामा पुरुषको संख्या ८६ मात्र छ । अर्को शब्दमा जनसंख्याको लैङ्गिक अनुपात ८६ छ । त्यस्तै, बालबालिका र बृद्धवृद्धाहरूको उमेर समूहमा भन्दा काम गर्ने उमेर (१५ देखि ५९) समूहको लैङ्गिक अनुपात कम छ ।

**निर्भरता (आश्रित) अनुपात** – आश्रित अनुपात भन्नाले आर्थिक रूपले सक्रिय रहने उमेर (१५-५९ वर्ष) समूहको जनसंख्यामा बालबालिकाहरू (१५ वर्ष भन्दा कम) र वृद्धवृद्धाहरू (६० वर्ष र सो भन्दा बढी उमेरका व्यक्तिहरू) को अनुपातलाई बुझाउँछ । देशभरको आश्रित अनुपात हिसाबगर्दा ८४ हुन आउँछ । अर्थात्, १०० जना १५-५९ वर्ष उमेर समूहका व्यक्तिहरूको तुलनामा १५ वर्ष मुनि र ५९ वर्ष भन्दा बढी उमेर समूहका व्यक्तिहरू करिब ८४ जना रहेछन् । अथवा, आर्थिक सक्रीयताका हिसाबले हेर्दा ८४ जना व्यक्ति १०० जना व्यक्तिमा निर्भरछन् ।

**परिवारको आकार** – परिवारमा सँगै बसी एउटै भान्सामा खाने र एउटै आम्दानी खर्चले घर व्यवहार चलाउने व्यक्ति वा व्यक्तिहरूको समूहलाई परिवार मानिएकोछ । समग्रमा परिवारको औसत आकार ४.९ रहेकोछ । अर्थात्, सरदरमा एक परिवारमा ४ वा ५ जना व्यक्ति पर्दछन् । परिवारमा भएका सदस्य संख्यालाई केही विस्तृत रूपमा हेर्दा, सबैभन्दा धेरै (३५ प्रतिशत) परिवारमा ३ या ४ जना सदस्य रहेकाछन्, भने करिब एकतिहाई परिवारमा ५ या ६ जना सदस्य छन् । करिब १४ प्रतिशत परिवारमा एक वा दुई जना व्यक्ति मात्र छन् भने ७ वा सो भन्दा बढी व्यक्ति भएका परिवारहरू करिब १९ प्रतिशत छन् ।

**<u>परिवारमूलीको उमेर तथा महिला-पुरुष अनुसार संख्या</u>** – परिवारमूली भन्नाले परिवारमा परिआएका दैनिक कामकाज, खर्च र व्यवहार चलाउन सबै व्यवस्था मिलाउने मुख्य व्यक्तिलाई बुझाउँछ । नेपालमा करिब २७ प्रतिशत परिवारमूली महिला छन् । समग्रमा हेर्दा, करिब आधा परिवार (४८ प्रतिशत) मा परिवारमूली ३० देखि ४९ वर्ष उमेरका छन् । पाको उमेरका (६० वर्ष र सो भन्दा बढी उमेरका) परिवारमूलीको प्रतिशत जम्मा २० छ भने २९ वर्ष मुनिका (१० देखि २९ वर्ष सम्मका) परिवारमूली ११ प्रतिशत छन् ।

**<u>तुलनात्मक संक्षेप</u>** – नेपाल जीवनस्तर सर्वेक्षण पहिलो भए देखि यता करिब १५ वर्षको अवधिमा १५ वर्ष मुनिको जनसंख्या ४२ प्रतिशत बाट घटेर ३७ प्रतिशत भएकोछ, भने १५-५९ वर्ष समूहको जनसंख्याको प्रतिशत ५१ बाट बढेर ५४ पुगेकोछ । अर्कोतर्फ, ६० वर्ष र सो भन्दा माथि उमेरका वृद्धहरूको अनुपात ७ प्रतिशत बाट केही बढेर ९ प्रतिशत पुगेकोछ ।

निर्भरता अनुपात, पुरुष-महिला अनुपात एवं परिवारको आकार विगतको १५ वर्षमा क्रमिक रूपले घट्दैगएको देखिएकोछ । अर्कोतर्फ, महिला परिवारमूलीको प्रतिशत करिब दोब्बर भएकोछ; १४ प्रतिशतबाट बढेर २७ प्रतिशत पुगेकोछ । विगत १५ वर्षको अवधिमा सानो-परिवारको प्रतिशत पनि क्रमशः बढ्दै आएकोछ । १५ वर्ष अगाडि एक वा दुई जना सदस्य भएको परिवारको प्रतिशत करिब १० थियो भने अहिले यो १४ प्रतिशतको हाराहारीमा पुगेकोछ ।

चित्र २.१.१: उमेर समूहअनुसार जनसङ्ख्याको प्रतिशत, १९९५/९६ - २०१०/११




चित्र २.१.२: परिवारको सदस्य सङ्ख्या समूहअनुसार परिवारको प्रतिशत, १९९५/९६ - २०१०/११





चित्र २.१.३: लैङ्गिक अनुपात, आश्रित अनुपात र महिला परिवार मूली प्रतिशत, १९९५/९६ - २०१०/११

## २.२ आवास

(तालिका २)

आवास भन्नाले बसोबासको लागि प्रयोग भएको घर/डेरालाई बुझाउँछ । आवासको गुणस्तरले जनसंख्या वा व्यक्तिको समृद्धिलाई बुझाउँछ । व्यक्ति र परिवारको सुख-समृद्धि नाप्ने एउटा सूचक आवासको गुणस्तर पनि हो । आवासको गुणस्तर निर्धारणगर्ने सूचकहरूमा आवासको स्वामित्व, निर्माणमा प्रयोग भएका सामग्री, आवासको आकार, र बिजुली बत्ती, धारापानी, खाना पकाउने इन्धन, तथा सरसफाइको व्यवस्था (चर्पी, ढलनिकास सुविधा) एवं घरायसी साधनका कुरा पर्दछन् ।

**आवासको स्वामित्व** – परिवारले बसोबास गरेको आवासको स्वामित्वको आधारमा परिवारलाई आफ्नै स्वामित्वको घरमा बस्ने, अर्काको घरमा भाडा तिरेर बस्ने, अरुको स्वामित्वको घरमा भाडा नतिरी बस्ने, तथा अन्य व्यवस्था गरेर बस्ने वर्गमा विभाजन गरिएकोछ । नेपालमा करिब ९० प्रतिशत परिवार आफ्नै स्वामित्वको घरमा बस्दछन् । करिब ८ प्रतिशत परिवार अर्काको घरमा भाडा तिरेर बस्दछन् । करिब २ प्रतिशत परिवार अरुको घरमा बसे तापनि उनीहरूले भाडा तिर्नु पर्दैन ।

**कोठा तथा घरघडेरीको आकार** – एउटा परिवारले चलनगरेको औसत कोठा संख्या ४.६ छ, अर्थात्, एउटा परिवारले सरदरमा ४ देखि ५ वटासम्म कोठा चलन गरेका छन् । आवास भित्रको औसत क्षेत्रफल ६०५ वर्ग फिट पर्नआउँछ । यसमा परिवारले चलनगरेका सबै प्रकारका कोठाहरूको क्षेत्रफल पर्दछ । परिवार बसेको घर/डेराको घर-कम्पाउण्डको क्षेत्रफल औसतमा १६२५ वर्ग फिट देखिएकोछ ।

**बाहिरी गारो** – आधाजसो (४८ प्रतिशत) परिवार बसोबास गरेको घर/डेराको बाहिरी गारो माटोको जोडाइ भएका छन् । करिब २६ प्रतिशत परिवार सिमेण्टको जोडाइको गारो भएको घरमा बस्दछन् भने करिब २४ प्रतिशत परिवार काठ वा रुखका हाँगाबिँगाबाट गारो लगाइएका घरमा बस्दछन् ।

**घरको छानो** – नेपालमा सबैभन्दा बढी परिवार (३० प्रतिशत) ढुङ्गा वा टायलले छाएको घरमा बस्दछन् भने लगभग त्यत्तिनै (२८ प्रतिशत) परिवार टिन/जस्तापाताको छाना भएको घरमा बस्दछन् । २० प्रतिशत परिवार ढलान-छाना भएको घरमा र १८ प्रतिशत परिवार छ्वाली, खर, परालको छाना भएको घरमा बस्दछन् ।

**घरको जग** – करिब आधाजस्तो परिवार (४९ प्रतिशत) माटोले जडान गरिएको जग भएको घरमा बस्दछन् भने १३ प्रतिशत परिवार कङ्क्रिट ढलानको जग हालेर बनाएको घरमा बस्दछन् । त्यसै गरि करिब १४ प्रतिशत परिवार सिमेन्टको जोडाइ भएको जगमा बनाएको घरमा बस्दछन् । करिब पाँच परिवार मध्ये एक परिवार बस्ने घरको जग भने काठको खम्बा गाडेर बनाइएको छ ।

**खानेपानीको सुविधा** – सबैभन्दा धेरै परिवार (४५ प्रतिशत) ले धाराको पानी खान्छन् जसमध्ये २२ प्रतिशत परिवारको निवास भित्र नै पाइपको धारा जोडिएकोछ । करिब १७ प्रतिशत परिवार भने खुला इनार, नदी, कुवा जस्ता स्रोतको पानी खाने गर्दछन् ।

**घरायसी सुविधा** – करिब ७० प्रतिशत परिवारले बिजुली बत्ती बाल्दछन् । १३ प्रतिशत परिवारले टेलिफोनको सुविधा प्रयोग गर्दछन् । १९ प्रतिशत परिवारमा सरसफाइ वा ढल निकासको व्यवस्था छ । १० प्रतिशत परिवारले फोहोरमैला तहलगाउने वा फाल्ने व्यवस्था गरेकाछन् । ५६ प्रतिशत परिवारले चर्पीको प्रयोग गर्दछन् भने बाँकी परिवारहरू खुला मैदानमा दिसापिसाब गर्दछन् ।

**खाना पकाउने इन्धन** – नेपालमा खाना पकाउन प्रमुख इन्धनका रूपमा दाउराकै प्रयोग हुने गरेको छ । देशका करिब ६४ प्रतिशत परिवारले दाउरामा नै आफ्नो खाना पकाउँछन् । १८ प्रतिशत परिवारले खाना पकाउन ग्याँसको प्रयोग गर्दछन् । १४ प्रतिशत परिवारले गोबर गुइँठा, पातपतिङ्गर आदि प्रयोग गर्दछन् भने मट्टितेलको प्रयोगगर्ने परिवार ज्यादै थोरै (एक प्रतिशत भन्दा कम) छन् ।

**दाउराको प्रयोग** – समग्रमा देशका करिब ८४ प्रतिशत परिवारले खाना पकाउन र अन्य प्रयोजनकालागि इन्धनको रूपमा दाउरा प्रयोग गर्दछन् । यसरी, दाउरा प्रयोगगर्ने परिवारमध्ये अधिकांश (७७ प्रतिशत) आफैं दाउरा खोज्दछन् । दाउरा खोज्ने परिवारमध्ये ४४ प्रतिशत परिवारले सामुदायिक वनबाट दाउरा ल्याउँछन् भने २४ प्रतिशतले आफ्नै जग्गाको दाउरा प्रयोग गर्दछन् । २१ प्रतिशतले सरकारी वनबाट दाउरा ल्याउँछन् भने बाँकी ११ प्रतिशतले अन्यत्रबाट दाउरा ल्याउँछन् ।

**खाना पकाउने चुलो** – ५२ प्रतिशत परिवारले खाना पकाउनकोलागी माटोको चुलो प्रयोग गर्दछन् भने, करिब २२ प्रतिशतले ग्यास/मट्टितेलको चुलो प्रयोग गर्दछन् । खुला आगो बाल्ने ठाउँ, ओदानमा खाना पकाउने परिवार २० प्रतिशत छन् । अर्थात्, पाँच परिवारमा एक परिवारले खुला आगो बाल्ने ठाउँमा खाना पकाउँछन् । थोरै परिवारले (३ प्रतिशतले) मात्र धूवाँरहित चुलोको प्रयोग गर्दछन् ।

**घांसपात संकलन** – करिब ७० प्रतिशत परिवारले गाईबस्तुका लागि घाँसपात सङ्कलन गर्दछन् वा खोज्दछन् । घाँसपात सङ्कलन गर्ने परिवार मध्ये सबैभन्दा धेरै परिवारले (५७ प्रतिशतले) गाईबस्तुका लागि घाँसपात आफ्नै जग्गामा सङ्कलन गर्दछन् भने १७ प्रतिशतले सामुदायिक वनबाट घाँसपात स्याउला ल्याउँछन् ।

सरकारी वनबाट घाँसपात स्याउला ल्याउने परिवारको प्रतिशत भने अन्यको तुलनामा कम (करिब ७ प्रतिशत) छ ।

**<u>नुनको किसिम</u>** – अधिकांश परिवारले (करिब पाँच परिवारमा तीन परिवारले) सरकारले सिफारिस गरेको दुई बालबालिकाको चिन्ह (लोगो) भएको प्याकेट नुन नै प्रयोग गर्दछन् । २२ प्रतिशतले ढीके नुन प्रयोग गर्दछन् भने करिब १८ प्रतिशत परिवारले अन्य धूलो नुन प्रयोग गर्दछन् ।

**<u>नुनमा आयोडिनको मात्रा</u>** – करिब ७२ प्रतिशत परिवारले आवश्यक मात्रामा आयोडिन युक्त नुन प्रयोग गर्दछन् भने केही कम मात्रामा (१५ पिपिएम भन्दा कम) आयोडिन भएको नुन प्रयोग गर्ने परिवार २० प्रतिशत छन् । आयोडिन कत्तिपनि नभएको नुन प्रयोग गर्ने परिवारको संख्या करिब ८ प्रतिशत छ ।

**<u>तुलनात्मक संक्षेप</u>** – नेपालमा विगतका वर्षमा आफ्नै स्वामित्वको घरमा (आवासमा) बस्ने परिवारको अनुपात क्रमशः घट्दै गएको देखिन्छ । १५ वर्ष अगाडि ९४ प्रतिशत परिवार आफ्नै घरमा बस्दथे भने अहिले ९० प्रतिशत परिवार आफ्नै घरमा बस्दछन् । अर्कोतर्फ, भाडा तिरेर बस्ने परिवारको प्रतिशत पनि बढ्दै गएको छ । २०५२ सालमा २ प्रतिशत परिवार मात्र बाहाल तिरेर बस्दथे भने अहिले यो अनुपात करिब ८ प्रतिशत पुगेको छ ।

परिवारले चलनगरेको औसत कोठा संख्या तथा बस्ने घरघडेरीको क्षेत्रफल बढेकोछ, भने परिवारले चलनगरेको आवास भित्रको क्षेत्रफलमा खासै फरक आएको छैन । सिमेन्ट, कङ्क्रिटको प्रयोग तथा ढलान भएका पक्की घरमा बस्ने परिवारको प्रतिशत विगतका वर्षहरूमा क्रमशः बृद्धि हुँदै आएकोछ । १५ वर्ष अगाडि करिब ११ प्रतिशत परिवार सिमेन्टको जोडाइको गारो भएको घरमा बस्दथे भने अहिले २६ प्रतिशत परिवार यस्तो गारो भएको घरमा बस्दछन् । सिमेन्ट ढलान गरेको घरमा बस्ने परिवारको पनि यस्तै प्रकारले वृद्धि भएको छ ।

घरायसी सुविधामा पनि वृद्धि हुँदै आएको छ । १५ वर्षमा पाइप धाराको पानी पिउने सुविधा भएका परिवारको प्रतिशत ३३ बाट बढेर ४५ प्रतिशत पुगेकोछ । चर्पी प्रयोगगर्ने परिवारको प्रतिशत २२ बाट बढेर ५६ प्रतिशत पुगेकोछ । विश्व स्वास्थ्य संगठनले सिफारिस गरेको आयोडिनको मात्रा भएको नुन प्रयोगगर्ने परिवार ७२ प्रतिशत छन् ।




## २.३ सुविधामा पहुँच

(तालिका ३)

सुविधामा परिवारको पहुँचको स्तर नाप्नलाई परिवार बसेको घर/डेराबाट सम्बन्धित सुविधासम्म पुग्न लाग्ने समयलाई लिने गरिन्छ । यो सुविधासम्म पुग्नलाग्ने एकतर्फी समय हो । यसमा सुविधासम्म पुग्न प्रयोग गरिएको साधनलाई विचार गरिएकोछैन । यातायातका साधन परिवारका लागि छुट्टाछुट्टै हुनसक्छन् । यहाँ उत्तरदाताले बताएको समयलाई नै आधार बनाइएकोछ । सुविधासम्म पुग्न जति कम समयलाग्छ उति नै उक्त सुविधामा परिवार राम्रो पहुँच भएको मानिन्छ । नेपाल जीवस्तर सर्वेक्षण तेस्रोमा २४ वटा विभिन्न सुविधाहरूबारे विवरण सङ्कन गरिएकोछ । पहिलो सर्वेक्षणमा जम्मा १० सुविधाहरू र दोस्रोमा १५ सुविधाहरूबारे सोधिएको थियो ।

**प्राथमिक विद्यालय** – नेपालमा करिब ९५ प्रतिशत परिवार आधा घण्टा भन्दा कम समयमा घरबाट सबैभन्दा नजिकको प्राथमिक विद्यालयमा पुग्नसक्छन् । नजिकको प्राथमिक विद्यालय पुग्न एक घण्टा भन्दा बढी समय लाग्ने परिवारको प्रतिशत नगण्य छ ।

**स्वास्थ्य सुविधा** – करिब ६२ प्रतिशत परिवार नजिकको स्वास्थ्य चौकीबाट आधा घण्टा भन्दा कम समयको दूरीमा छन् । नजिकको सरकारी अस्पतालमा आधा घण्टा भित्र पुग्नसक्ने परिवार ३४ प्रतिशत छन् । १७ प्रतिशत परिवारलाई नजिकको स्वास्थ्य संस्थासम्म पुग्न ३ घण्टाभन्दा बढी समय लाग्छ ।

**बस स्टप** – बस स्टप कति नजिक छ भन्ने कुराले जनताको यातायातमा पहुँच कति सहज छ भन्ने कुरा जनाउँछ । दुई तिहाई परिवार (तीन परिवारमा दुई परिवार) आफ्नो घर/डेराबाट नजिकको बस स्टपसम्म आधा घण्टा भित्रै पुग्दछन् । करिब एक चौथाई परिवारलाई नजिकको बस स्टपसम्म पुग्न एक घण्टा भन्दा बढी समय लाग्छ ।

**सडक सुविधा** – सडक र बस स्टप एक आपसमा सम्बन्धित छन् । बस सार्वजनिक यातायातको सबैभन्दा चल्तीको साधन हो । सर्वेक्षणमा तीन प्रकारका सडक सम्बन्धी विवरण सङ्कलन गरिएका छन् - कालोपत्रे भएको पक्की सडक, मोटर चल्ने कच्ची सडक र मोटर नचल्ने गोरेटो/घोडेटो बाटो । सडक यातायातले मानिसलाई हिँडडुल गर्न, एक ठाउँबाट अर्को ठाउँसम्म आवतजावत गर्न सहज बनाउँछ । सरसामान ओसारपसार गर्न तथा ज्याला मजदुरीका लागि आवतजावत गर्न पनि सुविधा हुन्छ । अन्ततोगत्वा यसको सकारात्मक असर मानिसको जीवनस्तरमा पर्दछ ।

नेपालका करिब आधा (५१ प्रतिशत) परिवार पक्की सडकसम्म आधा घण्टा भित्रै पुग्दछन् । अर्कोतर्फ, १८ प्रतिशत परिवारलाई नजिकको पक्की सडकसम्म पुग्न तीन घण्टा वा बढी समय लाग्छ । कच्ची सडकमा पहुँच भने यो भन्दा राम्रो छ । देशका करिब ८० प्रतिशत परिवार मोटर चल्ने कच्ची सडकबाट आधा घण्टाको दूरीमा छन् । गोरेटो/घोडेटो बाटो भने जताततै छ - ९७ प्रतिशत भन्दा बढी परिवार आधा घण्टा भित्र यस्तो बाटोमा पुग्दछन् ।

**मुख्य बजार र हाट बजार** – मुख्य बजारबाट आधा घण्टाको दूरीमा रहेका परिवारको प्रतिशत ४५ मात्र छ । हाटबजार लाग्ने चलन भएको ठाउँमा ६४ प्रतिशत परिवार हाटबजारसम्म आधा-घण्टा भित्रै पुग्दछन् ।

**खानेपानी सुविधा** – लगभग सबै परिवार आफ्नो घर/डेराबाट आधा घण्टा भित्र खानेपानीको स्रोतमा पुग्नसक्दछन् । परिवारले खाने पानीको स्रोतसम्मको पहुँच वर्षा र हिउँदमा उस्तै-उस्तै छ ।

**बैंक** – जनताको बैंकसम्म पहुँच त्यत्ति उत्साह जनक छैन । जम्मा ४० प्रतिशत परिवारमात्र आधा घण्टा भित्र नजिकको बैंकसम्म पुग्न भ्याउँछन् । १८ प्रतिशत परिवारलाई भने नजिकको बैंकसम्म पुग्न तीन घण्टा वा सो भन्दा पनि बढी समय लाग्छ ।

**कृषि केन्द्र** – नेपालमा अधिकांश (ठूलो हिस्सा) कृषक परिवार भएकोले पनि कृषि केन्द्रसम्म कृषकको सहज पहुँचको विशेष महत्व रहन्छ । करिब ४३ प्रतिशत परिवार नजिकको कृषि केन्द्रबाट आधा घण्टाको दूरीमा रहेका छन् ।

**साझा सहकारी** – कृषिको मल, विषादि, बीउ खरीदगर्न साझा सहकारी संस्थाले कृषक परिवारलाई मद्दत पुऱ्याउँछ । यसले कृषकलाई आवश्यक कृषि सामग्री उपलब्ध गर्न सजिलो हुन्छ । करिब ५४ प्रतिशत परिवार नजिकको साझा सहकारी संस्थाबाट आधा घण्टा भन्दा कम समयको दूरीमा छन् ।

**टेलिफोन सुविधा** – यो सुविधासम्म पहुँच तुलनात्मक हिसाबले राम्रो छ । ८६ प्रतिशत परिवार आधा घण्टा भित्रमा नजिकको टेलिफोन बुथसम्म पुग्न सक्दछन् ।

**इन्टरनेट सुविधा** – देशमा इन्टरनेट सुविधा त्यत्ति सहज छैन । करिब ४४ प्रतिशत परिवार मात्र आधा घण्टा भित्र इन्टरनेट सुविधा भएको ठाउँसम्म पुग्न भ्याउँछन् ।

**तुलनात्मक संक्षेप** – पहिलो र दोस्रो सर्वेक्षणमा पनि विवरण सङ्कलन गरिएको सुविधाहरूसँग तुलना गरेर हेर्दा परिवारको सबै सुविधासम्म पहुँचमा सुधार आएको देखिन्छ । विगत १५ वर्षमा लगभग सबै सुविधाहरूमा

परिवारको पहुँच बढेको छ । आधा घण्टा भित्र विभिन्न सुविधासम्म पुग्ने परिवारको प्रतिशत बढ्दै गएको छ । पहिलो सर्वेक्षणमा जम्मा १० सुविधाबारे विवरण सङ्कलन गरिएको थियो भने पछिल्लो तेस्रो सर्वेक्षणमा २४ बटा सुविधाबारे विवरण सङ्कलन गरिएको छ । दोस्रो सर्वेक्षणमा १५ सुविधाबारे विवरण सङ्कलन गरिएको थियो ।



चित्र २.३.१: सुविधासम्म ३० मिनेट भित्रको पहुँच भएका परिवारको प्रतिशत, १९९५/९६ - २०१०/११

## २.४ साक्षरता तथा शिक्षा

(तालिका ४)

साक्षरता तथा शैक्षिक स्थिति दुवैलाई व्यक्ति तथा परिवारको महत्वपूर्ण समृद्धि सूचक मानिन्छ । देश विकासको स्तर र गतिमा यी दुई सूचकहरूको अहम् भूमिका रहन्छ ।

**साक्षरता दर** – सर्वेक्षणको परिभाषा अनुसार कसैले पढ्न र लेख्न दुवै जानेको भए मात्र साक्षर मानिन्छ । पहिलेका दुई सर्वेक्षणमा साक्षरता एवं शिक्षा सम्बन्धी प्रश्नहरू ६ वर्ष र सो भन्दा माथिका व्यक्तिलाई मात्र सोधिएको थियो भने तेस्रो सर्वेक्षणमा यी प्रश्नहरू ३ वर्ष र सो भन्दा बढी उमेरका परिवारका सबै सदस्यलाई सोधिएको छ ।

पाँच वर्ष र सो भन्दा माथिको जनसंख्याको साक्षरता दर करिब ६० प्रतिशत रहेको छ भने ६ वर्ष र सो भन्दा माथिको जनसंख्याको साक्षरता दर करिब ६१ प्रतिशत छ । ६ वर्ष र सो भन्दा बढी उमेरका महिला पुरुषको साक्षरता दरमा निकै भिन्नता देखिन्छ - पुरुषको साक्षरता दर ७२ प्रतिशत छ भने महिलाको साक्षरता दर ५१ प्रतिशत मात्र छ ।

१५ वर्ष र सो भन्दा बढी उमेरका व्यक्तिको साक्षरता दर ५६ प्रतिशत छ । यो उमेर समूहमा पनि महिलाको भन्दा पुरुषको साक्षरता दर नै बढी छ । त्यतिमात्र होइन, साक्षरता अन्तर पनि निकै बढी छ - पुरुषको साक्षरता दर ७२ प्रतिशत भएको तुलनामा महिलाको सो दर निकै कम (४४ प्रतिशत मात्र) छ ।

**शैक्षिक स्थिति** – सर्वेक्षणमा शैक्षिक स्थितिलाई प्रमुख तीन वर्गमा बाँडिएकोछ - कहिल्यै स्कुल नगएको, विगतमा स्कुल/कलेजमा पढेको र हाल स्कुल/कलेजमा पढिरहेको ।

समग्रमा हेर्दा, ६ वर्ष र सो भन्दा माथि उमेरका जनसंख्या मध्ये ३४ प्रतिशत कहिल्यै स्कुलमा गएका छैनन्, भने विगतमा स्कुल/कलेज पढेकाको प्रतिशत २८ छ र हाल स्कुल/कलेजमा पढिरहेका व्यक्तिहरूको प्रतिशत ३८ छ । महिलाहरूको सन्दर्भमा - कहिल्यै स्कुल नगएका महिलाहरू ४४ प्रतिशत छन्, विगतमा कुनै समयमा स्कुल/कलेज गएका महिला २२ प्रतिशत मात्र छन् भने हाल स्कुल/कलेज गइरहेका महिलाहरू ३४ प्रतिशत छन् । पुरुषहरूमा हाल स्कुल/कलेजमा पढिरहेकाहरू ४१ प्रतिशत छन् ।

**कहिल्यै स्कुल नजानुको कारण** – ६ वर्ष देखि २४ वर्ष समूहका व्यक्तिहरूलाई मात्र स्कुल नजानुको कारण सोधिएको छ । ६ - २४ वर्ष समूहका व्यक्तिहरू मध्ये कहिल्यै स्कुल नगएका व्यक्तिहरू करिब ९ प्रतिशत छन् । कहिल्यै स्कुल नजाने महिलाको प्रतिशत पुरुषको भन्दा धेरै बढी छ ।

कहिल्यै स्कुल नजानुका कारण मध्ये सबैभन्दा धेरै जनाले (३० प्रतिशतले) "बाबुआमाले नचाहेर" भनेका छन्, भने दोस्रो प्रमुख कारणमा "घरमा काम सघाउनु परेकोले" र त्यसपछिको अर्को कारणमा "पढ्न मन नलागेर" भन्ने जवाफ आएको छ ।  "बाबुआमाले नचाहेर" स्कुल नगएकाहरूमा पुरुष भन्दा महिला धेरै छन् - प्रतिशतमा हेर्दा महिलाको दर दोब्बरभन्दा बढी छ । सो कारण बताउने पुरुष १४ प्रतिशत छन्  भने महिला ३५ प्रतिशत छन् ।

"घरमा काम सघाउनु परेकोले" स्कुल जान नपाएका पुरुष १४ प्रतिशत छन् भने सोही कारणले स्कुल जान नपाएका महिलाहरू ३० प्रतिशत छन् । स्कुल जान "मन नलागेर" कहिल्यै स्कुल नगएको बताउनेहरूमा भने पुरुषहरूको प्रतिशत बढी छ - पुरुष ३१ प्रतिशत र महिलाको १३ प्रतिशत छन् ।

**स्कुल भर्नादर तथा औसत शैक्षिक वर्ष** – १५ वर्ष र सो भन्दा बढी उमेरका व्यक्ति मध्ये करिब ५५ प्रतिशतले विगतमा कुनै समयमा वा हाल स्कुल/कलेजमा पढेका छन् । यो अनुपात पुरुषको लागि करिब ७० प्रतिशत छ भने महिलाको लागि ४३ प्रतिशत मात्र छ । यो उमेर समूहमा पर्ने व्यक्तिहरूको औसत शैक्षिक अवधि ८ वर्ष रहेको छ । विगतमा या हाल स्कुल/कलेजमा पढेका व्यक्तिहरू मध्ये महिला पुरुषको प्रतिशतमा धेरै फरक भए तापनि उनीहरूको औसत शैक्षिक अवधिमा भने खासै फरक देखिदैन ।

**खुद उपस्थिति अनुपात** - कुनै कक्षा/तहमा भर्नाभएर हाल पढिरहेका सो कक्षा/तहका लागि सरकारले निर्धारण गरेको उमेर समूहका विद्यार्थी संख्यालाई सो कक्षा/तहका लागि निर्धारित उमेर समूहका सबै व्यक्ति संख्याले भागगर्दा आउने संख्यालाई सो कक्षा/तहको खुद उपस्थिति अनुपात भनिन्छ । उदाहरणका लागि, हाल प्राथमिक वा माध्यमिक विद्यालयमा प्राथमिक तहमा पढिरहेका  प्राथमिक तहका लागि निर्धारित उमेर समूहका विद्यार्थी संख्यालाई सो तहका लागि निर्धारित उमेर समूहका सम्पूर्ण व्यक्ति संख्याले भागगरेर आएको संख्यालाई प्राथमिक तहको खुद उपस्थिति अनुपात भनिन्छ । अर्थात्, प्राथमिक तहको लागि निर्धारित उमेर समूहका अहिले प्राथमिक वा माध्यमिक विद्यालयमा पढिरहेका विद्यार्थी संख्या र प्राथमिक तहको लागि निर्धारित उमेर समूहका सम्पूर्ण व्यक्ति संख्याबीचको अनुपात नै प्राथमिक तहको खुद उपस्थिति अनुपात हो ।

समग्रमा, प्राथमिक तह, निम्न माध्यमिक तह र माध्यमिक तहको खुद उपस्थिति दर क्रमशः ६९, २७, १५ रहेको छ। महिला र पुरुषको खुद उपस्थिति दरमा धेरै फरक छैन।

**<u>स्कुल/कलेजको किसिम</u>** – यसमा विद्यार्थीले हाल पढिरहेको स्कुल/कलेजको किसिम लिइएको छ। अधिक विद्यार्थीहरू सरकारी वा सामुदायिक शैक्षिक संस्थामा पढ्ने गर्दछन्। करिब ७२ प्रतिशत विद्यार्थीहरू सरकारी/सामुदायिक शैक्षिक संस्थामा पढिरहेका छन्। निजी शैक्षिक संस्थामा पढ्ने विद्यार्थीहरू करिब २७ प्रतिशत छन्।

**<u>पढाइ छोड्नुको कारण</u>** – करिब एक चतुर्थांश (२५ प्रतिशत) विद्यार्थीले "पढाइ राम्रोगर्न नसकेर" बीचैमा पढाइ छोड्दछन्, र २२ प्रतिशतले "घरमा काम सघाउनु परेकोले" पढाइ छोड्दछन्। "बाबुआमाले नचाहेर" बीचैमा पढाइ छोड्नेहरू ६ प्रतिशत छन्।

**<u>तुलनात्मक संक्षेप</u>** – विगत १५ वर्षमा शिक्षाका सबैजसो सूचकहरूमा सुधार भएको देखिन्छ। १५ वर्ष वा सो भन्दा बढी उमेरका व्यक्तिहरूको साक्षरता दर ३६ प्रतिशतबाट बढेर ५६ प्रतिशत पुगेको छ। यो उमेर समूहका महिलाहरूको साक्षरता दरमा पुरुषको भन्दा केही बढी सुधार भएको छ।

सन् १९९५/९६ को सर्वेक्षणमा कुनै समयमा कहिल्यै कुनै शैक्षिक संस्थामा भर्ना भएर पढेका १४ वर्ष माथिका व्यक्तिहरू ३४ प्रतिशत थिए भने सन् २०१०/११ मा आएर यो प्रतिशत ५५ पुगेको छ। यीनीहरूको औसत शैक्षिक अवधि ७ बाट विगत १५ वर्षमा एक वर्ष बढेर सन् २०१०/११ मा ८ वर्ष पुगेको छ।

नेपाल जीवनस्तर तेस्रो सर्वेक्षणकाअनुसार प्राथमिक तह, निम्न माध्यमिक तह र माध्यमिक तहको खुद उपस्थिति दर क्रमशः ६९, २७, १५ प्रतिशत रहेको छ। पहिलेका दुई सर्वेक्षणहरूमा भने खुद उपस्थिति दर को सट्टा खुद भर्ना दर प्रकाशित गरिएको छ। जसअनुसार, सन् १९९५/९६ मा प्राथमिक तहको खुद भर्नादर ५७ प्रतिशत मात्र भएकोमा सन् २००३/०४ मा यो दर ७२ पुगेको थियो। यसै अवधिमा, निम्न माध्यमिक तहको दर १९ बाट २९, र माध्यमिक तहको दर ९ बाट बढेर १५ प्रतिशत पुगेको थियो। यी सबै तहमा पुरुषको भन्दा महिलाको खुद भर्ना बृद्धि दर बढी तीब्र रहेको छ।

सरकारी/सामुदायिक स्कुल/कलेजमा पढ्ने विद्यार्थीहरूको प्रतिशत घटेको छ भने निजी स्कुल/कलेजहरूमा पढ्ने विद्यार्थीहरूको प्रतिशत बढेको छ।

चित्र २.४.१: १५ वर्ष र सो भन्दा बढी उमेरका वयस्कहरुको साक्षरतादर, १९९५/९६ - २०१०/११



चित्र २.४.२: ६ वर्ष र सो भन्दा बढी उमेरका हाल स्कुल/कलेजमा पढिरहेका व्यक्तिहरुको प्रतिशत, १९९५/९६ - २०१०/११




चित्र २.४.३: ६ वर्ष र सो भन्दा बढी उमेरका कहिल्यै स्कुल नगएका व्यक्तिहरुको प्रतिशत, १९९५/९६ - २०१०/११




## २.५ स्वास्थ्य सेवा

(तालिका ५)

सर्वेक्षणको यो खण्ड अन्तर्गत दीर्घ रोग, चोटपटक तथा बिमार, स्वास्थ्य संस्थाको प्रकार, बिरामी हुँदा जँचाएको, बिरामी पर्दाको खर्च, तथा बालबालिकाको खोपका विवरणहरू पर्दछन् । यस बाहेक एचआइभी/एड्स् सम्बन्धी विवरण पनि पर्दछन् । २०१०/११ को तेस्रो सर्वेक्षणमा परिवारका सदस्यमा भएको अपाङ्गता सम्बन्धी विवरण पनि लिइएको छ ।

स्वास्थ्य सम्बन्धी प्रश्नहरू परिवारका सबै उमेरका सदस्यहरूलाई सोधिएको छ भने एचआइभी/एड्स् सम्बन्धी विवरण १० वर्ष र सो भन्दा बढी उमेरका र खोपको विवरण ५ वर्ष मुनिका सदस्यलाईमात्र सोधिएको छ ।

**अपाङ्गता** – परिवारका सदस्यमा भएको अपाङ्गताको विवरण सबै उमेरका व्यक्तिलाई सोधिएको छ। समग्रमा, ४ प्रतिशत व्यक्तिमा कुनै एक प्रकारको वा वहु अपाङ्गता छ । अपाङ्गता भएका मध्ये २९ प्रतिशतमा शारीरिक अपाङ्गता छ । २२ प्रतिशतमा दृष्टि सम्बन्धी र २३ प्रतिशतमा सुनाइ सम्बन्धी अपाङ्गता छ । श्रवण-दृष्टिविहीन २ प्रतिशत छन् । स्वर सम्बन्धी, मानसिक तथा बहु-अपाङ्गता भएका व्यक्तिहरूको अनुपात क्रमशः ९, ७ र ७ प्रतिशत छ ।

**दीर्घरोग** - यो सर्वेक्षणमा दीर्घरोग भन्नाले लामो समय देखि शरीरलाई दुःख कष्ट दिइरहेको पुरानो रोगलाई बुझाउँछ । सर्वेक्षणमा यी पुराना रोगबारे विवरण लिइएको छ - मुटुसम्बन्धी, स्वासप्रस्वास सम्बन्धी, दम, छारेरोग, अर्वुद, मधुमेह, मृगौला/कलेजोको रोग, बाथ, स्त्रीरोग, पेसागत रोग, उच्च/न्यून रक्तचाप, ग्याष्ट्रिक्स, अल्सर तथा आन्द्राको रोग ।

समग्रमा हेर्दा, नेपालमा दीर्घरोगीहरू १२ प्रतिशत छन् । दीर्घरोग पुरुषमा भन्दा महिलाहरूमा बढी देखिन्छ - १० प्रतिशत पुरुष दीर्घरोगी छन् भने १३ प्रतिशत महिला यो रोगबाट पीडित छन् । दीर्घरोगीहरू मध्ये सबैभन्दा धेरै ३० प्रतिशत अल्सर तथा आन्द्राको रोगी छन् । अरु बढी प्रतिशत भएका दीर्घरोगीहरूमा बाथ (१५ प्रतिशत), उच्च/न्यून रक्त चाप (११ प्रतिशत), दम (१० प्रतिशत), मुटु (६ प्रतिशत) तथा मधुमेह (५ प्रतिशत) रहेका छन् । मुटु, अल्सर तथा आन्द्रा र बाथ रोग हुने महिला दीर्घरोगीहरूको प्रतिशत पुरुषको भन्दा बढी छ भने, दम, मधुमेह, मृगौला र रक्तचापका रोगीहरूमा पुरुषहरूको प्रतिशत बढी छ ।

**३० दिनमा देखिएको स्वास्थ्य समस्या** - यसमा सर्वेक्षणको दिन भन्दा ३० दिन अगाडिको अवधिमा परिवारको सदस्यलाई लागेको दीर्घ रोग बाहेक अरु सबै रोग वा चोटपटक पर्दछ । अन्तर्वार्ताको दिन देखि अगाडि ३० दिनको अवधि भित्र लागेको कुनै रोग/बिमार वा चोटपटकको विवरण मात्र सर्वेक्षणमा लिइएको छ ।

विगत ३० दिनमा कुनै रोग/बिमार वा चोटपटक लागेका परिवारका सदस्यहरू २० प्रतिशत छन् । बिमार भएका वा चोटपटक लागेका मध्ये सबै भन्दा धेरैलाई (३१ प्रतिशतलाई) रुघाखोकीको ज्वरो आएको र त्यसपछि अर्को बिमारमा अन्य प्रकारको ज्वरो (२४ प्रतिशत) देखिन्छ । अन्य बिमारमा झाडा पखाला (१६ प्रतिशत) र चोटपटक (५ प्रतिशत) पर्दछन् ।

**बिमार वा चोटपटकको जाँच** - विगत ३० दिन भित्र बिरामी भएका वा चोटपटक लागेकाहरू मध्ये ६९ प्रतिशतले जँचाएका छन् । २८ प्रतिशतले स्वास्थ्यकर्मी (प्यारामेडिक) सँग, २४ प्रतिशतले डाक्टरसँग र १६ प्रतिशतले औषधी पसलमा जँचाएका छन् । करिब १ प्रतिशतले धामीझाँक्रीसँग उपचार गराएका छन् ।

**जँचाएको संस्था –** विगत ३० दिन भित्र बिरामी भई वा चोटपटक लागि जँचाएकाहरू मध्ये ६३ प्रतिशत बिरामी प्राइभेट स्वास्थ्य संस्था वा औषधी पसलमा जँचाउन जाने गर्दछन् भने बाँकी ३७ प्रतिशत सरकारी स्वास्थ्य सुविधामा जानेगर्दछन् । चारजना बिरामीमा एकजना बिरामी औषधि पसलमा आफ्नो जाँच गराउन जाने गर्दछन् । प्राइभेट क्लिनिकमा जँचाउन जानेहरूको प्रतिशत अझै बढी (२८ प्रतिशत) छ । सरकारी अस्पतालमा जानेहरू १४ प्रतिशत छन् भने अन्य सरकारी स्वास्थ्य संस्थामा जानेहरू २३ प्रतिशत छन् ।

**स्वास्थ्य सेवामा खर्च -** समग्रमा हेर्दा, सरकारी स्वास्थ्य संस्थामा जँचाएको खर्च चालू मूल्यमा औसत रु. १,१६७ पर्दछ भने प्राइभेट स्वास्थ्य संस्थामा औसत रु. १,०१० पर्दछ । खर्चको प्रकारअनुसार हेर्दा, सरकारी स्वास्थ्य संस्थामा जँचाउँदा रोग निदानको खर्च सरदरमा रु. ३१२, औषधिमा रु. ७२२ र यातायात खर्च रु. १३३ पर्ने देखिन्छ । अर्कोतर्फ, प्राइभेट स्वास्थ्य संस्थामा जँचाउँदा रोग निदानको खर्च सरदरमा रु. १९१, औषधिमा रु. ७४८ र यातायात खर्च रु. ७० पर्दछ ।

**खोपको विवरण** - यहाँ ५ वर्ष मुनिका बालबालिकाहरूलाई दिएको खोपको विवरण लिइएको छ । उपयुक्त समयमा दिइएको खोपले बालबालिकामा रोगको प्रतिरोधगर्ने क्षमता बढाउँछ । यस्ता खोपहरूमा बिसिजी, डिपिटी, पोलियो, दादुरा र हेपाटाइटिस-बी खोप पर्दछन् ।

बिसिजी र दादुराकोखोप एक-एक मात्रा, डिपिटी र पोलियोको खोप तीन-तीन मात्रा (जम्माजम्मी ८ मात्रा) दिएको बालक/बालिकालाई खोप "पूरा" भएको वा "पूर्ण प्रतिरक्षित" मानिन्छ भने यो ८ मात्रा भन्दा कम खोप लिएको बालक/बालिकालाई "आंशिक" खोप दिएको वा "आंशिक प्रतिरक्षित" मानिन्छ । कुनै खोप नदिइएकालाई रोगबाट "अप्रतिरक्षित" मानिन्छ । १२ महिना देखि ५९ महिना उमेर समूहका बालबालिका मध्ये ६४ प्रतिशतले सबै पूरा खोप लिएका छन् भने ३३ प्रतिशतले आंशिक खोप लिएका छन् । एउटा पनि खोप नलिनेको प्रतिशत ३ प्रतिशत रहेको छ ।

**एच्आइभी/एड्स्** - परिवारका १० वर्ष र सो भन्दा बढी उमेरका सबै सदस्यहरूसँग एच्आइभी/एड्स् सम्बन्धी विवरण लिइएको छ । यो उमेर समूहका उत्तरदातालाई एच्आइभी/एड्स् र सो बाट बच्ने उपायबारे सामान्य जानकारी भए नभएको सोधिएको छ ।

समग्रमा, ५९ प्रतिशत उत्तरदाताले एच्आइभी/एड्स् सम्बन्धमा केही जानकारी राख्दछन् । जानकारी भएको हिसाबले महिलाहरू भन्दा पुरुषको अनुपात बढी छ ।

**जानकारीका मुख्य स्रोतहरूमा** - एच्आइभी/एड्स्को जानकारीका स्रोतहरूमा रेडियो (३९ प्रतिशत) सबैभन्दा प्रचलित छ । अरु स्रोतहरूमा, पाठ्यपुस्तक (२८ प्रतिशत), नातेदार/साथीहरू (१३ प्रतिशत), टेलिभिजन (११ प्रतिशत), स्वास्थ्यकर्मी (५ प्रतिशत) र पर्चाअखबार (४ प्रतिशत) पर्दछन् ।

**एच्आइभी/एड्स् बाट बच्ने उपाय** सम्बन्धमा उत्तरदाताको व्यक्तिगत धारणा सोधिएको छ । एक जना उत्तरदाताले एक भन्दा बढी उपाय पनि बताउन सक्ने प्रावधान अनुसार विवरण सङ्कलन गरिएको छ । सर्वेक्षणको नतिजा अनुसार १९ प्रतिशत उत्तरदातालाई यसबाट बच्ने कुनै उपाय थाहा छैन । बच्ने उपाय अनुसार उत्तरदाताको प्रतिशत यस प्रकार छ - यौन सम्पर्क पटक्कै नगर्ने (१८ प्रतिशत), कण्डमको प्रयोगगर्ने (५० प्रतिशत), एकजनासँग मात्र यौन सम्पर्क गर्ने (३६ प्रतिशत), थोरै व्यक्तिसँगमात्र यौन सम्पर्कगर्ने (९ प्रतिशत), यौनकर्मीसँग यौनसम्पर्क नगर्ने (१६ प्रतिशत), लागू पदार्थको सुई प्रयोग नगर्ने (२७ प्रतिशत), अरुको रगत नलिने (२६ प्रतिशत), ब्लेडको प्रयोग नगर्ने (१४ प्रतिशत) र अन्य उपाय (११ प्रतिशत) ।

**तुलनात्मक संक्षेप** - दीर्घरोगीको प्रतिशत विगत १५ वर्षमा विस्तारै बढ्दै गएको छ । सन् १९९५/९६ मा दीर्घरोगी ६ प्रतिशत रहेकोमा तेस्रो सर्वेक्षणमा आइपुग्दा १२ प्रतिशत पुगेको छ । तर १५ वर्ष अगाडि विगत

३० दिनमा बिरामी भएका वा चोटपटक लागेका व्यक्तिहरूको प्रतिशत ९ मात्र थियो भने सन् २०१०/११ मा यो बढेर २० प्रतिशत पुगेको छ । तीनवटै सर्वेक्षणहरूमा ज्वरो आएर बिरामी परेको भन्ने व्यक्तिहरूको प्रतिशत सबैभन्दा बढी छ ।

झाडा पखाला लागेको व्यक्तिहरूको प्रतिशत भने विगत १५ वर्ष देखि उस्तै-उस्तै छ । यो अवधिमा स्वास प्रस्वासका रोगीहरूको प्रतिशत भने केही घटेको छ ।

चोटपटक वा रोग/बिमार लागेका व्यक्तिहरू मध्ये कसैसँग पनि नजँचाउने व्यक्तिहरूको प्रतिशत विगतका वर्षहरूमा घट्दै आएको छ । सन् १९९५/९६ मा ३४ प्रतिशत रहेको यो अनुपात सन् २०१०/११ मा घटेर ३१ प्रतिशतमा झरेको छ ।

डाक्टरसँग जँचाउने व्यक्तिहरूको अनुपात पनि ३५ प्रतिशतबाट घटेर २४ प्रतिशत भएको छ । औषधि पसलमा र स्वास्थ्यकर्मीसँग जँचाउनेको प्रतिशत भने बढेको छ । विगत १५ वर्षमा "पूरा" मात्रा खोप दिने बालबालिकाहरूको अनुपात पनि बढेको छ ।

चित्र २.५.१: दीर्घरोगी, अन्य बिरामी वा चोटपटक लागेका र अपाङ्ग व्यक्तिहरुको प्रतिशत, १९९५/९६ - २०१०/११




चित्र २.५.२: विगत ३० दिन भित्र बिरामी भएको व्यक्तिले सरकारी स्वास्थ्य संस्थामा उपचार गर्दा लागेको सरदर खर्च, २००३/०४ - २०१०/११



## २.६ मातृत्व वृत्तान्त र परिवार नियोजन

(तालिका ६)

यो खण्डमा गर्भावस्थाको वृत्तान्त, गर्भावस्था र सुत्केरी भएपछिको जाँच/हेरचाह, परिवार नियोजनका साधनहरूको ज्ञान तथा प्रयोग, र पारिवारिक निर्णयमा महिलाको सहभागिता सम्बन्धी विवरण सङ्कलन गरिएको छ ।

परिवारमा जन्मेका छोराछोरीको संख्याले सो परिवारको आर्थिक-सामाजिक अवस्थालाई सोझै असर गर्दछ । विभिन्न सर्वेक्षणहरूले परिवारमा जन्मेका छोराछोरीको संख्या र गरीबीको स्तरबीच घनिष्ट धनात्मक सम्बन्ध रहेको देखाएका छन् । त्यस्तै, मातृ स्वास्थ्य र परिवार नियोजनको अवस्थाले पनि जनसंख्याको गुणस्तरमा प्रभाव पार्दछ ।

सर्वेक्षणमा, गर्भावस्थाको विवरण १५ वर्ष देखि ४९ वर्षसम्मका विवाहित महिलाहरूसँग लिइएकोछ । गर्भावस्थामा, सुत्केरी हुँदा र सुत्केरी भएपछि आमाको स्वास्थ्य जाँचको विवरण ३६ महिना भित्र बच्चा जन्माएका महिलाहरूसँग लिइएकोछ, भने परिवार नियोजनका साधनहरूबारे १५ वर्ष देखि ४९ वर्ष उमेरका हाल विवाहित महिलाहरूसँग लिइएको छ । पारिवारिक निर्णय सम्बन्धी विवरणहरू महिला परिवारमूली वा पुरुष परिवारमूलीको श्रीमतीसँग लिइएका छन् ।

**हालसम्म जीवित जन्मेका बच्चबच्ची** - आमाको उमेर समूहअनुसार महिलाले हालसम्म जीवित जन्माएका बच्चाबच्चीहरूको औसत संख्याले जनसंख्याको प्रजननको अवस्था दर्शाउँछ । यस्तो औसत संख्या आमाको उमेर समूहअनुसार निकालिएमा मात्र सार्थक हुन्छ ।

सर्वेक्षणअनुसार, ४५ वर्ष देखि ४९ वर्ष उमेर समूहका महिलाले जन्माएका बच्चाबच्चीहरूको औसत संख्या ४.२ रहेको छ ।

कुल प्रजनन् दर - कुनै खास समय वा अवधिमा रहेको प्रजननदर कायम रहेमा एउटी महिलाले आफ्नो जीवनकालमा अर्थात् आफ्नो प्रजनन उमेर अवधिमा सरदर कति बच्चाबच्ची जन्माउँछिन् भन्ने कुरा कुल प्रजनन दरले बताउँछ । यो एक काल्पनिक सूचक हो तापनि यसलाई प्रजननको भरपर्दो सूचक मान्ने गरिएको छ ।

सर्वेक्षणअनुसार, नेपालको कुल प्रजननदर ३.४ अनुमान गरिएको छ । यो "परोक्ष" अनुमान विधिबाट निकालिएको कुल प्रजनन दर हो । प्रत्यक्ष अनुमान विधिबाट निकालिएको कुल प्रजनन दर भने २.७ हुन आउँछ ।

**सुत्केरी भएको ठाउ र  सुत्केरीहुदा सहयोगी** - अधिकांश बच्चाको जन्म (६७ प्रतिशत) घरमा हुने गर्दछ । यसपछिको अर्को चलनचल्तीको ठाउँ अस्पताल (२६ प्रतिशत) हो । प्राथमिक स्वास्थ्य केन्द्रमा करिब ६ प्रतिशत महिलाहरूले बच्चा जन्माउँछन् ।  बच्चा जन्मदा (महिला सुत्केरी हुँदा) अधिकांश अवस्थामा (५८ प्रतिशत

अवस्थामा) परिवारका सदस्य वा छिमेकीहरूले सहयोगगर्ने गर्दछन् । एक तिहाई महिलालाई सुत्केरीहुँदा स्वास्थ्यकर्मीले र करिब ७ प्रतिशत महिलालाई सुत्केरी हुँदा सुडेनीले सहयोग गर्दछन् ।

**गर्भावस्थामा र सुत्केरी पश्चात् स्वास्थ्य परीक्षण** - विगत ३६ महिना भित्र बच्चा जन्माएका सबै महिला मध्ये ७८ प्रतिशत महिलाले गर्भावस्थामा स्वास्थ्य परीक्षण गराउँछन् । परीक्षण गराउने महिला मध्ये ८४ प्रतिशतले सरकारी स्वास्थ्य संस्था/सुविधामा जँचाउँछन् भने बाँकी १६ प्रतिशतले प्राइभेट स्वास्थ्य संस्था/सुविधामा जँचाउँछन् ।

सुत्केरी भएपछि २० प्रतिशत आमाहरूले स्वास्थ्य परीक्षण गराउँछन् । यसरी स्वास्थ्य परीक्षण गराउने आमाहरू मध्ये ७८ प्रतिशत सरकारी स्वास्थ्य संस्था/सुविधामा जँचाउन जान्छन् भने बाँकी २२ प्रतिशतले प्राइभेट स्वास्थ्य संस्था/सुविधामा जँचाउँछन् ।

**परिवार नियोजनको ज्ञान तथा साधनको उपयोग** – १५ वर्ष देखि ४९ वर्षसम्मका हाल विवाहित महिलाहरू मध्ये ८३ प्रतिशत महिलालाई परिवार नियोजनको कुनै-न-कुनै साधनबारे थाहा छ, ५४ प्रतिशत महिलाले कुनै-न-कुनै समयमा परिवार नियोजनको साधन प्रयोग गरेका छन् र ३९ प्रतिशत दम्पतीले हाल परिवार नियोजनका साधन प्रयोग गरिरहेका छन् ।

**परिवार नियोजनका साधनबारे थाहा पाएको स्रोत** - सर्वेक्षणमा परिवार नियोजनका साधनबारे १५ देखि ४९ बर्षका हाल विवाहित महिलाहरूले कहाँबाट थाहा पाउँछन् भन्ने विवरण पनि लिइएको छ । जानकारीका स्रोतहरू मध्ये रेडियो सबै भन्दा प्रचलित छ । ३२ प्रतिशतले रेडियो मार्फत् जानकारी पाउँछन् । दोस्रो चल्तीको स्रोतमा साथीभाइ र नातेदारहरू पर्दछन् (२७ प्रतिशत), त्यसपछि तेस्रो स्थानमा स्वास्थ्यकर्मीहरू (१८ प्रतिशत) आउँछन् । करिब ८ प्रतिशतले पाठ्यपुस्तक बाट जानकारी पाउँछन्, ७ प्रतिशतले टेलिभिजन हेरेर जानकारी पाउँछन् । त्यसैगरी ७ प्रतिशत महिलाहरूले आफ्ना श्रीमान्बाट परिवार नियोजनका साधनहरूबारे जानकारी पाउँछन् ।

**प्रयोग गरेका परिवार नियोजनका साधनको प्रकार** - १५ देखि ४९ वर्षसम्म उमेरका हाल विवाहित महिलाहरूलाई आफूले वा उनीहरूका श्रीमान्ले प्रयोग गरिरहेका परिवार नियोजनका साधनका प्रकारबारे सोधिएको छ । करिब १२ प्रतिशतले कण्डम प्रयोग गर्दछन् भने ४१ प्रतिशतले अन्य अस्थायी साधन प्रयोग गर्दछन् । भ्यासेक्टोमी र ल्यापरस्कोपी/मिनिल्यापगर्ने पुरुष र महिलाहरू क्रमशः १५ र ३२ प्रतिशत छन् । परम्परागत विधि अपनाउने दम्पतीहरूको प्रतिशत नगण्य छ ।

**परिवार नियोजनका साधन प्राप्तगर्ने स्रोत** - परिवार नियोजनका साधन प्रयोगगर्ने दम्पती मध्ये ४७ प्रतिशत यस्ता साधन लिन सरकारी स्वास्थ्य संस्था/सुविधामा जाने गर्दछन् भने ११ प्रतिशतले प्राइभेट स्वास्थ्य संस्था/सुविधाबाट यस्ता साधन प्राप्त गर्दछन् । ३१ प्रतिशत दम्पतीले परिवार नियोजनका साधनहरू औषधि पसलबाट किन्ने गर्दछन् । स्वास्थ्यकर्मीहरूबाट साधन प्राप्तगर्ने दम्पतीहरू करिब १० प्रतिशत छन् ।

**परिवार नियोजनको साधन प्रयोग नगर्नुको कारण** - परिवार नियोजनका साधन प्रयोग नगर्नुको प्रमुख कारणमा "श्रीमान् घरमा नभएकोले" आउँछ - ३२ प्रतिशत महिलाले यस कारणले परिवार नियोजनको साधन प्रयोग

गर्दैनन् । अर्को प्रमुख कारणमा "बच्चा चाहिएकोले" पर्दछ - २८ प्रतिशत दम्पतीले यसकारण कुनै साधन प्रयोग गर्दैनन् । "श्रीमान्ले नमानेर" भन्ने महिलाहरू ३ प्रतिशत छन् ।

**पारिवारिक निर्णयमा महिलाको सहभागिता** - पारिवारिक निर्णयमा महिलाको सहभागिता सम्बन्धी विवरण महिला परिवारमूली र परिवारमूली पुरुष भएको अवस्थामा मूलीको श्रीमतीसँग लिइएका छन् । निर्णयका विषयहरू यस प्रकार छन् - बच्चालाई कति र कहाँ पढाउने, आफ्नो स्वास्थ्य र गर्भावस्थाको स्वास्थ्य जाँच गर्ने, बच्चा पाउने वा नपाउने र परिवार नियोजनका उपाय अपनाउने, बच्चाको स्वास्थ्य जाँच गर्ने, खानाखर्च र अन्य घरायसी खर्च गर्ने, घरको सम्पत्ति बेच्ने, बाली लगाउने, ऋण लिने, ऋण खर्चगर्ने, कामको खोजीमा विदेश वा स्वदेश जाने र प्राप्त विप्रेषण उपयोगगर्ने सम्बन्धमा ।

विगत १२ महिनामा विभिन्न प्रकारका घरायसी निर्णय मध्ये कुन-कुन निर्णय लिनुपरेको थियो र लिइएका निर्णयमा उत्तरदाताको सहभागिता कस्तो प्रकारको थियो भन्ने सोधिएको छ । सहभागिताको मात्रा तीन भागमा बाँडिएको छ - "धेरै सहभागी", "थोरै सहभागी" र "सहभागी नभएको" । साथै, अन्तिम निर्णयमा कसको मुख्य भूमिका थियो भन्ने पनि सोधिएको छ ।

विगत १२ महिना भित्र घरपरिवार भित्र भएका निर्णयहरू मध्ये "परिवारका लागि खाद्य वस्तुमा खर्च गर्ने" विषयको अन्तिम निर्णय २८ प्रतिशत महिलाहरू स्वयंले गरेका छन् भने "परिवार नियोजन सम्बन्धी", "आफ्नो स्वास्थ्य उपचार सम्बन्धी", "गर्भावस्थामा स्वास्थ्य सेवा लिने सम्वन्धमा" , "मुख्य घरायसी खर्च","बालबालिकाको स्वास्थ्य उपचार", "विप्रेषणको प्रयोग" र "कुन वाली लगाउने" सम्बन्धी अन्तिम निर्णयहरू स्वयं गर्ने महिलाहरूको प्रतिशत प्रत्येकको २० भन्दा बढी छ ।

**तुलनात्मक संक्षेप** - ४५ देखि ४९ वर्ष उमेरका विवाहित महिलाहरूले जीवित जन्माएका बच्चाबच्चीको औसत संख्या विगत १५ वर्षमा घट्दै गएको छ ; ५.३ बाट घटेर ४.२ भएको छ । यो अवधिमा कुल प्रजनन् दर पनि घटेको छ - यो दर ५.१ बाट घटेर १५ वर्ष पछि ३.४ पुगेको छ ।

परिवार नियोजनबारे थाहा पाउने महिलाहरू ६० प्रतिशतबाट बढेर ८३ प्रतिशत पुगेकाछन् । परिवार नियोजनका साधन प्रयोग गरिरहेका हाल विवाहित दम्पतीहरू १५ प्रतिशतबाट बढेर ३९ प्रतिशत पुगेका छन् ।

दोस्रो सर्वेक्षणमा गर्भावस्थामा स्वास्थ्य परीक्षण गराउने महिलाहरू करिब ५७ प्रतिशत रहेकोमा तेस्रो सर्वेक्षणले यो अनुपात ७८ प्रतिशत पुगेको देखाएको छ । यस्तै, सुत्केरी भएपछि (प्रसूति पछि) स्वास्थ्य जाँच गराउने आमाहरूको प्रतिशतमा पनि केही बृद्धि भएको छ - १३ प्रतिशतबाट लगभग १९ प्रतिशत पुगेको छ ।

चित्र २.६.१: ४५ - ४९ वर्ष उमेर समूहकी एक महिलाले जन्माएको औसत बच्चा सङ्ख्या तथा कुल प्रजनन दर, १९९५/९६ - २०१०/११




चित्र २.६.२: परिवार नियोजनका साधनको जानकारी र प्रयोग, १९९५/९६ - २०१०/११




चित्र २.६.३: सुत्केरी हुँदाको अवस्था र गर्भावस्था तथा सुत्केरी भएपछि स्वास्थ्य परीक्षण गराउने महिलाहरुको प्रतिशत, १९९५/९६ - २०१०/११



## २.७ बसाइँ सराइ

(तालिका ७)

सामान्यतया, बसाइँसराइ भन्नाले एक ठाउँबाट (पहिले बसेको ठाउँबाट) अर्को ठाउँमा (अहिले बसिरहेको ठाउँमा) सर्ने प्रकृयालाई बुझाउँछ । यो प्रकृयामा "अक्सर बसोबासको स्थान" बदलिएको हुन्छ । दोस्रो सर्वेक्षणमा जस्तै, तेस्रो सर्वेक्षणमा पनि आन्तरिक बसाइँसराइको एकाइ गाउँ विकास समिति (गाविस) वा नगरपालिकालाई लिइएको छ । अर्थात्, एक गाविसबाट अर्को गाविसमा सरेको वा एक नगरपालिकाबाट अर्को नगरपालिकामा सरेको भएमात्र यो सर्वेक्षणमा बसाइँसरेको मानिन्छ ।

आन्तरिक बसाइँसराइको हकमा हाल बसिरहेको ठाउँमा कुन जिल्लाको कुन नगरपालिका वा गाविसबाट आएको हो भनेर सोधिएको छ भने विदेशबाट बसाइँसरेर आउनेको हकमा छोडेर आएको देशको नाममात्र सोधिएको छ ।

एक गाविसबाट अर्को गाविसमा वा एक नगरपालिकाबाट अर्को नगरपालिकामा बसाइँसरेको व्यक्तिलाई यो सर्वेक्षणमा बसाइँसर्ने व्यक्ति भनिएको छ । यस्ता व्यक्तिहरूको बसाइँसराइ मुख्य दुई प्रकारको हुन्छ - आफ्नो जन्मस्थानबाट अर्को ठाउँमा जाने र मौसमी रूपमा यताउता जाने ।

कुनै व्यक्ति धेरै पटक बसाइँसरेको रहेछ भने पछिल्लो पटकको बसाइँसराइको विवरण लिइएकोछ । अर्कोतर्फ, कुनै व्यक्ति अन्तर्वार्ता लिइएको ठाउँबाट पटक-पटक बसाइँसरेर फेरी सोही (अहिलेको) ठाउँमा आएको रहेछ भने पहिलो पटक बसाइँसरेर अहिले अन्तर्वार्ता लिएको ठाउँमा आउँदाको विवरण लिइएको छ ।

पहिलो सर्वेक्षणमा परिवारमूलीको मात्र बसाइँसराइको विवरण लिइएको थियो । दोस्रो सर्वेक्षणमा, परिवारका ५ वर्ष र सो भन्दा बढी उमेरका सबै सदस्यहरूको बसाइँसराइको विवरण लिइएको थियो । यसमा मौसमी बसाइँसराइलाई लिइएको थिएन । तेस्रो सर्वेक्षणमा पनि परिवारका ५ वर्ष र सो भन्दा बढी उमेरका सबै सदस्यहरूको बसाइँसराइको विवरण लिइएको छ । यसबाहेक, परिवारका सदस्य विगत ५ वर्ष भित्र लगातार २ महिनाभन्दा बढि समयको लागि बाहिर गएको विवरण पनि लिइएको छ ।

**बसाइासर्नेको स्थिति** - परिवारका ५ वर्ष र सो भन्दा माथिका सबै सदस्यहरू मध्ये ३७ प्रतिशत सदस्य अन्यत्रबाट (अर्को गाविस वा नगरपालिका वा अर्को देशबाट) हाल बसिरहेको ठाउँमा आएका छन् । बसाइँसर्नेहरूमा महिला र पुरुषको प्रतिशत क्रमशः ३८ र ३६ प्रतिशत रहेकोछ ।

**बसाइासरेर आउादा छोडेको ठाउँ** - छोडेर आएको ठाउँलाई तीन वर्गमा बाँडिएको छ - ग्रामीण क्षेत्र (गाविस), नगर क्षेत्र (नगरपालिका), र विदेश । बसाइँ सरेर आउने मध्ये ८१ प्रतिशत ग्रामीण क्षेत्रबाट आएका छन्, र ७ प्रतिशत नगर क्षेत्रबाट आएका छन् भने बाँकी १२ प्रतिशत विदेशबाट आएका छन् ।

**बसाइँ सर्नुपर्नाको कारण** - बसाइँ सर्ने अधिकांशले (७९ प्रतिशतले) "पारिवारिक" कारणले बसाइँ सरेको बताएका छन् । पारिवारिक कारणमा विवाह भएको तथा परिवारमा आश्रित भएर परिवारसँगै बसाइँ सरेको जस्ता कारणहरू पर्दछन् । "सुविधाको खोजीमा" बसाइँसर्ने ७ प्रतिशत छन् । ५ प्रतिशत "शिक्षा वा तालिमका लागि" आएकाछन् भने "कामको खोजीमा" आउने करिब ४ प्रतिशत छन् ।

**घरपरिवारमा अनुपस्थित** - यस सर्वेक्षणमा अन्य सर्वेक्षण तथा गणनाहरूमा प्रयोग गर्ने गरेको जस्तै "अक्सर बसोवास" को आधारमा घरपरिवार सदस्यको परिभाषा प्रयोग गरिएको छ । यस परिभाषा अनुसार ६ महिना वा सो भन्दा बढी अवधि घरपरिवारमा अनुपस्थित वा टाढा रहने मनसाय भएका व्यक्तिहरूलाई यस सर्वेक्षणको उद्देश्यको लागि परिवार सदस्यको रूपमा लिइएको छैन ।

**अनुपस्थितिको स्थिति** - जम्मा जनसंख्या (विदेशमा अनुपस्थित समेतलाई समावेश गर्दा ) को करिव २० प्रतिशत मानिसहरू घरपरिवारबाट अनुपस्थित रहेका छन् । जसमध्ये ५७ प्रतिशत स्वदेशमा र ४३ प्रतिशत विदेशमा रहेका छन् । महिला पुरुषअनुसार हेर्दा, २९ प्रतिशत पुरुष र ११ प्रतिशत महिला अनुपस्थित रहेको देखिन्छ । उमेर समूह अनुसार, सबैभन्दा बढी १५- २९ उमेर समूहमा ३७ प्रतिशत ब्यक्तिहरू अनुपस्थित रहेका छन् भने ३०-४४ वर्षमा २८ प्रतिशत छन् । ५ वर्ष वा सो भन्दा माथि उमेरका अनुपस्थित व्यक्तिहरू मध्ये करिब एक चतुर्थांश ब्यक्तिहरू कामको सिलसिलामा, करिव २१ प्रतिशत अध्ययन र करिव २० प्रतिशत पारिवारिक कारणले अनुपस्थित रहेका छन् ।

घरपरिवार अनुसार हेर्दा करिव ५३ प्रतिशत घरपरिवारको कम्तिमा १ जना सदस्य अनुपस्थित रहेको पाइन्छ । जसमध्ये ३३ प्रतिशत र २८ प्रतिशत घरपरिवारको कम्तिमा एक जना अनुपस्थित सदस्य क्रमशः स्वदेशमा र विदेशमा रहेका छन् ।

**बालबालिकाहरूको अनुपस्थितिको स्थिति** - १५ वर्ष मुनीका बालबालिकाको (विदेशमा अनुपस्थित समेतलाई समावेश गर्दा ) को करिव ११ प्रतिशत बालबालिकाहरू घरपरिवारबाट अनुपस्थित रहेका छन् । जसमध्ये १३ प्रतिशत बालक र ९ प्रतिशत बालिका रहेका छन् । यसरी अनुपस्थित बालबालिकाहरू मध्ये ५८ प्रतिशत पारिवारिक, ३१ प्रतिशत अध्ययन र १ प्रतिशत भन्दा कम कामको लागि परिवारबाट अनुपस्थित रहेका छन् ।

**तुलनात्मक संक्षेप** - सर्वेक्षणको परिभाषा अनुसार परिवारका ५ वर्ष र सो भन्दा बढी उमेरका सदस्यहरू मध्ये करिब ३७ प्रतिशत अर्को गाविस वा नगरपालिका वा विदेशबाट बसाइँसरेर आएका छन् । बसाइँसरेर आउने व्यक्तिहरूको प्रतिशत दोस्रो सर्वेक्षण र तेस्रो सर्वेक्षणमा उस्तै छ । महिला र पुरुषको बसाइँसराइको दर भने दुई सर्वेक्षणमा फरक परेको छ । दोस्रो सर्वेक्षणमा बसाइँसरेर आएका पुरुष र महिला क्रमश २२ र ५० प्रतिशत थिए । तेस्रो सर्वेक्षणमा भने पुरुष र महिला क्रमश २१ र ५० प्रतिशत रहेको छ ।

दुवै सर्वेक्षणमा ग्रामीण क्षेत्रबाट बसाइँ सरेर आउनेको प्रतिशत अधिक छ; लगभग ८१ प्रतिशत व्यक्तिहरू ग्रामीण क्षेत्रबाट बसाइँ सरेर आएका छन् । नगर क्षेत्रबाट बसाइँ सरेर आउने व्यक्तिहरूको अनुपात दोस्रो सर्वेक्षणको तुलनामा तेस्रो सर्वेक्षणमा केही बढी छ (६ प्रतिशतबाट ७ प्रतिशत भएको छ) । विदेशबाट आएकाहरूको प्रतिशत भने करिब उस्तै छ ।

बसाइँ सरेर आउनुको कारणमा "पारिवारिक" भन्नेहरूको प्रतिशत दोस्रोमा भन्दा तेस्रो सर्वेक्षणमा केही बढेको छ; ७५ प्रतिशतबाट ७९ प्रतिशत पुगेको छ । "अध्ययन/तालिमको लागि" बसाइँसर्नेहरूको प्रतिशत पनि केही बढेको छ । अर्कोतर्फ, "कामको खोजीमा" र "सुविधाको खोजीमा" बसाइँसर्नेको प्रतिशत दोस्रोमा भन्दा तेस्रो सर्वेक्षणमा केही घटेको छ ।

चित्र २.७.१: पुरुष महिलाअनुसार बसाईंसरेका व्यक्तिहरुको प्रतिशत, १९९५/९६ - २०१०/११




चित्र २.७.२: ग्रामीण तथा नगर क्षेत्रअनुसार बसाईंसरेका व्यक्तिहरुको प्रतिशत, १९९५/९६ - २०१०/११




## २.८ कृषि

(तालिका ८)

यो सर्वेक्षणमा कृषिको बनौट र उत्पादन सम्बन्धी विवरण पनि लिइएको छ। यी विवरणहरू कृषक परिवारको (कृषि-चलनको) माध्यमबाट लिइएका छन्।

एउटै व्यक्ति वा निकायले रेखदेख (व्यवस्थापन) गरेको कृषि उत्पादनको एक आर्थिक एकाइलाई कृषि-चलन भनिन्छ। यस्तो कृषि-चलनभित्र आफ्नो हकको वा अर्काको हकको भए पनि जुनसुकै शर्तमा लिई आंशिक वा पूर्ण रूपमा कृषि उत्पादनको उद्देश्यले पालिएका पशुपक्षीहरू वा कृषिका लागि उपयोग गरिएको जग्गा पर्दछ।

यो सर्वेक्षणमा कृषि-चलन र कृषक-परिवार शब्दहरूलाई एकअर्काको पर्यायवाचीको रूपमा लिइएको छ। प्रायः कृषक परिवारले कृषि-चलनलाई प्रतिनिधित्व गरेको हुन्छ। त्यसैगरेर, मुख्य कृषक, कृषक तथा कृषि उत्पादक (बाली लगाउने) लाई एकै अर्थमा लिइएको छ।

कृषि-चलनको सम्पूर्ण चाँजोपाँजो मिलाउने, उपलब्ध हुनसक्ने साधन र स्रोतको कसरी उपयोग गर्नुपर्छ भन्ने कुरा निणर्य गर्ने, कृषि उत्पादनको वितरण सम्बन्धी निर्णय लिने र प्राविधिक तथा आर्थिक जिम्मेवारी समेत वहनगर्ने व्यक्तिलाई मुख्य कृषक भनिन्छ । मुख्य कृषकले आफ्नो वा आफ्नो परिवारको हकको अथवा अरूको जुनसुकै शर्तमा लिएको जग्गाको आफैले वा प्रतिनिधि मार्फत् दैनिक कामको रेखदेख गरे-गराएको हुनसक्छ । मुख्य कृषक र परिवारमूली एकै व्यक्ति हुन वा नहुन पनि सक्छ ।

**परिवारमूलीको विवरण** - परिवारमा परिआएका दैनिक कामकाज, खर्च र व्यवहार चलाउन व्यवस्था मिलाउने मुख्य व्यक्तिलाई परिवारमूली मानिएको छ । परिवारमूली सम्बन्धित परिवारको स्त्री वा पुरुष सदस्य मध्ये परिवारले मूली मानिआएको व्यक्ति हो । सामान्यतया, कृषक परिवारमा परिवारमूली र मुख्य कृषक एउटै व्यक्ति हुनसक्छ ।

नेपालमा अधिकांश परिवारहरू कृषक-परिवार छन् । अर्थात्, केही न केही कृषि कार्य गर्दछन् । समग्रमा, ७६ प्रतिशत परिवार कृषक परिवार छन् । कृषि-चलनमा अधिकांश मुख्य कृषकहरू पुरुष नै छन् ।

५२ प्रतिशत कृषक परिवारमूली साक्षर छन् । सामान्यतया, वयस्क व्यक्ति नै परिवारमूली छन् । कृषक परिवारमूलीको औसत उमेर ४६ वर्ष छ ।

**कृषक परिवार संख्या, चलन गरेको जग्गाको क्षेत्रफल र आकार** - देशभरका कृषक परिवार मध्ये ७४ प्रतिशत कृषक परिवारले केही जग्गामा खेती गरेका छन् भने २ प्रतिशत कृषक परिवारको खेतीगर्ने जग्गा छैन तर पशुपक्षी पालेका छन् । कृषक परिवारले चलन गरेको कृषि जग्गाको सरदर क्षेत्रफल ०.७ हेक्टर छ । कृषक परिवारले चलन गरेको जग्गा मध्ये ५४ प्रतिशत क्षेत्रफलमा केही-न-केही सिँचाइ भएको छ ।

**जग्गाको खण्डीकरण तथा जग्गाको आकार** - कृषक परिवारले चलन गरेको जग्गाको कित्ता संख्यालाई जग्गा खण्डीकरणको सूचक मानिन्छ । सर्वेक्षणका अनुसार, कृषकले चलन गरेको जग्गाको औसत कित्ता संख्या करिब ३ छ, अर्थात् जग्गा सरदर ३ छुट्टाछुट्टै टुक्रामा बाँडिएको छ । यहाँ कित्ता भन्नाले वरिपरि अरूको साँध भएको बीचमा छुट्टै रहेको जमिनको भागलाई कित्ता जनाउँछ ।

नेपालमा धेरैजसो कृषक परिवारले चलन गरेको जग्गाको आकार सानो छ, अर्थात् अधिकांश साना कृषक छन् । करिब ५३ प्रतिशत कृषकहरूले चलन गरेको जग्गाको क्षेत्रफल ०.५ हेक्टर भन्दा कम छ । २ हेक्टर भन्दा बढी जग्गा चलनगर्ने (ठूला) कृषक परिवार करिव ४ प्रतिशत मात्र छन् ।

देशमा कृषकले चलनगरेको जग्गाको क्षेत्रफलको वितरणमा असमानता छ । ५३ प्रतिशत किसानले जम्मा कृषि जग्गाको १८ प्रतिशत मात्र चलन गरेका छन्, भने २२ प्रतिशत जग्गा ४ प्रतिशत ठूला कृषकहरूले मात्र चलन गरेका छन् ।

**जग्गाको उपभोग** - यहाँ जग्गाको उपभोग भन्नाले कृषकले चलन गरेको जग्गाको स्वामित्वलाई बुझाउँछ । ९५ प्रतिशत कृषक परिवारको आफ्नै स्वामित्वको जग्गा छ । करिब १० प्रतिशत परिवारले आफ्नो केही वा सबै जग्गा आफूले नकमाई अरुलाई कमाउन दिएका छन् । करिब ३२ प्रतिशत परिवारले अरुको हकको जग्गा कमाएका छन् । करिब ५ प्रतिशत कृषक परिवारको आफ्नो जग्गा छैन, उनीहरूले कमाएको सबै जग्गा अरुको हकको हो ।

आफ्नो परिवारको हकको जग्गा मात्र कमाउने कृषकहरू ८२ प्रतिशत छन् । बाँकी कृषक परिवारले आफ्नो हकको र अरुको हकको समेत वा अरुको हकको मात्र जग्गा कमाएका छन् ।

<u>प्रमुख बालीहरू</u> - नेपालमा अन्न खेतीको प्रमुखता रहेको छ । धान, मकै, गहुँ, कोदो तथा दलहन नेपालका प्रमुख खाद्यान्न बाली हुन् । ७२ प्रतिशत कृषक परिवारले धान खेती गरेका छन् भने मकैको खेतीगर्ने कृषक परिवार ६४ प्रतिशत छन् । गहुँको खेती ५७ प्रतिशत कृषक परिवारले गरेका छन् । भटमास, मुसुरो, हिउँदे आलु, तोरी, प्याज, लसुन, हिउँदे तरकारी र वर्षे तरकारी खेतीगर्ने कृषक परिवार क्रमशः २७, ३१, ५३, ३९, ३६, ४१, ७२ र ६९ प्रतिशत छन् ।

**<u>उन्नत बीउ</u>** - नेपालमा कृषक परिवारको सानो समूहले मात्र उन्नत जातको बीउ प्रयोग गर्दछन् । सालाखाला, १६ प्रतिशत हिउँदे तरकारी लगाउने कृषकले उन्नत बीउ प्रयोग गर्दछन् । उन्नत बीउ प्रयोग भएका अरु बाली यस प्रकार छन् : हिउँदे आलु (३४ प्रतिशत), वर्षे तरकारी (२६ प्रतिशत), गहुँ (१३ प्रतिशत), वर्षे धान ( १५ प्रतिशत), र वर्षे मकै (९ प्रतिशत) ।

**<u>रासायनिक/खनिज मल</u>** - रासायनिक/खनिज मल भन्नाले नाइट्रोजन, फोस्फोरस र पोटास मुख्य तीन तत्व मध्ये एक वा धेरै तत्व भएको औद्योगिक प्रकृयाबाट उत्पादित मललाई जनाउँछ ।

धान बालीमा सबैभन्दा धेरै (७० प्रतिशत) किसानले रासायनिक मल प्रयोग गर्दछन् । रासायनिक मल प्रयोगगर्ने किसानको प्रतिशत अनुसार अन्य बालीहरू यस प्रकार छन् - गहुँ (५२ प्रतिशत), वर्षे मकै (३६ प्रतिशत), हिउँदे आलु (३१ प्रतिशत), हिउँदे तरकारी (४ प्रतिशत), र वर्षे तरकारी (८ प्रतिशत) ।

**<u>कृषि औजार र साधन</u>** - अधिकांश कृषकहरूले अझैपनि स्थानीय स्तरमा बनाएका (घरेलु) सामान्य औजार तथा कृषिका साधनहरू प्रयोग गर्दछन् । कृषिमा यान्त्रिकीकरण प्राथमिक अवस्थामा नै छ । करिब ५२ कृषक परिवारसँग मात्र हलो जस्ता औजार छन् । ३३ प्रतिशत कृषक परिवारसँग अन्न राख्ने भकारी छन् । १ प्रतिशत परिवारसँग मात्र ट्र्याक्टर वा पाओर-टिलर छ । १ प्रतिशत परिवारसँग बाली चुट्ने मेसिन र ७ प्रतिशत परिवारसँग पानी तान्ने पम्पसेट छन् ।

**<u>पशुपक्षी पालन</u>** - पशुपक्षी पालन नेपाली कृषि प्रणालीको एक अभिन्न अङ्ग हो । पशु चौपायामा गाई-गोरु, भैंसी, भेडा, बाख्रा प्रमुख पाल्तु चौपाया हुन् भने पक्षीमा कुखुरा, हाँस मुख्य छन् ।

कृषक परिवार मध्ये करिब दुई तिहाइ कृषक परिवारले गाई-गोरु पालेकाछन् । ४८ प्रतिशत कृषक परिवारले राँगा-भैंसी पालेकाछन् । भेडा बाख्रा पाल्ने कृषक ६५ प्रतिशत छन् । ५४ प्रतिशत परिवारले कुखुरा पालेकाछन् ।

कृषकले पालेको पशुपक्षीको सरदर संख्या अनुसार कुखुरा पहिलो नम्बरमा आउँछ । पशुपक्षी पाल्ने कृषक परिवार मध्ये प्रत्येक परिवारले सरदर १.८ गाई-गोरु पालेका छन् । यस्तै, प्रति परिवार ०.९ राँगा-भैंसी, २.८ बाख्रा, ३ बाख्रा भेडा, ४.२ कुखुरा पर्न आउँछ ।

**<u>तुलनात्मक संक्षेप</u>** - १५ वर्ष यता नेपालमा कृषि-चलन (कृषक परिवार) को संख्या घट्दै गएको छ । यसै प्रकारले कृषकले चलन गरेको जग्गाको औसत क्षेत्रफल, कित्ताको औसत संख्या पनि घट्दै गएको छ । सन् २००३/०४ मा ८० प्रतिशत परिवारले कृषि कार्य गरेका थिए भने ७ वर्ष पछि यो प्रतिशत घटेर ७६ प्रतिशत पुगेको छ । यसै प्रकार, परिवारले चलन गरेको जग्गाको क्षेत्रफल सन् १९९५/९६ मा.१ हेक्टर भएकोमा सन् २०१०/११ मा घटेर ०.७ हेक्टर पुगेको छ ।

विगत १५ बर्षमा सिँचाइ भएको जग्गाको प्रतिशत भने धेरै नै बढेको छ ; ४० प्रतिशतबाट ५४ प्रतिशत पुगेको छ । अर्कोतर्फ, ०.५ हेक्टर भन्दा कम जग्गा चलनगर्ने कृषकको प्रतिशत केही बढेको छ भने ठूला कृषक परिवारको (२ हेक्टर भन्दा बढी जग्गा चलनगर्ने परिवारको) प्रतिशत घट्दै गएको छ । १५ वर्ष पहिले ०.५ हेक्टर भन्दा कम जग्गा चलनगर्ने कृषक परिवार ४० प्रतिशत थिए भने तेस्रो सर्वेक्षणका अनुसार यो अनुपात ५३ प्रतिशत पुगेको छ ।

विगत १५ वर्षमा आफ्नो जग्गा हुने कृषक परिवारको प्रतिशत घटेको छ भने सोही अवधिमा आफ्नो कुनै जग्गा नभएका र अर्काको जग्गा कुनै शर्तमा लिएर कमाउने कृषक परिवारको प्रतिशत बढ्दै गएको छ । अर्कोतर्फ, आफ्नो परिवारको हकको जग्गा आफैंले कमाइगर्ने परिवारको (कृषकको) प्रतिशत घटेको छ ।

धान लगाउने कृषको प्रतिशत १५ वर्ष पहिलेको तुलनामा बढेको छ । वर्षेमकै र गहुँ लगाउने कृषकको प्रतिशत भने घटेको छ । वर्षे तरकारी खेतीगर्ने कृषकको प्रतिशत भने पहिलेको तुलनामा धेरै बढेको छ ।

उन्नत बीउविजनको प्रचलनमा पनि वृद्धि हुँदै आएको छ । खासगरेर, तरकारी खेतीमा उन्नत बीउको प्रयोगगर्ने कृषकहरूको प्रतिशत अत्यधिक मात्रामा बढेको छ । उन्नत धानको बीउ लगाउने कृषकको प्रतिशत पनि अत्यधिक मात्रामा बढेको छ । अर्कोतर्फ गहुँ र मकै खेतीमा उन्नत बीउ प्रयोगगर्ने कृषकको प्रतिशत भने केही घटेको छ ।

रासायनिक मलको प्रयोग पनि विगत १५ वर्ष यता बढ्दै गएको छ । तरकारी खेतीका साथै धान, गहुँ तथा मकै खेतीमा रासायनिक मलको प्रयोगगर्ने कृषकको प्रतिशत हलुका तवरले बढेको छ । पशुपालन गर्ने कृषकको प्रतिशत १५ वर्ष अघिको तुलनामा केही घटेको छ ।

चित्र २.८.१: जग्गा भएका कृषक, आफ्नै जग्गामात्र कमाउने कृषक र सिञ्चित जग्गाको प्रतिशत, १९९५/९६ - २०१०/११






## २.९ पारिवारिक उपभोग

(तालिका ९)

उपभोग-खर्च तथा आम्दानीले मौद्रिक रूपमा सम्बन्धित परिवारको जीवनस्तर तथा सुख-समृद्धिबारे जानकारी दिन्छ । यहाँ परिवारको वार्षिक कुल उपभोगबारे कुरा गरिएको छ । परिवारको आम्दानीबारे पछि चर्चा गरिनेछ ।

यहाँ परिवारले एक वर्षमा गरेको सबै उपभोग-खर्च सो वर्षको चालू मूल्यमा लिइएको छ । परिवारको कुल उपभोग-खर्च विभिन्न खर्चहरू जोडेर निकालिन्छ :

**कुल पारिवारिक उपभोग खर्च**

= खाद्य पदार्थमा भएको खर्च
+ आवास खर्च
+ गैरखाद्य पदार्थमा भएको खर्च

परिवारले खाद्य पदार्थमा गरेको कुल खर्च हिसाबगर्दा सो परिवारले वर्षभर उपभोग गरेका सबै खाद्य पदार्थको खर्च जोडेर निकालिएको छ । गैरखाद्य पदार्थ अन्तर्गत निम्न खर्च परेका छन् -

**सुर्तीजन्य पदार्थमा भएको खर्च**

+ प्रमुख गैरखाद्य पदार्थमा भएको खर्च
+ शिक्षामा भएको खर्च
+ खप्ने सरसामान सम्बन्धी खर्च
+ घरेलु सरसामान/सुविधा सम्बन्धी खर्च

**<u>चालू मूल्यमा प्रति व्यक्ति उपभोग-खर्च</u>** - परिवारलाई सबैभन्दा कम उपभोग-खर्चगर्ने परिवारबाट शुरु गरेर सबैभन्दा धेरै खर्चगर्ने परिवारको क्रममा राख्यो भने उपभोग-खर्चको हिसाबले गरीब देखि धनी परिवारको

श्रृङ्खला बन्दछ । यसपछि यो श्रृङ्खलाबद्ध परिवारलाई बराबर संख्यामा भाग लगाएर (बाँडेर) दश वा पाँच समूह बनाउने गरिन्छ । यसले उपभोग-खर्चमा आधारित गरीब देखि धनीको दश (दश-दश प्रतिशतको) वा पाँच (बीस-बीस प्रतिशतको) समूह बन्दछ । पहिलोलाई उपभोग-खर्चको दशमक र दोस्रोलाई पञ्चमक पनि भन्ने गरिन्छ ।

तेस्रो जीवनस्तर सर्वेक्षण अनुसार, सबैभन्दा धनी १० प्रतिशत (वा दशौं दशमकका) परिवारले गरेको उपभोग-खर्च सबैभन्दा गरीब १० प्रतिशत (पहिलो दशमककां) परिवारले गर्ने उपभोगखर्च भन्दा नौ गुणा बढी छ । त्यस्तै, पहिलो पञ्चमकमा परेका परिवारले गर्ने उपभोग-खर्च जम्मा उपभोगखर्चको ८ प्रतिशत मात्र पर्दछ भने माथिल्लो पञ्चमकमा परेका परिवारले गर्ने उपभोगखर्च जम्मा खर्चको लगभग आधा छ । अर्को शब्दमा, परिवारलेगर्ने जम्मा उपभोग खर्चमा सबै भन्दा गरीब २० प्रतिशत परिवारले गर्ने उपभोग-खर्चको हिस्सा ८ प्रतिशत मात्र छ भने सबैभन्दा धनी २० प्रतिशत परिवारले गर्ने उपभोग-खर्चको हिस्सा ४७ प्रतिशत छ ।

**खर्चको किसिम अनुसार परिवारको उपभोग-खर्च** - समग्रमा, परिवारको सम्पूर्ण खर्चमा खाद्य पदार्थमा हुने खर्चको हिस्सा करिब ६२ प्रतिशत छ । आवास खर्चको हिस्सा करिब ११ प्रतिशत, शिक्षामा हुने खर्च ५ प्रतिशत तथा बाँकी हिस्सा अन्य गैर खाद्य पदार्थमा रहेको छ ।

**तुलनात्मक संक्षेप** - चालू मूल्यमा, प्रतिव्यक्ति वार्षिक उपभोग खर्च विगत १५ वर्षमा रु. ६,८०२ बाट बढेर रु. ३४८२९ पुगेको छ । विगत १५ वर्षमा यो वृद्धि सबैभन्दा तल्लो २० प्रतिशत समूहमा पर्ने परिवारको ४१२ प्रतिशतले बढेको छ भने सबैभन्दा माथिल्लो समूहमा परेका परिवारको ४१५ प्रतिशतले बढेको छ । समग्रमा हेर्दा, १५ वर्ष पहिले र अहिलेको उपभोग खर्चको दशमकअनुसार सयकडा वितरणमा खासै फरक आएको देखिदैन ।

चित्र २.९.१: चालू मूल्यमा सरदर प्रतिव्यक्ति तथा प्रतिपरिवार उपभोग खर्च, १९९५/९६ - २०१०/११






## २.१० पारिवारिक आम्दानी

(तालिका १०)

जीवनस्तर सर्वेक्षणमा परिवारको विगत १२ महिनाको सम्पूर्ण आम्दानीको हिसाब गरिएको छ । परिवारको कुल आम्दानीमा यी आम्दानीहरू पर्दछन् - अन्नबालीबाट भएको आम्दानी, अन्नबाली बाहेक अन्य कृषि आम्दानी, आफ्नै आवासमा बस्नेको आवास खर्चको अनुमान, तलब/ज्यालाबाट भएको आम्दानी, गैरकृषि घरायसी उद्यम/क्रियाकलापबाट भएको आम्दानी, विप्रेषणबाट प्राप्त आम्दानी, बहालबाट भएको आम्दानी, र अन्य विविध स्रोतबाट भएको आम्दानी ।

**आम्दानीको स्तर (मात्रा), स्रोत एवं वितरण** - तेस्रो जीवनस्तर सर्वेक्षणका अनुसार, चालू मूल्यमा परिवारको मध्यक (औसत) तथा मध्यिका आम्दानी क्रमशः रु.२०२,३७४ तथा रु.१२७,२८१ रहेको छ । सर्वेक्षणमा परिवारको सरदर आकार ४.९ रहेको छ । यसले हिसाबगर्दा मध्यक तथा मध्यिका प्रतिव्यक्ति आम्दानी क्रमशः रु. ४१,६५९ तथा रु. २५,०९३ हुन आउँछ ।

समग्रमा, परिवारको सम्पूर्ण आम्दानीको करिब २८ प्रतिशत हिस्सा कृषिबाट भएको आम्दानीले ओगट्छ । सम्पूर्ण आम्दानीको करिब एक तिहाई भन्दा बढी हिस्सा गैरकृषि घरायसी उद्यम/क्रियाकलापबाट र करिब १६ प्रतिशत आवासको उपभोग बापत रहेको छ ।

परिवारको जम्माजम्मी आम्दानीमा स्वयं रोजगारीको अंश एक तिहाई (३८ प्रतिशत) भन्दा बढी छ । तलब/ज्याला रोजगारीको अंश २६ प्रतिशत छ ।

सबैभन्दा तलका ८० प्रतिशत जनसंख्याले देशको कुल आम्दानीको लगभग ४४ प्रतिशत हिस्सा ओगटेका छन् भने माथिल्लो २० प्रतिशतले मात्र बाँकी ठूलो हिस्सा अर्थात् ५६ प्रतिशत ओगटेका छन् ।

**<u>तुलनात्मक संक्षेप</u>** - चालु मूल्यमा, विगत १५ वर्षमा परिवारको सरदर आम्दानी साढे चार गुणा भन्दा बढी भएको छ; रु. ४३,७३२ बाट रु. २,०२,३७४ पुगेको छ । सोही अवधिमा, प्रति व्यक्ति औसत आम्दानी रु. ७,६९० बाट रु. ४१,६५९ पुगेको छ ।

विगत १५ वर्षको वृद्धिदर विचारगर्दा सबैभन्दा तल्लो १० प्रतिशत समूहमा पर्ने परिवारको आम्दानीको वृद्धिदर ३७५ प्रतिशत र सबैभन्दा माथिल्लो १० प्रतिशत समूहमा पर्ने परिवारको आम्दानीको वृद्धिदर ५१२ प्रतिशत रहेको छ । यस प्रकार विगत १५ वर्षमा सबैभन्दा गरीब र सबैभन्दा धनीकाबीचको खाडल बढेको छ ।

विगत १५ वर्षमा आम्दानीको स्रोत संरचनामा पनि परिवर्तन आएको छ । कुल आम्दानीमा कृषिको अंश केही घटेको छ भने गैरकृषि क्षेत्रबाट भएको आम्दानीको अंश बढेको छ ।









## २.११ रोजगारीको स्थिति

*(तालिका ११)*

नेपाल जीवनस्तर सर्वेक्षण तेस्रोमा परिवारका पाँच वर्ष र सो भन्दा बढी उमेरका सबै सदस्यको क्रियाकलाप (काम) सम्बन्धी विवरण सङ्कलन गरिएको छ । विगत ७ दिनमा कुनै व्यक्तिले कम्तीमा एक घण्टा कुनै आर्थिक काम गरेको वा सो अवधिमा बिदामा बसेको भए सो व्यक्तिलाई हाल “रोजगार” भएको मानिन्छ । अर्कोतर्फ, विगत ७ दिनमा कुनै काम नगरेको, तर कामको खोजीमा रहेको, काम पाउने आश्वासन पाएको वा निश्चित भएको, काम शुरुगर्न पर्खिरहेको, काम खोज्दा-खोज्दा थाकेर वा कहाँ खोज्ने भन्ने निधो नपाएर अलमलिएर बसेको व्यक्तिलाई “बेरोजगार” भनिन्छ । विगत ७ दिनमा कुनै आर्थिक काम नगरेका र कामको खोजी पनि नगरेका व्यक्तिलाई आर्थिक रूपमा “निष्क्रिय” मानिन्छ । “रोजगार” र “बेरोजगार” व्यक्ति आर्थिक रूपमा सक्रिय मानिन्छन् र यी दुईको जोडलाई “श्रमशक्ति” भनिन्छ ।

**सक्रियता-दर तथा बेरोजगारी-दर** - समग्रमा, विगत ७ दिनको विचारगर्दा १० वर्ष र सो भन्दा बढी उमेर पुगेका ७८ प्रतिशत व्यक्तिहरू “रोजगार” छन् ; २ प्रतिशत “बेरोजगार” छन् भने २० प्रतिशत व्यक्तिहरू “निष्क्रिय” छन् । श्रमशक्तिमा सहभागिता दर ८० प्रतिशत छ भने “बेरोजगारी-दर” २.२ प्रतिशत रहेको छ । “सहभागिता-दर” र “बेरोजगारी-दर” महिलाको भन्दा पुरुषको केही बढी छ ।

**अर्धबेरोजगारी** - विगत ७ दिनमा चाहेर पनि थप कामगर्न नपाएर ४० घण्टा भन्दा कम कामगरेका व्यक्ति अर्धबेरोजगारमा पर्दछन् । यसमा थप कामको लागि उपलब्ध भएका व्यक्तिहरू पर्दछन् तर स्वैच्छिकरूपमा थप काम नगरेका व्यक्तिहरू पर्दैनन् । विगत ७ दिनमा २० घण्टा भन्दा कम समय कामगर्ने व्यक्तिहरू ३२ प्रतिशत छन्, २० देखि ३९ घण्टासम्म कामगर्ने व्यक्तिहरू २२ प्रतिशत छन् ।

**रोजगारीको मुख्य क्षेत्र** - विगत ७ दिनको अवधिमा व्यक्तिले सबैभन्दा बढी कामगरेको घण्टाको आधारमा सो व्यक्तिको रोजगारीको मुख्य क्षेत्र निर्धारण गरिएको छ । यदि यसरी घण्टाको हिसाबगर्दा एक भन्दा बढी

कामहरूमा बराबर समय लगाएको देखिएमा सो व्यक्तिको विगत १२ महिनामा गरेको मुख्य कामको क्षेत्रलाई आधार बनाइन्छ ।

कृषिमा स्वरोजगारीले रोजगार व्यक्तिहरूको ६१ प्रतिशत हिस्सा ओगटेको छ भने गैरकृषिमा स्वरोजगारको हिस्सा १३ प्रतिशत छ । रोजगारीमा, कृषिमा तलब-ज्याला लिने कामको हिस्सा ३ प्रतिशत छ भने गैरकृषि क्षेत्रमा तलब-ज्यालामा गरेको कामको हिस्सा १३ प्रतिशत छ । बाँकी ११ प्रतिशत विस्तारित आर्थिक काम पर्दछ । गैरकृषि क्षेत्रमा पुरुषको सहभागिता बढी छ भने कृषि र विस्तारित आर्थिक काममा महिला सभागिता बढी रहेको छ ।

**बालश्रमको स्थिति** - सर्वेक्षणको नतिजा अनुसार करिब ५२ प्रतिशत बालबालिका स्कुल गइरहेका छन् अर्थात् केहि पनि काम गर्दैनन्, ३८ प्रतिशत स्कुल पनि जान्छन् साथसाथै काम पनि गर्दछन्, ४ प्रतिशत बालबालिका काम मात्र गर्दछन् र बाँकी बालबालिका केही पनि गर्दैनन् ।

मोटामोटी रूपमा, ७२ प्रतिशत बालबालिका हप्ताको २० घण्टा भन्दा कम समय काम गर्दछन्, २० प्रतिशत २० घण्टा देखि ३९ घण्टासम्म काम गर्दछन्, र ८ प्रतिशत बालबालिका हप्ताको ४० घण्टा वा सो भन्दा बढी घण्टा काम गर्दछन् ।

रोजगारको क्षेत्र अनुसार विचारगर्दा, ७४ प्रतिशत बालबालिका कृषिमा स्वयं रोजगार छन् । विस्तारित आर्थिक क्षेत्रमा २० प्रतिशत बालबालिका रोजगार छन् भने बाँकी क्षेत्रमा कामगर्ने बालबालिकाको प्रतिशत नगण्य छ ।

**तुलनात्मक संक्षेप** - विगत १५ वर्ष यता रोजगार व्यक्तिको प्रतिशत ६७ बाट बढेर ७८ पुगेको छ । सोही अवधिमा, बेरोजगार व्यक्तिको प्रतिशत केही घटेको छ भने निष्क्रिय व्यक्तिको प्रतिशत २९ वाट घटेर २० पुगेको छ । यसरी श्रमशक्ति सहभागिता दर बढेको छ र बेरोजगारीको दर घटेको छ ।

१५ वर्ष देखि २४ वर्ष उमेर समूहका व्यक्तिको बेरोजगारी-दर १५ वर्ष पहिले भन्दा करिब ४ प्रतिशत बिन्दुले घटेको छ भने सोही अवधिमा १० वर्ष देखि १४ वर्षसम्मका व्यक्तिको दर करिब ७ प्रतिशत बिन्दुले घटेको छ । एक हप्तामा १ देखि १९ घण्टासम्म काम गर्ने व्यक्तिको प्रतिशत बढेको छ भने सो भन्दा बढी समय कामगर्ने व्यक्तिको हिस्सा लगभग उस्तै रहेको छ ।

रोजगारीको क्षेत्र अनुसार कृषि क्षेत्रको तलब/ज्यालामा वा स्वयं रोजगार व्यक्तिको प्रतिशत विगत १५ वर्षमा घटेको छ भने गैर कृषि क्षेत्रको तलब/ज्याला वा स्वयं रोजगार बढेको छ । विगत ७ बर्षमा विस्तारित आर्थिक कामगर्नेको प्रतिशत नगण्य बढेको छ ।







## २.१२ तलब/ज्यालामा रोजगारी

(तालिका १२)

तलब/ज्यालामा रोजगारी अन्तर्गत तलब/ज्यालामा कामगर्ने परिवारका सदस्यहरूको रोजगारी स्थिति, कृषि र गैरकृषि क्षेत्रमा कामगर्ने कामदारको विवरण र तलब/ज्यालाको भुक्तानी कसरी लिने शर्तमा कामगरेको छ सो विवरणहरू पर्दछन् ।

**मुख्य आर्थिक क्षेत्र अनुसार रोजगारी** - समग्रमा, तलब⁄ज्याला रोजगारीको ३५ प्रतिशत कृषि क्षेत्रमा र बाँकी ६५ प्रतिशत गैरकृषि क्षेत्रमा रहेको छ । गैरकृषि क्षेत्रमा तलब⁄ज्यालामा रोजगारी गर्नेहरू प्रमुख रूपमा निर्माण, व्यक्तिगत सेवा तथा उत्पादनमूलक उद्योग क्षेत्रमा रहेका छन् । पुरुषहरू खासगरेर निर्माण उद्योग, व्यक्तिगत सेवा, उत्पादन उद्योग तथा यातायात र व्यापारमा छन् भने महिलाहरू व्यक्तिगत सेवामा, निर्माण, उत्पादन उद्योगमा लागेका छन् । व्यक्तिगत सेवा, उत्पादनमूलक उद्योग तथा वित्तीय क्षेत्रमा पुरुषहरू भन्दा महिलाहरूको संलग्नता तुलनात्मक रूपमा बढी छ ।

**गैरकृषिमा कामगर्नेहरूको व्यवसाय क्षेत्र** - परिवारका सदस्यहरूको रोजगारीका प्रमुख तीन गैरकृषि क्षेत्र यस प्रकार छन् : निर्माण (३७ प्रतिशत), व्यक्तिगत सेवा (२५प्रतिशत), तथा उत्पादन उद्योग (१७ प्रतिशत) । यसपछि, यातायात र व्यापार क्षेत्र आउँछन् । महिला-पुरुष अनुसार विचारगर्दा, अधिकांश (४० प्रतिशत) पुरुषहरू निर्माण क्षेत्रमा रोजगार छन् भने,  अधिकांश (४२ प्रतिशत) महिलाहरू व्यक्तिगत सेवा क्षेत्रमा लागेका छन् ।

**तलब⁄ज्यालाको आधार** - कृषि क्षेत्रमा कामगर्ने अधिकांश (९७ प्रतिशत) व्यक्तिहरू दैनिक ज्यालादारीमा काम गर्दछन् भने थोरै (३ प्रतिशत) मात्र हप्ताबार वा मासिक तलब⁄ज्यालामा काम गर्दछन् । गैरकृषि क्षेत्रको रोजगारीमा भने स्थिति भिन्नै छ । गैरकृषि क्षेत्रमा कामगर्ने मध्ये करिब आधा व्यक्तिहरू दैनिक ज्यालादारीमा काम गर्दछन् । कृषि क्षेत्रमा दैनिक ज्यालादारीमा कामगर्ने महिलाको प्रतिशत पुरुषको भन्दा केही बढी छ भने गैरकृषि क्षेत्रमा भने यसको विपरीत छ, दैनिक ज्यालादारीमा कामगर्ने महिलाको अनुपात पुरुषको भन्दा कम छ ।

**दैनिक ज्याला दर** - कृषिमा सरदर दैनिक ज्याला दर चालू मूल्यमा जम्मा रु. १७० पर्न आउँछ, । नगद र जिन्सीमा हिसाब गर्दा नगदमा दैनिक सरदर रु. ११७ र जिन्सीमा सरदर रु. ६५ पर्न आउँछ । गैरकृषिमा, सरदर जम्मा रु. २६३, नगदमा सरदर रु. २१९ र जिन्सीमा सरदर रु. ९१ रहेको छ । महिला र पुरुषको तलब⁄ज्याला दरमा धेरै भिन्नता छ - उदाहरणका लागि, कृषिमा पुरुषको सरदर दैनिक ज्याला दर जम्मा रु. २०१ छ भने महिलाको रु. १४७ मात्र छ । त्यसै प्रकारले, गैरकृषि क्षेत्रमा पुरुषको सरदर दैनिक ज्यालादर रु. २८६ छ भने महिलाको सरदर रु. १८९ मात्र छ ।

**तुलनात्मक संक्षेप** - विगत १५ वर्षमा कामदारले प्राप्त गर्ने दैनिक ज्याला दरमा धेरै परिवर्तन भएको छ । चालू मूल्यमा कृषि क्षेत्रको दैनिक ज्यालादरमा ३२३ प्रतिशत र गैरकृषि क्षेत्रमा २५५ प्रतिशतले वृद्धि भएको छ ।

रोजगारीको क्षेत्रमा पनि परिवर्तन भएको छ - कृषि क्षेत्रमा कामगर्ने रोजगार व्यक्तिहरूको प्रतिशत १५ वर्षको अवधिमा ५३ प्रतिशत बाट घटेर ३५ प्रतिशत भएको छ भने गैरकृषि क्षेत्रमा ४७ प्रतिशतबाट बढेर ६५ प्रतिशत पुगेको छ ।

गैरकृषि क्षेत्रका रोजगारीको क्षेत्रमा भने खासै फरक भएको देखिदैन । १५ वर्ष पहिले निर्माण व्यवसायमा ३० प्रतिशत, व्यक्तिगत सेवा व्यवसायमा २४ प्रतिशत र उत्पादन उद्योगमा २१ प्रतिशत रोजगार व्यक्ति थिए भने

अहिले आएर निर्माण व्यवसायमा ३७ प्रतिशत, व्यक्तिगत सेवा व्यवसायमा २५ प्रतिशत र उत्पादन उद्योगमा १७ प्रतिशत व्यक्ति रोजगारीमा लागेका छन् ।

कृषि क्षेत्रमा दैनिक ज्यालादारीमा कामगर्ने रोजगारको प्रतिशतमा फरक आएको छैन, तर गैरकृषि क्षेत्रमा दैनिक ज्यालादारीमा कामगर्ने व्यक्तिहरूको प्रतिशत १५ वर्षमा ६५ बाट ५० प्रतिशतमा झरेको छ ।

चित्र२.१२.१: तलब/ज्याल र दैनिक ज्यालादारीमा कामगर्ने व्यक्तिहरुको प्रतिशत, १९९५/९६ - २०१०/११




चित्र २.१२.२: चालू मूल्यमा महिला र पुरुषको दैनिक तलब/ज्याला दर, १९९५/९६ - २०१०/११



## २.१३ गैरकृषि आर्थिक क्रियाकलाप

(तालिका १३)

परिवारले सञ्चालन गरेका सबै गैरकृषि क्रियाकलाप यसमा पर्दछन् । यसमा गैरकृषि क्षेत्रका स्वयं रोजगार अन्तर्गतका साना ठूला सबै व्यवसाय/उद्यमहरू समावेश गरिएका छन् ।

**गैरकृषि उद्यम/व्यवसाय वर्गीकरण** - छनौटमा परेका घरपरिवार मध्ये करिब ३५ प्रतिशत परिवारको कुनै किसिमको गैरकृषि उद्यम/व्यवसाय छ । परिवारले सञ्चालन गरेको यस्तो उद्यम/व्यवसायको किसिम अनुसार हेर्दा व्यापार र उत्पादन व्यवसाय सबैभन्दा बढी परिवारले सञ्चालन गरेकाछन् । ३५ प्रतिशत उत्पादनमूलक उद्योग सम्बन्धित छन् भने ३६ प्रतिशत व्यापार व्यवसाय छन् । परिवारले सञ्चालन गर्ने अर्को चलनचल्तीको व्यवसाय/उद्यम सेवा व्यवसायमा रहेको छ – यसको हिस्सा १७ प्रतिशत छ ।

**स्वामित्व, रजिस्ट्रेसन तथा कामदार** - अधिकांश (९५ प्रतिशत) व्यवसाय/उद्यमहरूमा सञ्चालनगर्ने परिवारको आफ्नै स्वामित्व छ । करिब २० प्रतिशत उद्यमको रजिस्टर (दर्ता) भएको छ । १६ प्रतिशत उद्यमहरूमा तलब/ज्यालामा कामदार लगाइएको छ । यसरी कामदार लगाउने उद्यम/व्यवसाय मध्ये एकजना कामदार लगाउने व्यवसाय/उद्यम ३३ प्रतिशत छन् । दुई देखि ९ जना सम्म कामदार लगाउने व्यवसाय/उद्यमको प्रतिशत ५० छ भने १७ प्रतिशत उद्यमले १० जना वा सो भन्दा बढी कामदार लगाएका छन् ।

**आम्दानी र खर्च** - चालू मूल्यमा परिवारले सञ्चालन गरेको प्रति गैरकृषि क्रियाकलापबाट भएको औसत आम्दानी रु.४६८,७१७ रहेको छ । अर्कोतर्फ औसत खर्च रु. ३४१,७१४ छ । औसत आम्दानी खर्चबीचको फरक रु. १२७,००३ हुन आउँछ ।

**सञ्चालनको अवधि** - ७३ प्रतिशत भन्दा बढी व्यवसाय/उद्यमहरू ३ वर्ष भन्दा बढी समय देखि सञ्चालन भै रहेका छन् । १० वर्ष वा सो भन्दा बढी समय देखि सञ्चालनमा रहेका क्रियाकलापहरू जम्मा ३१ प्रतिशत मात्र छन् । वर्षमा कति महिना सञ्चालन भयो भन्ने कुराले व्यवसाय/उद्यमको सञ्चालनमा मौसमको प्रभाव भएको देखाउँछ । अधिकांश (६९ प्रतिशत) व्यवसाय/उद्यमहरू करिब वर्षैभरि सञ्चालनमा रहेका छन् । लगभग २३ प्रतिशत क्रियाकलापहरू वर्षमा ६ महिना वा सो भन्दा कम समय मात्र सञ्चालनमा रहेका छन् ।

**तुलनात्मक संक्षेप** - विगत १५ वर्षमा छनौटमा परेका घरपरिवारको गैरकृषि क्रियाकलाप भएको प्रतिशत २४ बाट बढेर ३५ पुगेको छ । उत्पादनमूलक उद्योग व्यवसाय भएका परिवारको प्रतिशत पनि विगतका सर्वेक्षणहरू वीच विस्तारै बढ्दै गएको छ । सन् १९९५/९६ को सर्वेक्षणमा करिब ३० प्रतिशत रहेको यो व्यवसाय तेस्रो सर्वेक्षणमा आएर ३५ प्रतिशत पुगेको छ । १५ वर्ष पहिले गैरकृषि उद्यम/व्यवसाय भएका परिवार मध्ये आधा भन्दा बढी परिवारको व्यापार व्यवसाय थियो भने अहिले यो ३६ प्रतिशतमा झरेको छ ।

दर्ता भएका व्यवसाय/उद्यमहरूको प्रतिशत पनि बढ्दै गएको छ । १५ वर्ष पहिले जम्मा १२ प्रतिशतमात्र व्यवसाय/उद्यम दर्ता भएका थिए भने अहिले यो अनुपात २० प्रतिशत नाघेको छ ।

१५ वर्षमा व्यवसाय/उद्यमको आम्दानी तथा खर्च चालू मूल्यमा चार गुणा भन्दा बढी भएको छ। वर्षभर चालू रहने व्यवसाय/उद्यमहरूको प्रतिशत पनि विगतका वर्षहरूमा बढ्दै गएको छ। १५ वर्ष पहिले ५४ प्रतिशत व्यवसाय/उद्यमहरू वर्षैभरी चालूरहेका थिए भने अहिले यस्ता व्यवसाय/उद्यमको अनुपात करिब ६९ प्रतिशत पुगेको छ।



चित्र २.१३.१ : स्वामित्व, दर्ता तथा तलबी कामदारअनुसार परिवारले सञ्चालन गरेका गैरकृषि उद्यम, १९९५/९६ - २०१०/११

## २.१४ विप्रेषण

(तालिका १४)

यहाँ विप्रेषण भन्नाले विगत १२ महिनामा परिवारलाई आफ्नो परिवारको अनुपस्थित सदस्य वा अन्य कसैले स्वदेश वा विदेशबाट पठाएको रकमलाई बुझाउँछ।

**परिवारले प्राप्त गरेको विप्रेषण** - एक वर्षमा देशभरका ५६ प्रतिशत परिवारले विप्रेषणको रकम प्राप्त गरेका छन्। परिवारले प्राप्त गरेको विप्रेषणको अनुमानित औसत रकम चालू मूल्यमा रु. ८०,४३६ रहेकोछ। प्रति व्यक्ति विप्रेषणको रकम हिसाबगर्दा चालु मुल्यमा रु. ९,२४५ हुन आउँछ।

**स्रोतअनुसार प्राप्त विप्रेषणको संख्या** - परिवारले स्वदेश वा विदेशवाट विप्रेषण प्राप्त गर्दछन्। यसरी प्राप्त विप्रेषणको संख्या मध्ये ५८ प्रतिशत स्वदेशबाट, १९ प्रतिशत भारतबाट र २३ प्रतिशत अन्य मुलुकहरूबाट प्राप्त भएको छ।

**स्रोतअनुसार विप्रेषणको रकम** - तेस्रो जीवनस्तर सर्वेक्षणको अनुमान अनुसार विप्रेषणको जम्मा रकम चालू मूल्यमा रु. २५९ अरब रहेको छ। प्राप्त जम्मा विप्रेषणको रकम मध्ये करिब २० प्रतिशत स्वदेश भित्रबाटै प्राप्त भएको छ भने बाँकी विदेशबाट प्राप्त भएको छ। स्वदेशभित्रका नगर र ग्रामीण क्षेत्र प्रत्येकबाट लगभग

बराबर १० प्रतिशत, विदेशमा साउदी अरेबिया र कतारबाट जम्मा २६ प्रतिशत, भारतबाट ११ प्रतिशत, मलेशियाबाट ८ प्रतिशत तथा विदेशका अन्य मुलुकबाट ३५ प्रतिशत विप्रेषण प्राप्त भएको छ।

**रकम पठाउने माध्यम** - जम्मा विप्रेषण मध्ये ७७ प्रतिशत विप्रेषण व्यक्ति मार्फत् आउने गर्दछन्। वित्तीय संस्था मार्फत् आउने विप्रेषण करिब १९ प्रतिशत मात्र छ। हुण्डि मार्फत् धेरै कम (२ प्रतिशत मात्र) आउँछ। विदेशबाट आउने रकम भने अधिकांश वित्तीय संस्था मार्फत् आउँछ।

**परिवारको आम्दानीमा विप्रेषणको हिस्सा** - विप्रेषण प्राप्तगर्ने परिवारको कुल आम्दानीको ३१ प्रतिशत हिस्सा विप्रेषणले ओगटेको छ।

**विप्रेषणको उपयोग** - घरपरिवारले प्राप्त गरेको विप्रेषण रकम मध्ये ७९ प्रतिशत दैनिक घरायसी उपभोगमा खर्च गरेका छन् भने ७ प्रतिशत ऋण तिर्न, शिक्षा र घरायसी सम्पत्तीमा ४/४ प्रतिशत र बाँकि अन्य शिर्षकमा खर्च गरेका छन्।

**तुलनात्मक संक्षेप** - विगत १५ वर्षमा विप्रेषण प्राप्तगर्ने परिवारहरूको प्रतिशत क्रमशः बढ्दै गएको छ। पहिलो सर्वेक्षणले जम्मा २३ प्रतिशत परिवारले विप्रेषण प्राप्त गरेको देखाएकोमा अहिले तेस्रो सर्वेक्षणमा विप्रेषण प्राप्तगर्ने परिवार ५६ प्रतिशत पुगेका छन्। परिवारको जम्मा आम्दानीमा विप्रषणको हिस्सा पनि बढ्दै गएको छ। सन् १९९५/९६ मा यो २७ प्रतिशत थियो भने सन् २०१०/११ मा ३१ रहेको छ। स्रोत अनुसार प्राप्त विप्रेषणको संरचनामा पनि परिवर्तन भएको छ। उदाहरणका लागि, भारतबाट प्राप्त हुने विप्रेषणको हिस्सा विगत १५ बर्षमा २४ प्रतिशत बिन्दुले घटेर ११ प्रतिशत पुगेको छ भने भारत बाहेक अन्य देशबाट प्राप्त हुने विप्रेषणको करिब २२ प्रतिशतबाट एकदम बढेर ६९ प्रतिशत पुगेको छ।

चित्र २.१४.१: विप्रेषण प्राप्तगर्ने परिवारको प्रतिशत तथा प्राप्त विप्रेषणको अंश, १९९५/९६ - २०१०/११



## २.१५ परिवारले लिएको ऋण

(तालिका १५)

परिवारमा आम्दानीको मात्रा घटबढ हुँदा परिवारलाई ऋणको आवश्यकता पर्दछ । यो सर्वेक्षणमा परिवारले लिएको ऋण, ऋणको स्रोत, ऋणको अवधि, ऋण लिँदा राखिएको धितो तथा ऋणको उद्देश्य सम्बन्धी विवरण सङ्कलन गरिएको छ ।

**ऋणलिने परिवार** - जम्मा परिवार मध्ये ६५ प्रतिशत परिवारले सर्वेक्षणको मितिसम्म आफू वा आफ्नो परिवारले लिएको ऋण तिर्न बाँकी रहेको वा तिर्न बाँकी ऋण विगत १२ महिनामा तिरिसकेको वा विगत १२ महिनामा ऋण लिएर तिरिसकेको बताएका छन् । समग्रमा, ६३ प्रतिशत परिवारले आफूले लिएको ऋण अन्तर्वार्ताको मितिसम्म तिरिसकेका छैनन् ।

**ऋणको स्रोत** - आधा भन्दा बढी परिवारले आफ्ना नातेदार तथा साथिभाइ वा छिमेकीसँग ऋण लिएका छन् । बैंकबाट ऋण लिने परिवार २० प्रतिशत छन् । अर्को उल्लेखनीय स्रोतमा साहूमहाजन पर्दछन्– करिब १५ प्रतिशत परिवारले साहूमहाजनसँग ऋण लिएकाछन् । सहकारी, गैरसरकारी संस्था र अन्य स्रोतहरूबाट ऋण लिने परिवारहरू लगभग पाँच/पाँच प्रतिशत छन् ।

**ऋण लिएको अवधि** - हालसालै ऋण लिएका वा ऋण लिएको अवधि धेरै नभएका ऋणलिने परिवारको प्रतिशत अत्यधिक छ ; ७० प्रतिशत भन्दा बढी परिवारले दुई वर्ष भित्र ऋण लिएकाछन् । २ देखि ३ वर्ष भित्र ऋण लिने परिवार करिब २१ प्रतिशत छन् । ६ वर्ष वा सो भन्दा पहिले ऋण लिएका परिवार करिब ८ प्रतिशत छन् ।

**ऋणको उद्देश्य** - ऋण लिनुपर्नाको कारणलाई यस प्रकार वर्गीकरण गरिएको छ : व्यापार वा कृषिकार्यका लागि, पारिवारिक उपभोगका लागि र अन्य व्यक्तिगत प्रयोजनका लागि । सबै भन्दा धेरै परिवारले व्यक्तिगत उपयोगका लागि ऋण लिएका छन् । ४३ प्रतिशत परिवारले व्यक्तिगत प्रयोजनका लागि, ३१ प्रतिशत परिवारले पारिवारिक उपभोगका लागि र २६ प्रतिशत परिवारले व्यापार वा कृषिकार्यका लागि ऋण लिएका छन् ।

**ऋणको धितो** - ऋण लिँदा खासगरेर दुई प्रकारको सर्तमा लिन सकिन्छ - धितो राखेर वा धितो नराखेर । ८० प्रतिशत ऋण बिनाधितो प्राप्त भएका छन् भने बाँकी २० प्रतिशत धितो राखेर लिइएका छन् । ऋण लिएका मध्ये १२ प्रतिशत घरजग्गा धितो राखेर लिइएका छन् भने ८ प्रतिशतले अन्य सम्पत्ति धितो राखेका छन् ।

**औसत ऋण** - ऋण लिने परिवार मध्ये प्रति परिवारले लिएको ऋणको औसत रकम तात्कालिन चालू मूल्यमा रु १६५,९१९ पर्न आउँछ । एक पटक लिएको ऋणको सरदर रकम रु १,०५,९३९ पर्न आउँछ ।

**पारिवारिक निर्णयमा पुरुषको सहभागिता** - पारिवारिक निर्णयमा पुरुषको सहभागिता सम्बन्धी विवरण पुरुष परिवारमूली र परिवारमूली महिला भएको अवस्थामा मूलीको श्रीमान्सँग लिइएका छन् । निर्णयका विषयहरू

यस प्रकार छन् - बच्चालाई कति र कहाँ पढाउने, आफ्नो स्वास्थ्य र गर्भावस्थाको स्वास्थ्य जाँच गराउने, बच्चा पाउने वा नपाउने र परिवार नियोजनका उपाय अपनाउने, बच्चाको स्वास्थ्य जाँच गराउने, खानाखर्च र अन्य घरायसी खर्च गर्ने, घरको सम्पत्ति बेच्ने, बाली लगाउने, ऋण लिने, ऋण खर्चगर्ने, कामको खोजीमा अन्यत्र (विदेश वा स्वदेश) जाने र प्राप्त विप्रेषण उपयोगगर्ने सम्बन्धी ।

यो सर्वेक्षणमा, विगत १२ महिनामा विभिन्न प्रकारका घरायसी निर्णय मध्ये कुन-कुन निर्णय लिनुपरेको थियो र लिइएका निर्णयमा उत्तरदाताको सहभागिता कस्तो प्रकारको थियो भन्ने सोधिएको छ । सहभागिताको मात्रा तीन भागमा बाँडिएको छ - "धेरै सहभागी", "थोरै सहभागी" र "सहभागी नभएको" । साथै, अन्तिम निर्णयमा कसको मुख्य भूमिका थियो भन्ने पनि सोधिएको छ ।

विगत १२ महिना भित्र घरपरिवार भित्र भएका निर्णयहरू मध्ये सवैभन्दा बढी "आफ्नो स्वास्थ्य उपचार सम्बन्धी" विषयको अन्तिम निर्णय ३५ प्रतिशत पुरुषहरू स्वयंले गरेका छन् भने "कुन वाली लगाउने", "परिवारले ऋण लिने सम्बन्धमा", "घरायसी सम्पत्तीको वेचविखन सम्बन्धी", "वच्चालाई कति कक्षा सम्म पठाउने सम्बन्धी", "वच्चालाई कुन विद्यालयमा पढाउने सम्वन्धमा", "मुख्य घरायसी खर्च", र "कामको लागि वाहिर जाने सम्वन्धमा" अन्तिम निर्णयहरू स्वयं गर्ने पुरुषहरूको प्रतिशत प्रत्येकको २० प्रतिशत भन्दा बढी छ ।

**<u>तुलनात्मक संक्षेप</u>** - १५ वर्ष अगाडिको तुलनामा ऋण लिने र ऋण तिर्न बाँकी भएका परिवारहरूको प्रतिशत बढेको भए तापनि सन् २००३/०४ को तुलनामा यी  दुवैको प्रतिशत केही घटेको छ । तीन वटा सर्वेक्षणमा ऋण लिने परिवारको प्रतिशत क्रमशः ६१, ६९ र ६५ भएकोमा ऋण तिर्न बाँकी छ भन्ने परिवारको प्रतिशत क्रमशः ५८, ६७ र ६३ छ ।

ऋणको स्रोतमा बैंक/वित्तिय संस्थाबाट ऋण लिने परिवारको प्रतिशत पहिले भन्दा बढेको छ । अर्कोतर्फ नातेदार तथा साहूमहाजनबाट ऋण लिने परिवारको प्रतिशत भने घटेकोछ । विगत १५ वर्षमा साहूमहाजनबाट ऋण लिने परिवारहरूको प्रतिशत घट्दै गएको छ । पहिलो, दोस्रो र तेस्रो सर्वेक्षणमा साहूमहाजनबाट ऋण लिने परिवारको प्रतिशत क्रमशः ४०, २६ र १५ प्रतिशत देखिएको छ ।

ऋणको उद्देश्य अनुसार हेर्दा विगत १५ वर्षमा व्यक्तिगत प्रयोजनका लागि ऋण लिने परिवारहरूको प्रतिशत अधिक बढेको छ भने पारिवारिक उपभोगका लागि ऋण लिने परिवारहरूको प्रतिशत घट्दै गएको छ । पहिलो सर्वेक्षणमा व्यक्तिगत प्रयोजनका लागि ऋण लिने २२ प्रतिशत परिवार मात्र भएकोमा तेस्रो सर्वेक्षणमा यो प्रतिशत ४३ पुगेको छ । अर्कोतर्फ पहिलो सर्वेक्षणमा परिवारको उपभोगका लागि ऋण लिनेको प्रतिशत करिब ५० रहेकोमा तेस्रो सर्वेक्षणमा यो प्रतिशत ३१ मा झरेको छ ।

घरजग्गा धितो राखेर ऋण लिने परिवारको अनुपात पहिलो सर्वेक्षणमा भएको १७ प्रतिशतबाट तेस्रो सर्वेक्षणमा १२ प्रतिशतमा झरेको छ । अर्कोतर्फ धितोबिना ऋण लिने परिवारको प्रतिशत ७५ बाट बढेर ८० पुगेको छ ।




चित्र २.१५.१ : ऋण लिने परिवार, ऋणको उद्देश्य तथा विना धितो ऋण लिएका परिवारको प्रतिशत, १९९५/९६ - २०१०/११

## २.१६ उपभोग र आम्दानीको पर्याप्तता

(तालिका १६)

उपभोग र आम्दानीको पर्याप्तता सम्बन्धी विवरणहरू उत्तरदाताको व्यक्तिगत धारणामा मात्र आधारित छन् यस बाहेक यसको वस्तुगत आधार लिइएको छैन । उत्तरदातालाई आफ्नो परिवारको खाना, आवास, लत्ताकपडा, स्वास्थ्य सुविधा, बालबालिकाको शिक्षा, र परिवारको आम्दानी सम्बन्धमा उनीहरूको निजी धारणा सोधिएको छ । उत्तरदाताको व्यक्तिगत धारणालाई "आवश्यकता भन्दा कम", "आवश्यकता अनुसार ठिक्क" र "आवश्यकता भन्दा बढी" तीन समूहमा विभाजन गरिएको छ । कुनै परिवारले यी मध्ये कुनै कुरा उपभोग नगरेको भए तिनीहरूको लागि "लागू नहुने" राखिएको छ ।

**खाना** - समग्रमा १६ प्रतिशत परिवारले आफ्नो खाद्य पदार्थ आवश्यकता भन्दा कम वा अपर्याप्त भएको ठान्दछन् । ८२ प्रतिशत परिवारलाई आफ्नो खाना ठिक्क मात्र भए जस्तो लाग्छ भने २ प्रतिशतलाई आफ्नो खानाको स्तर आवश्यकता भन्दा बढी छ भन्ने लाग्दछ ।

**आवास** - करिब २२ प्रतिशत परिवारलाई आफूले उपभोग गरिरहेको आवासको स्तर आफ्नो परिवारको आवश्यकता भन्दा कम छ भन्ने लाग्दछ । ७७ प्रतिशत परिवारलाई आफ्नो आवश्यकता अनुसार ठिक्क मात्र भएको लाग्दछ । आफ्नो परिवारले उपभोग गरिरहेको आवास सम्बनधी सुविधा आवश्यकता भन्दा बढी भएको अनुभव गर्ने परिवारको प्रतिशत भने ज्यादै थोरै छ ।

**लत्ताकपडा** - आफ्नो परिवारले उपभोग गरेको लत्ताकपडाको सन्दर्भमा आवश्यकताअनुसार ठिक्क छ भन्नेहरू ८२ प्रतिशत भन्दा बढी छन् । लत्ताकपडा आफ्नो आवश्यकताअनुसार पर्याप्त छैन भन्ने परिवारहरू करिब १७ प्रतिशत छन् ।

**<u>स्वास्थ्य सेवा</u>** - समग्रमा, आफ्नो परिवारलाई स्वास्थ्य सेवा पर्याप्त छैन भन्ने परिवारहरूको अनुपात १८ प्रतिशत भन्दा केही बढी छ । ७९ प्रतिशत परिवारले यस्तो सुविधा ठिक्क मात्र भएको ठान्दछन् ।

**<u>शिक्षा</u>** – करिब ७० प्रतिशत परिवारले शिक्षाको सुविधा आफ्नो परिवारको आवश्यकताअनुसार ठिक्क मात्र भएको ठान्दछन् भने १६ प्रतिशतले यो सुविधा अपर्याप्त भएको ठान्दछन् । आवश्यकता भन्दा बढी छ भन्नेको प्रतिशत ज्यादै कम छ । १२ प्रतिशत परिवारले यो प्रश्न आफूलाई लागू नहुने बताएका छन् किनभने यी परिवारमा स्कुल/शैक्षिक संस्थामा जाने कुनै बालबालिका वा सदस्य छैनन् ।

**<u>आम्दानी</u>** - आफ्नो परिवारको आम्दानी आवश्यकता भन्दा कम छ भन्ने र आवश्यकता अनुसार ठिक्क मात्र छ भन्नेहरूको प्रतिशत करिब उस्तै-उस्तै छ । ४९ प्रतिशत परिवारले आफ्नो आम्दानी आवश्यकता भन्दा कम भएको ठान्दछन् भने करिब ५० प्रतिशतले ठिक्क मात्र भएको ठान्दछन् ।

**<u>खाद्य अभाव</u>** - यहाँ खाद्य अभाव भन्नाले विगत ३० दिन भित्र परिवारसँग खाद्य सामग्री पर्याप्त नभएको अथवा खाद्य सामग्री किन्नलाई पैसा नभएको अवस्थालाई जनाउँछ । सर्वेक्षण अनुसार करिव ८ प्रतिशत परिवारले सर्वेक्षणको मिति भन्दा ३० दिन अगाडिको अवधिमा कुनै-न-कुनै समयमा आफ्नो परिवारमा खाद्य अभाव रहेको वताएका छन् । यस्तो खाद्य अभाव भएको बताउने परिवार मध्ये सबै भन्दा बढी (४३ प्रतिशत) परिवारलाई ३ देखि ५ दिन र करिब एक चौथाई परिवारलाई १ देखि २ दिन सम्म खाद्य अभाव भएको देखिएको छ ।

**<u>खाद्य अभाव समाधानका उपायहरू</u>** - आफ्नो परिवारलाई खाद्य अभाव भएको अवस्थामा सो समस्याको समाधानका लागि परिवारले एक भन्दा बढी उपाय अपनाएका हुन सक्दछन् । यो सर्वेक्षणमा परिवारले आफ्नो सामु आएको खाद्य समस्या समाधान गर्न एक भन्दा बढी उपाय अपनाएको भए ती सबै उपाय बताउन सक्ने प्रावधान राखिएको हो । खाद्य अभाव भएका परिवार मध्ये सवैभन्दा बढी ६८ प्रतिशत परिवारले अरुसँग खाद्यवस्तु सापटलिएर वा खाद्यबस्तु किन्न पैसा सापट लिएर काम चलाएको बताउँछन्, ५७ प्रतिशत परिवारले उधारोमा खाद्यवस्तु किनेर काम चलाएकाछन्, ५१ प्रतिशत परिवारले मन नपर्ने वा आफूले पहिले खाने गरेको भन्दा सस्तो खाना खाएका छन्, ४२ प्रतिशत परिवारले सँधैं भन्दा थोरै खानाखाएर समस्या टारेका छन्, भने ३३ प्रतिशत परिवारले दैनिक खाना/खाजा खाने पटक कम गरेर समस्याको समाधान टार्ने गरेको पाइएको छ ।

**<u>तुलनात्मक संक्षेप</u>** - सबै कुरामा परिवारले उपभोग गरिरहेको स्तर आवश्यकता भन्दा कम थियो भन्ने परिवारको प्रतिशत दोस्रो सर्वेक्षणमा भन्दा घटेको छ । ठिक्क मात्र छ भन्नेहरूको प्रतिशत भने बढेको छ । विगत १५ वर्षमा आवासको उपभोग “अपर्याप्त” छ भन्ने परिवारको अनुपात तुलनात्मक रूपमा धेरै नै घटेको छ ।




## २.१७ सरकारी सुविधा

(तालिका १७)

दोस्रो तथा तेस्रो जीवनस्तर सर्वेक्षणमा परिवारलाई शिक्षा, स्वास्थ्य, बिजुली, खानेपानी, सडक, टेलिफोन, र हुलाक जस्ता आफूले उपयोग गरेको सरकारी सुविधा "राम्रो", "ठिकै", वा "नराम्रो" कस्तो लाग्छ भनेर सोधिएको थियो । यहाँ दिइएको प्रतिशत सम्बन्धित सुविधा प्रयोगगर्ने परिवार अर्थात् उपभोक्ताहरूसँग मात्र सम्बन्धित छ ।

**स्वास्थ्य** - समग्रमा, सरकारी स्वास्थ्य सुविधा उपयोग गरेका परिवार मध्ये जम्मा १२ प्रतिशत परिवारले मात्र यो सुविधा राम्रो ठानेका छन् । ७१ प्रतिशत उत्तरदाताले यो सुविधा ठिकै छ भनेका छन् भने १७ प्रतिशतले उपलब्ध सुविधा राम्रो छैन भनेका छन् । यदि राम्रो छैन भनेको "अपर्याप्त" भनेको हो भन्ने अर्थ लगाउने हो भने सरकारी स्वास्थ्य सुविधा उपयोग गरेका परिवार मध्ये पुगनपुग पाँच परिवारमध्ये एक परिवारले यस्तो सुविधा अपर्याप्त ठानेको देखिन्छ ।

**शिक्षा** - सरकारी स्तरमा सञ्चालित शिक्षा उपयोग गरेका परिवार मध्ये ७३ प्रतिशतले यो सुविधा ठिकै छ भनेका छन् भने ११ प्रतिशतले नराम्रो ठान्दछन् अर्थात् सरकारी शिक्षा राम्रो छैन भनेका छन् ।

**खानेपानी** - समग्रमा सरकारबाट व्यवस्था गरेको खानेपानी उपयोगगर्ने पाँच परिवारमा एक परिवारले मात्र खानेपानीको अवस्था राम्रो ठान्दछन् । ५५ प्रतिशतले ठिकै भएको महसुस गरेका छन् भने अर्को २५ प्रतिशतले खानेपानीको अवस्था अपर्याप्त छ भनेका छन् ।

**<u>बिजुली</u>** - बिजुलीको सन्दर्भमा राम्रो, र ठिकै छ भन्नेहरू क्रमशः १२, ४६ प्रतिशत छन् । सरकारी सुविधा मध्ये परिवारले सबैभन्दा अपर्याप्त ठानेको सुविधामा बिजुली पर्दछ । बिजुलीको सुविधा अपर्याप्त छ भन्ने परिवारहरू ४० प्रतिशत भन्दा बढी छन् ।

**<u>सडक</u>** - सडक सुविधामा पनि उपभोक्ता परिवारहरू त्यति सन्तुष्ट छैनन् । एक तिहाई परिवारले यो सुविधा राम्रो छैन भनेका छन् भने ५५ प्रतिशतले ठिकै ठान्दछन् । करिब १२ प्रतिशत परिवारले मात्र उपलब्ध सडक सुविधा राम्रो छ भन्दछन् ।

**<u>हुलाक</u>** - हुलाकको सुविधा उपयोग गर्ने परिवार मध्ये अधिकांशले ठिकै छ भनेका छन् । राम्रो छ, ठिकै छ, र राम्रो छैन भन्ने परिवारहरू क्रमशः ६, ८३, र ११ प्रतिशत छन् ।

**<u>टेलिफोन</u>** - टेलिफोन सुविधा राम्रो छ भन्ने परिवारहरू करिब १८ प्रतिशत छन् भने राम्रो छैन भन्ने परिवारहरू ९ प्रतिशत छन् । बाँकी ७४ प्रतिशत परिवारले यो सुविधा ठिकै छ भन्ने ठान्दछन् ।

**<u>तुलनात्मक संक्षेप</u>** - अधिकांश उत्तरदाताहरू सरकारी सुविधाहरू ठिकै छन् भन्ने ठान्दछन् । दोस्रो सर्वेक्षणको समयमा भन्दा तेस्रो सर्वेक्षणको समयमा बिजुली र खानेपानीको सन्दर्भमा सेवाको स्तर राम्रो छैन भन्ने उत्तरदाताहरूको प्रतिशत बढेको छ । सुविधा राम्रो र नराम्रो भन्नेहरूको प्रतिशत लगभग उल्टोपाल्टो छ । अर्थात् राम्रो भन्ने परिवारहरू धेरै भएका सुविधामा नराम्रो भन्ने पविारहरू तुलनात्मक रूपमा थोरै छन् भने राम्रो भन्ने परिवारहरू थोरै भएका सुविधामा नराम्रो भन्ने परिवारहरू धेरै छन्, बाँकी परिवार ठीकै छ भन्ने समूहमा पर्दछन् । सुविधाहरूलाई राम्रो वा नराम्रो भन्नेहरू मध्ये खानेपानीको सुविधा राम्रो छ भन्नेहरूको प्रतिशत (२० प्रतिशत) सबैभन्दा बढी छ । सुविधाको स्तर ठिकैछ भन्ने परिवारहरू मध्ये हुलाकमा सबै भन्दा धेरै छन् भने नराम्रो भन्ने परिवारहरूमा बिजुलीमा सबै भन्दा धेरै छन् ।

चित्र २.१७.१: आफूले उपभोग गरेको सरकारी सुविधा राम्रो छैन भन्ने धारणा राख्ने उत्तरदाताहरुको प्रतिशत, १९९५/९६ - २०१०/११



## २.१८ बालबालिकाको पोषण

(तालिका १८)

नेपाल जीवनस्तर सर्वेक्षण तेस्रोमा पाँच वर्षमुनिका बालबालिकाको उचाइ र तौल पनि लिइएको थियो । त्यसैगरी स्तनपान र पूरक आहारबारे पनि सोधिएको थियो । परिवारमा आइपरेको खाद्य असुरक्षाको परिणाम स्वरुप परिवारका सदस्यले यथेष्ट खाना खान पाउँदैनन् र यसले बालबालिकाको वृद्धिमा अझ गम्भीर असर पार्दछ । कुपोषित वालवालिकाहरू झाडा पखाला, स्वासप्रश्वास जस्ता रोगहरूबाट बढी जोखिमपूर्ण हुन्छन् । बालबालिकाको उचाइ र तौल परिवारमा भएको खाद्य असुरक्षाको समस्याको मूल्याङ्कन गर्न सहयोगी हुन्छ । बालबालिकाको उमेर, तौल र उचाइको सम्बन्धका आधारमा उनीहरूको स्वास्थ्य र कुपोषण सम्बन्धी तीनवटा सूचकहरू निकाल्ने गरिन्छ - पुड्कोपन, दुब्लोपन र अल्पवजन ।

**<u>पुड्कोपन</u>** - उमेर अनुसार हुनुपर्ने उचाइ भन्दा कम उचाइ भएका बालबालिकालाई पुड्कोपन भएका बालबालिका भनिन्छ । नेपालमा पाँच वर्ष मुनिका बालबालिका मध्ये ४२ प्रतिशत बालबालिका पुड्कोपनले ग्रस्तछन् भने १५ प्रतिशत अति पुडका छन् ।

**<u>दुब्लोपन</u>** - उचाइको तुलनामा कम तौल भएका बालबालिकालाई दुब्लो भनिन्छ । १४ प्रतिशत बालबालिका यस्तो कुपोषणले ग्रस्त छन् । अति दुब्लोपन भएका बालबालिकाहरूको प्रतिशत ३ छ ।

**<u>अल्पवजन</u>** - बालबालिकाको तौल उमेर अनुसार हुनुपर्ने तौल भन्दा कम छ भने त्यस्ता बालबालिकालाई अल्पवजन भएको भनिन्छ । नेपालमा पाँचवर्ष मुनिका बालबालिका मध्ये ३१ प्रतिशत बालबालिका अल्पवजन भएका छन् । ८ प्रतिशत बालबालिका अति अल्पवजन भएका छन् ।

**<u>स्तनपान र पूरक आहार</u>** - शिशुहरूलाई स्तनपान गराउने अवधिले आमा र शिशु दुवैको स्वास्थ्यमा असर गर्दछ । यसले बालबालिकाको पोषण स्थिति निर्धारण गर्दछ । अर्कोतर्फ स्तनपान गराउँदा आमाको प्रजनन दर घटाउन पनि मद्दत गर्दछ ।

**<u>आमाको दूधमात्र खाएका बालबालिका</u>** - ६ महिनासम्म आमाको दूधमात्र खाने बालबालिका ७६ प्रतिशत छन् ।

**<u>बालबालिकालाई आमाको दूध ख्वाएको अवधि</u>** - नेपालमा बालबालिकालाई लामै समय/अवधिसम्म स्तनपान गराउने प्रचलन छ । आमाले बालक/बालिकालाई स्तनपान गराउने औसत अवधि १७ महिना छ ।

**<u>बच्चाबच्चीलाई आमाको दूधका साथै थप खानेकुरा दिन थालेको समय</u>** - बालबालिकालाई पूरक आहार दिन शुरु गर्ने औसत महिना ७ महिना रहेको छ ।




## २.१९ प्यानल गणना-क्षेत्र र परिवार

नेपाल जीवनस्तर सर्वेक्षण दोस्रोमा (सन् २००३/०४ को सर्वेक्षणमा) विवरण सङ्कलन गरिएका मध्येबाट तेस्रो नेपाल जीवनस्तर सर्वेक्षणका लागि (सन् २०१०/११ को सर्वेक्षणका लागि) छानिएका गणना-क्षेत्रलाई यहाँ प्यानल गणना-क्षेत्र भनिएको हो । त्यसै प्रकारले यी गणना-क्षेत्रमा दोस्रो सर्वेक्षणमा अन्तर्वार्ता लिइएका परिवारलाई यहाँ प्यानल परिवार भनिएको छ ।

तेस्रो सर्वेक्षणका लागि छानिएका १०० प्यानल गणना-क्षेत्र मध्ये ५० वटा गणना-क्षेत्र पहिलो सर्वेक्षणबाट (सन् १९९५/९६ को सर्वेक्षणबाट) दोस्रो सर्वेक्षणमा प्यानलको रूपमा लिइएका क्षेत्र हुन् भने बाँकी ५० वटा क्षेत्र दोस्रो सर्वेक्षणमा नयाँ गणना गरिएका क्षेत्र हुन् । यसै अनुसार, तेस्रो सर्वेक्षणका लागि छानिएका १,२०० परिवार मध्ये ६०० परिवार पहिलो र दोस्रो दुवै सर्वेक्षणमा अन्तर्वार्ता लिइएका परिवार र बाँकी ६०० परिवार दोस्रो सर्वेक्षणमा अन्तर्वार्ता लिइएका परिवार हुन् ।

प्यानलका १,२०० परिवार मध्ये ८५ प्रतिशत परिवार पत्ता लगाएर तेस्रो सर्वेक्षणमा ती परिवारहरूको अन्तर्वार्ता लिइएको छ । नभेटिएका वा पत्ता नलागेका परिवार मध्ये ५६ प्रतिशत परिवार गणना भैरहेको ठाउँबाट बसाइँसरेर गएका रहेछन् भने बाँकी ४४ प्रतिशत परिवार अन्य विविध कारणले नभेटिएका हुन् । बसाइँसरी गएका परिवार मध्ये ९३ प्रतिशत परिवार स्वदेशमा नै बसेका छन्, भने ७ प्रतिशत परिवार विदेश गएका छन् ।

प्यानलमा भएका परिवारका सदस्य मध्ये हाल सम्बन्धित परिवारमा नरहेका व्यक्ति ३३ प्रतिशत छन् । सदस्य नरहेका व्यक्ति मध्ये १२ प्रतिशतको हाल मृत्यु भै सकेको छ, भने २५ प्रतिशत पहिलेको परिवारबाट छुट्टिभिन्न भै हाल अन्य परिवारको सदस्य भएका छन् । अरु कारणमा, २५ प्रतिशत काम खोज्न बसाइँसरेर अन्यत्र गएका छन्, २० प्रतिशतको विवाह भएर अन्य परिवारको सदस्य भएका छन्, ११ प्रतिशत पढ्न गएका छन्, र बाँकी ७ प्रतिशत अन्य विविध कारणले पहिलेको परिवारमा हाल सदस्य छैनन् । बसाइँसरी गएका परिवार मध्ये ६९ प्रतिशत परिवार स्वदेशमा नै बसाइँसरी गएका छन्, भने ३१ प्रतिशत परिवार विदेश गएका छन् ।

# सन्दर्भ सूची


Central Bureau of Statistics (CBS). 1987. *Population Monograph of Nepal*. Kathmandu, Nepal: Central Bureau of Statistics.

CBS. 1996. *Nepal Living Standards Survey Report 1996: Main Findings, Volume One*. Kathmandu, Nepal: Central Bureau of Statistics.

CBS. 1996. *Nepal Living Standards Survey Report 1996: Main Findings, Volume Two*. Kathmandu, Nepal: Central Bureau of Statistics.

CBS. 1999. *Report* on the Nepal Labour Force Survey*, 1998/99*. Kathmandu, Nepal: Central Bureau of Statistics.

CBS. 2004. *Nepal Living Standards Survey, 2003/04: Statistical Report, Volume One*. Kathmandu, Nepal: Central Bureau of Statistics.

CBS. 2004. *Nepal Living Standards Survey, 2003/04: Statistical Report, Volume Two*. Kathmandu, Nepal: Central Bureau of Statistics.

CBS. 2009. *Report on the Nepal Labour Force Survey, 2008*. Kathmandu, Nepal: Central Bureau of Statistics.

Food and Agriculture Organization of the United Nations (FAO), 2005. *A System of Integrated Agricultural Censuses and Surveys, Volume 1, World Programme for the Census of Agriculture, 2010/11, FAO Statistical Development Series, 11*. Rome: Food and Agriculture Organization of the United Nations.

Ministry of Health and Population (MOHP), New ERA, and Macro International Inc. 2007. *Nepal Demographic Health Survey 2006*. Kathmandu, Nepal: Ministry of Health and Population, New ERA, and Macro International Inc.

United Nations. 2008. *Principles and Recommendations for Population and Housing Censuses*, Revision 2, Statistical Papers, Series M No. 67/Rev. 2 (ST/ESA/STAT/SER M/67/Rev.2). New York: Statistics Division, Department of Economic and Social Affairs, United Nations.

# तालिकाहरू

तालिका १: जनसाङ्ख्यिक सूचकहरू

| विवरण | नेपाल जीवनस्तर सर्वेक्षण | | |
|---|---|---|---|
| | १९९५/९६ | २००३/०४ | २०१०/११ |
| १५ वर्ष मुनिको जनसंख्याको प्रतिशत | ४२.४ | ३९.६ | ३६.७ |
| १५ वर्ष देखि ५९ वर्ष उमेर समूहको जनसंख्याको प्रतिशत | ५०.८ | ५२.८ | ५४.२ |
| ६० वर्ष र सो भन्दा बढी उमेरको जनसंख्याको प्रतिशत | ६.८ | ७.६ | ९.१ |
| पुरुष-महिला अनुपात (प्रत्येक १०० जना महिलामा पुरुषको संख्या) | ९५.५ | ९२.३ | ८५.६ |
| निर्भरता अनुपात (वयस्कको अनुपातमा बालक र वृद्ध) | ९७.० | ८९.२ | ८४.४ |
| परिवारको आकार (परिवारको औसत सदस्य संख्या) | ५.७ | ५.३ | ४.९ |
| | | | |
| परिवारको सदस्य संख्या अनुसार परिवारको प्रतिशत | | | |
| १ - २ सदस्य भएका परिवार | ९.५ | १०.८ | १३.८ |
| ३ - ४ सदस्य भएका परिवार | २५.५ | ३०.१ | ३५.१ |
| ५ - ६ सदस्य भएका परिवार | ३३.८ | ३४.८ | ३२.२ |
| ७ - ८ सदस्य भएका परिवार | १९.१ | १५.३ | १२.६ |
| ९ जना वा सो भन्दा बढी सदस्य भएका परिवार | १२.२ | ८.९ | ६.३ |
| | | | |
| उमेर अनुसार परिवारमूलीको प्रतिशत | | | |
| ३० वर्ष भन्दा कम उमेरका | १४.९ | १२.६ | ११.० |
| ३० - ३९ वर्ष उमेर समूहका | २५.२ | २४.३ | २४.७ |
| ४० - ४९ वर्ष उमेर समूहका | २३.८ | २४.३ | २३.१ |
| ५० - ५९ वर्ष उमेर समूहका | १७.७ | १९.४ | २१.३ |
| ६० वर्ष र सो भन्दा बढी उमेरका | १८.४ | १९.४ | १९.९ |
| | | | |
| महिला परिवारमूली भएका परिवारको प्रतिशत | १३.६ | १९.६ | २६.६ |

तालिका २: आवास सम्बन्धी सूचकहरू

| विवरण | नेपाल जीवनस्तर सर्वेक्षण | | |
|---|---|---|---|
| | १९९५/९६ | २००३/०४ | २०१०/११ |
| आफ्नै स्वामित्वको आवासमा बस्ने परिवारको प्रतिशत | ९३.८ | ९१.६ | ८९.७ |
| भाडा तिरेर अरुको घरमा बस्ने परिवारको प्रतिशत | २.२ | ५.४ | ७.८ |
| भाडा नतिरी अरुको स्वामित्वको आवासमा बस्ने परिवारको प्रतिशत | २.६ | २.५ | २.२ |
| परिवारले चलन गरेको औसत कोठा संख्या | ३.० | ३.७ | ४.६ |
| | | | |
| परिवारले चलन गरेको आवासको औसत क्षेत्रफल (वर्ग फिट) | ६०४ | ५३१ | ६०५ |
| परिवार बसेको घरघडेरीले चर्चेको घरको औसत क्षेत्रफल (वर्ग फिट) | १,३३७ | १,४७३ | १,६२५ |
| | | | |
| बाहिरी गारोको निर्माण सामग्री अनुसार घर/डेरामा बस्ने परिवारको प्रतिशत | | | |
| सिमेन्टको जोडाइ भएको इँट/ढुङ्गा | १०.७ | १८.३ | २६.१ |
| माटोको जोडाइ भएको इँट/ढुङ्गा | ५१.८ | ४७.५ | ४८.१ |
| काठ, बाँस, स्याउला | २४.९ | १८.५ | २३.७ |
| अन्य प्रकारको गारो | १२.६ | १५.७ | २.१ |
| | | | |
| घरको छानाको बनोट अनुसार घर/डेरामा बस्ने परिवारको प्रतिशत | | | |
| खर/पराल/छवालीको छाना | ५०.७ | ३२.३ | १८.१ |
| ढलान/कङ्क्रिटको छाना | ५.७ | १३.६ | २०.३ |
| जस्ता/टिन/च्यादरको छाना | ११.२ | २१.० | २८.४ |
| टायल/खपडा/झिँगटि/ढुङ्गाको छाना | २८.१ | ३०.१ | २९.९ |
| अन्य प्रकारको छाना | ४.३ | ३.० | ३.३ |
| | | | |
| घरको जगको बनोट अनुसार घर/डेरामा बस्ने परिवारको प्रतिशत | | | |
| ढलान पिलर सहितको जग | - | - | १३.० |
| सिमेन्टको जोडाइ भएको जग | - | -- | १३.७ |
| माटोको जोडाइ भएको जग | - | - | ४८.७ |
| काठको खम्बा सहितको जग | - | - | २१.२ |
| अन्य प्रकारको जग | - | - | ३.४ |
| | | | |
| खानेपानीको स्रोत अनुसार घर/डेरामा बस्ने परिवारको प्रतिशत | | | |
| घरमा जोडिएको पाइप धाराको पानी | ८.३ | १४.४ | २१.५ |
| घर बाहिर भएको धाराको पानी | २४.५ | २९.५ | २३.० |
| छोपिएको (ढकनी भएको) इनार | ३७.६ | ३७.२ | ३८.५ |
| खुला इनार | ८.३ | ४.७ | ७.० |
| अन्य प्रकारको स्रोत | २१.४ | १४.२ | ९.९ |
| | | | |
| सुविधा प्रयोग गर्ने/पहुँच भएका परिवार प्रतिशत | | | |
| बिजुली | १४.१ | ३७.२ | ६९.९ |
| टेलिफोन | १.० | ६.१ | १२.५ |
| ढल निकास | ९.२ | १२.१ | १८.५ |
| फोहोरमैला निकास | १.८ | ८.० | १०.३ |
| चर्पी | २१.६ | ३८.७ | ५६.० |

| विवरण | नेपाल जीवनस्तर सर्वेक्षण | | |
|---|---|---|---|
| | १९९५/९६ | २००३/०४ | २०१०/११ |
| खाना पकाउने इन्धन अनुसार परिवारको प्रतिशत | | | |
| काठ/दाउरा | ६७.७ | ६९.१ | ६४.४ |
| गोबर गुइँठा/झारपात/परालखर | २५.८ | १५.७ | १३.६ |
| सिलिण्डर ग्याँस | १.० | ८.२ | १७.७ |
| मटितेल | ४.६ | ४.७ | ०.५ |
| अन्य प्रकारको इन्धन | ०.८ | २.३ | ३.८ |
| दाउरा प्रयोग गर्ने परिवारको प्रतिशत | ७६.७ | ८३.७ | ८३.७ |
| दाउरा प्रयोग गर्ने परिवार मध्ये दाउरा खोज्ने परिवारको प्रतिशत | ८४.३ | ८७.८ | ७६.९ |
| | | | |
| दाउरा खोजेको ठाउँ अनुसार दाउरा खोज्ने परिवारको प्रतिशत | | | |
| आफ्नै जग्गामा | १८.९ | २५.७ | २३.९ |
| सामुदायिक वनबाट | ११.९ | ३०.६ | ४४.१ |
| सरकारी वनबाट | ६६.१ | ३०.३ | २१.२ |
| अन्य ठाउँबाट | ३.१ | १३.४ | १०.९ |
| | | | |
| खाना पकाउन प्रयोग गरेको चुलोको किसिम अनुसार परिवारको प्रतिशत | | | |
| अगेना | - | २८.० | २१.६ |
| माटोको चुलो | - | ५४.५ | ५२.३ |
| धूँवा रहित चुलो | - | १.९ | ३.४ |
| मटितेल/ग्याँस चुलो | - | १४.७ | २१.३ |
| अन्य प्रकारको चुलो | - | ०.८ | १.३ |
| | | | |
| पशुचौपायाका लागि घाँसपात खोज्ने परिवारको प्रतिशत | - | ७५.२ | ७०.२ |
| घाँसपात ल्याउने ठाउँ अनुसार परिवारको प्रतिशत | | | |
| आफ्नै जग्गा | - | ५७.८ | ५६.९ |
| सामुदायिक वन | - | १०.५ | १६.६ |
| सरकारी वन | - | १२.४ | ६.८ |
| अन्यत्रबाट | - | १९.३ | १९.७ |
| | | | |
| खाना पकाउँदा प्रयोग गरेको नुनको किसिम अनुसार परिवारको प्रतिशत | | | |
| ढिके नुन | - | - | २२.४ |
| धुलो नुन | - | - | १७.९ |
| दुई बालबालिकाको चिन्ह (लोगो) भएको प्याकेट नुन | - | - | ५९.४ |
| अन्य प्रकारको नुन | - | - | ०.३ |
| | | | |
| नुनमा भएको आयोडिनको मात्रा अनुसार प्रयोगगर्ने परिवारको प्रतिशत | | | |
| आयोडिन नभएको नुन | - | - | ७.७ |
| १५ पिपिएम भन्दा कम आयोडिन भएको नुन | - | - | २०.० |
| १५ वा सो भन्दा बढी पिपिएम आयोडिन भएको नुन | - | - | ७२.३ |

तालिका ३: सुविधाहरूमा परिवारको पहुँच सम्बन्धी सूचकहरू

| नजिकको सुविधासम्म पुग्न लागेको समय बताउने उत्तरदाताको प्रतिशत | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| विवरण | नेपाल जीवनस्तर सर्वेक्षण | | | | | | |
| | १९९५/९६ | २००३/०४ | २०१०/११ | २०१०/११ | | | |
| | ३० मिनेट भन्दा कम समय | | | ३० - ६० मिनेट | १ - २ घण्टा | २ - ३ घण्टा | ३ घण्टा र बढी |
| शिशु विकास केन्द्र | | | ८८.८ | ७.४ | २.८ | ०.४ | ०.६ |
| प्राथमिक विद्यालय | ८८.४ | ९१.४ | ९४.७ | ४.४ | ०.९ | ० | ०.१ |
| माध्यमिक विद्यालय | - | - | ७१.५ | १६.१ | ९.० | २.३ | १.१ |
| उच्च माध्यमिक विद्यालय | - | - | ५६.३ | १९.९ | १४.३ | ५.१ | ४.४ |
| | | | | | | | |
| उप-स्वास्थ्य चौकी/स्वास्थ्य चौकी | - ४४.८ | - ६१.८ | ६१.८ | २१.० | १३.० | २.५ | १.७ |
| प्राथमिक स्वास्थ्य केन्द्र/सरकारी अस्पताल | | | ३३.६ | २०.२ | २०.० | ९.३ | १७.० |
| क्लिनिक/प्राइभेट अस्पताल | | | ५३.४ | १४.२ | १२.१ | ६.६ | १३.७ |
| | | | | | | | |
| बस बिसौनी | ३३.१ | ५३.० | ६६.० | ११.५ | ८.६ | ४.३ | ९.६ |
| पक्की सडक | २४.२ | ३७.२ | ५१.० | १२.३ | १२.५ | ५.७ | १८.५ |
| कच्ची सडक (गाडी जानसक्ने) | ५८.० | ६७.६ | ७९.७ | ३.९ | ५.६ | ३.५ | ७.३ |
| मूल बाटो/घोडेटो | ९०.० | ९४.३ | ९७.१ | ०.८ | १.९ | ०.१ | ०.१ |
| | | | | | | | |
| स्थानीय पसल/दोकान | ७९.० | ८६.२ | ९२.० | ३.८ | २.६ | १.१ | ०.५ |
| हाट बजार | ४१.४ | ६०.७ | ६४.० | १४.२ | १०.७ | ६.७ | ४.४ |
| बजार केन्द्र | २४.२ | ३४.४ | ४४.७ | १७.९ | १७.५ | ८.८ | ११.१ |
| | | | | | | | |
| कृषि केन्द्र | २४.५ | ३१.९ | ४२.८ | २२.३ | १७.४ | ८.९ | ८.७ |
| साझा/सहकारी संस्था | २५.९ | ३३.७ | ५३.९ | १८.८ | १३.६ | ६.१ | ७.६ |
| | | | | | | | |
| बैंक | २०.७ | २७.८ | ३९.९ | १६.५ | १६.९ | ८.६ | १८.२ |
| | | | | | | | |
| खानेपानी (वर्षा मौसम) | - | ९८.३ | ९९.४ | ०.४ | ०.१ | ० | ०.१ |
| खानेपानी (सुखा मौसम) | - | | ९८.८ | १.० | ०.२ | ० | ०.१ |
| | | | | | | | |
| हुलाक | - | ६१.० | ६५.४ | १६.९ | १२.३ | ३.५ | २.० |
| टेलिफोन बुथ | - | ५३.६ | ८६.३ | ७.३ | ४.० | १.४ | १.१ |
| प्रहरी चौकी | - | - | ५६.५ | १७.९ | १४.३ | ७.२ | ४.१ |
| | | | | | | | |
| इन्टरनेटको सुविधा | - | - | ४३.२ | १६.० | १५.९ | ८.२ | १६.७ |
| सामुदायिक पुस्तकालय | - | - | ३८.६ | १६.८ | १८.९ | ८.५ | १७.२ |

तालिका ४: साक्षरता एवं शिक्षा सम्बन्धी सूचकहरू

| विवरण | नेपाल जीवनस्तर सर्वेक्षण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | १९९५/९६ | | | २००३/०४ | | | २०१०/११ | | |
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| साक्षरता दर | | | | | | | | | |
| ५ वर्ष र बढी उमेरका व्यक्ति | - | - | - | - | - | - | ७०.८ | ५०.७ | ५९.९ |
| ६ वर्ष र बढी उमेरका व्यक्ति | ५२.२ | २४.४ | ३७.८ | ६३.५ | ३८.९ | ५०.६ | ७२.२ | ५१.४ | ६०.९ |
| १५ वर्ष र बढी उमेरका व्यक्ति | ५३.५ | १९.४ | ३५.६ | ६४.५ | ३३.८ | ४८.० | ७१.६ | ४४.५ | ५६.५ |
| | | | | | | | | | |
| ६ वर्ष र बढी उमेरका व्यक्तिको शैक्षिक पृष्ठभूमि (प्रतिशत) | | | | | | | | | |
| कहिल्यै स्कुल नगएको | ४१.१ | ७०.३ | ५६.१ | ३०.७ | ५६.१ | ४४.० | २२.८ | ४४.१ | ३४.४ |
| विगतमा स्कुल/कलेजमा पढेको | २७.३ | १०.० | १८.४ | ३४.१ | १९.१ | २६.२ | ३५.९ | २१.५ | २८.० |
| हाल स्कुल/कलेजमा पढिरहेको | ३१.६ | १९.७ | २५.५ | ३५.३ | २४.९ | २९.८ | ४१.३ | ३४.४ | ३७.५ |
| | | | | | | | | | |
| कहिल्यै स्कुल नगएका ६ - २४ वर्ष उमेर समूहका व्यक्तिको प्रतिशत | २२.३ | ४९.८ | ३६.३ | ११.९ | ३०.१ | २१.२ | ४.८ | १२.० | ८.७ |
| | | | | | | | | | |
| ६ - २४ वर्ष उमेर समूहका व्यक्ति कहिल्यै स्कुल जानुको कारण(प्रतिशत) | | | | | | | | | |
| धेरै महँगो भएकोले | २५.० | १७.६ | १९.८ | २६.६ | १६.५ | १९.३ | ६.८ | ७.५ | ७.३ |
| धेरै टाढा भएकोले | ३.८ | ४.० | ३.९ | ३.५ | २.४ | २.७ | ३.७ | २.८ | ३.१ |
| घरमा काम सघाउनु परेकोले | १९.० | २१.४ | २०.७ | १५.१ | २२.२ | २०.३ | १३.५ | २९.६ | २५.५ |
| बाबुआमाले नचाहेकोले | १६.८ | ३५.५ | २९.९ | १७.८ | ३८.४ | ३२.८ | १४.५ | ३५.३ | ३०.० |
| पढ्न मन नलागेर | १६.९ | ७.९ | १०.६ | १९.४ | १०.५ | १२.९ | ३०.५ | १२.७ | १७.२ |
| अपाङ्गता भएकोले | - | - | - | - | - | - | ८.३ | १.७ | ३.४ |
| उमेर नपुगेकोले | - | - | - | - | - | - | १३.७ | ४.९ | ७.२ |
| अन्य कारणले | १८.६ | १३.६ | १५.१ | १७.७ | ९.९ | १२.१ | ९.१ | ५.४ | ६.४ |
| | | | | | | | | | |
| विगतमा स्कुल पढेका १५ वर्ष र माथिका व्यक्तिको प्रतिशत | ५०.२ | १९.१ | ३३.९ | ६१.२ | ३२.६ | ४५.८ | ६९.६ | ४२.९ | ५४.६ |
| शैक्षिक संस्थामा पढेको सरदर वर्ष | ७.१ | ६.८ | ७.० | ७.६ | ७.४ | ७.५ | ८.२ | ८.० | ८.१ |
| | | | | | | | | | |
| खुद भर्नादर/उपस्थितिदर* | | | | | | | | | |
| प्राथमिक | ६७ | ४६ | ५७ | ७८ | ६७ | ७२ | ६७ | ७० | ६९ |
| निम्न माध्यमिक | २३ | १४ | १९ | ३१ | २६ | २९ | २६ | २७ | २७ |
| माध्यमिक | १३ | ६ | ९ | १७ | १३ | १५ | १४ | १६ | १५ |
| उच्च माध्यमिक | - | - | - | ६ | ३ | ५ | ५ | ४ | ५ |
| उच्च शिक्षा | - | - | - | ४ | २ | ३ | १० | ७ | ८ |
| *नोट : नेपाल जीवनस्तर सर्वेक्षण पहिलो र दोस्रोमा खुद भर्नादर हो भने तेस्रोमा खुद उपस्थिति दर हो । | | | | | | | | | |

| विवरण | नेपाल जीवनस्तर सर्वेक्षण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | १९९५/९६ | | | २००३/०४ | | | २०१०/११ | | |
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| हाल पढिरहेको स्कुल/कलेजको प्रकार (प्रतिशत) | | | | | | | | | |
| सामुदायिक/सरकारी | - | - | ८९.७ | - | - | ८१.६ | - | - | ७१.९ |
| संस्थागत/निजी | - | - | ८.५ | - | - | १६.७ | - | - | २६.८ |
| अन्य प्रकारका स्कुल/कलेज | - | - | १.९ | - | - | १.७ | - | - | १.२ |
| | | | | | | | | | |
| स्कुल छाड्नुको कारण (प्रतिशत) | | | | | | | | | |
| घरमा काम सघाउनु परेकोले | - | - | - | - | - | २६.८ | - | - | २२.० |
| धेरै महँगो भएकोले | - | - | - | - | - | ११.५ | - | - | ६.५ |
| पढाइ राम्रोगर्न नसकेकोले | - | - | - | - | - | ३१.६ | - | - | २४.६ |
| बाबुआमाले नचाहेकोले | - | - | - | - | - | ८.५ | - | - | ७.४ |
| चाहेजति पढिसकेकोले | - | - | - | - | - | ३.८ | - | - | १.८ |
| अर्को ठाउँमा सरेकोले | - | - | - | - | - | ४.५ | - | - | १७.२ |
| अन्य कारण | - | - | - | - | - | १३.४ | - | - | २०.५ |

तालिका ५: स्वास्थ्य सम्बन्धी सूचकहरू

| विवरण | नेपाल जीवनस्तर सर्वेक्षण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | १९९५/९६ | | | २००३/०४ | | | २०१०/११ | | |
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| अपाङ्गता भएका व्यक्तिहरूको प्रतिशत | - | - | - | - | - | - | ४.२ | ३.० | ३.६ |
| | | | | | | | | | |
| अपाङ्गताको किसिम अनुसार जनसंख्याको प्रतिशत | | | | | | | | | |
| शारीरिक | - | - | - | - | - | - | ३२.९ | २४.९ | २९.२ |
| दृष्टि सम्बन्धी | - | - | - | - | - | - | १९.० | २६.२ | २२.३ |
| श्रवण सम्बन्धी | - | - | - | - | - | - | २१.४ | २५.९ | २३.४ |
| श्रवण-दृष्टि सम्बन्धी | - | - | - | - | - | - | २.६ | २.१ | २.४ |
| स्वर/बोलाइ सम्बन्धी | - | - | - | - | - | - | ९.६ | ७.४ | ८.६ |
| मानसिक | - | - | - | - | - | - | ७.९ | ५.६ | ६.८ |
| बहु अपाङ्गता | - | - | - | - | - | - | ६.७ | ८.० | ७.३ |
| | | | | | | | | | |
| दीर्घ रोग लागेका जनसंख्याको प्रतिशत | ५.९ | ७.० | ६.५ | ५.४ | ५.४ | ५.४ | ९.९ | १३.३ | ११.७ |
| | | | | | | | | | |
| दीर्घ रोगको किसिम अनुसार जनसंख्याको प्रतिशत | | | | | | | | | |
| मुटु सम्बन्धी | - | - | - | ७.३ | ११.८ | ९.६ | ५.० | ५.८ | ५.५ |
| स्वासप्रस्वास सम्बन्धी | - | - | - | ८.४ | ६.० | ७.२ | ३.८ | २.३ | २.९ |
| दम | - | - | - | २४.५ | २१.९ | २३.१ | १२.७ | ८.७ | १०.३ |
| छारे रोग | - | - | - | ३.१ | ३.५ | ३.३ | १.४ | १.२ | १.३ |
| क्यान्सर (अर्वुद) | - | - | - | ०.६ | १.३ | १.० | ० | ०.३ | ०.२ |
| मधुमेह | - | - | - | ६.६ | ४.६ | ५.६ | ६.५ | ३.५ | ४.७ |
| मृगौला र कलेजो सम्बन्धी | - | - | - | २.८ | २.९ | २.९ | २.१ | १.० | १.४ |
| वाथ/जोर्नी दुखाई | - | - | - | - | - | - | १३.० | १५.९ | १४.८ |
| स्त्रीरोग | - | - | - | - | - | - | - | ७.४ | ४.५ |
| पेशागत रोग | - | - | - | २.९ | १.२ | २.० | ०.८ | ०.२ | ०.५ |
| उच्च/निम्न रक्त चाप | - | - | - | १२.६ | ११.९ | १२.२ | ११.० | १०.६ | १०.८ |
| ग्यास्ट्रिक/अल्सर /आन्द्राको रोग | - | - | - | - | - | - | २८.६ | ३०.१ | २९.५ |
| अन्य दीर्घ रोग | - | - | - | ३१.२ | ३५.० | ३३.१ | १५.० | १२.९ | १३.७ |
| | | | | | | | | | |
| विगत ३० दिनमा बिरामी परेका/स्वास्थ्य समस्या देखिएका जनसंख्याको प्रतिशत | - | - | ९.० | १२.८ | १३.२ | १३.० | २०.२ | २०.२ | २०.२ |
| | | | | | | | | | |
| स्वास्थ्य समस्याको किसिम अनुसार जनसंख्याको प्रतिशत | | | | | | | | | |
| झाडापखाला | १६.६ | १७.४ | १७.० | १३.१ | ९.९ | ११.४ | १५.२ | १५.८ | १५.५ |
| आउँ | | | | | | | १.८ | १.७ | १.७ |
| स्वासप्रस्वास सम्बन्धी | ४.७ | ५.६ | ५.२ | ८.९ | ६.५ | ७.७ | २.७ | २.१ | २.४ |
| मलेरिया | | | | | | | १.७ | ०.९ | १.३ |
| रुघाखोकी ज्वरो | ४५.५ | ४२.१ | ४३.७ | ४२.९ | ३९.७ | ४१.२ | ३१.० | ३०.१ | ३०.५ |
| अरु ज्वरो | | | | | | | २४.१ | २३.१ | २३.५ |
| छालाको रोग | २७.३ | ३२.० | २९.७ | - | - | - | १.८ | २.२ | २.० |
| चोटपटक | ६.० | २.९ | ४.४ | ५.९ | ३.८ | ४.८ | ६.१ | ३.८ | ४.९ |

| विवरण | नेपाल जीवनस्तर सर्वेक्षण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | १९९५/९६ | | | २००३/०४ | | | २०१०/११ | | |
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| अन्य बिमारी | - | - | - | २९.१ | ४०.१ | ३४.९ | १५.५ | २०.४ | १८.१ |
| विगत ३० भित्र बिरामी भएपछि जँचाएको स्वास्थ्यकर्मीको किसिम (प्रतिशत) | | | | | | | | | |
| डाक्टर | ३५.६ | ३४.० | ३४.८ | २६.० | २६.१ | २६.० | २३.९ | २५.० | २४.५ |
| सहायक स्वास्थ्यकर्मी | २६.७ | २३.५ | २५.० | ३६.९ | ३५.५ | ३६.१ | २८.५ | २७.४ | २७.९ |
| कविराज/वैद्य | - | - | - | १.१ | ०.६ | ०.९ | ०.३ | ०.४ | ०.३ |
| औषधि पसल | - | - | - | - | - | - | १६.७ | १४.४ | १५.५ |
| धामी/झाँक्री | ४.५ | ७.० | ५.८ | ३.३ | २.८ | ३.१ | १.१ | १.३ | १.२ |
| कसैसँग नजँचाएको | ३३.२ | ३५.६ | ३४.४ | ३२.७ | ३५.० | ३३.९ | २९.५ | ३१.५ | ३०.६ |
| | | | | | | | | | |
| विगत ३० दिन भित्र बिरामी भएपछि जँचाएको ठाउँ /स्वास्थ्य संस्थाको (प्रतिशत) | | | | | | | | | |
| उपस्वास्थ्य चौकी | - | - | - | १६.१ | १७.० | १६.५ | १२.३ | १३.७ | १३.० |
| स्वास्थ्य चौकी | - | - | - | १०.२ | ११.५ | १०.९ | ७.८ | ८.० | ७.९ |
| अस्पताल/स्वास्थ्य केन्द्र | - | - | - | १४.९ | १६.१ | १५.६ | १३.१ | १४.५ | १३.८ |
| औषधि पसल | - | - | - | ४२.२ | ३८.९ | ४०.५ | २५.६ | २५.० | २५.३ |
| क्लिनिक | - | - | - | - | - | - | २८.८ | २६.३ | २७.५ |
| गैर सरकारी अस्पताल | - | - | - | ८.८ | ८.६ | ८.७ | ५.२ | ५.४ | ५.३ |
| अन्य ठाउँ/स्वास्थ्य संस्था | - | - | - | ७.९ | ८.० | ७.९ | ७.३ | ७.१ | ७.३ |
| | | | | | | | | | |
| खोपको मात्रा अनुसार पाँच वर्ष मुनिका* बालबालिकाको प्रतिशत | | | | | | | | | |
| खोपको पूरा मात्रा लिएका | ३७.६ | ३४.४ | ३६.० | ६१.५ | ५७.२ | ५९.४ | ६४.७ | ६३.४ | ६४.१ |
| खोपको आंशिक मात्रा लिएका | ४३.० | ४२.६ | ४२.८ | ३१.७ | ३४.८ | ३३.२ | ३३.२ | ३३.० | ३३.१ |
| खोप नलिएका | १९.३ | २३.० | २१.१ | ६.८ | ८.१ | ७.४ | २.१ | ३.६ | २.८ |
| **नोट : तेस्रो सर्वेक्षण १२ - ५९ महिना उमेरका बालबालिकाको प्रतिशत* | | | | | | | | | |
| | | | | | | | | | |
| दश वर्ष र बढी उमेरका व्यक्तिमध्ये एच्आइभि/एड्स्बारे सुनेकोछु भन्नेहरू (प्रतिशत) | - | - | - | ६४.९ | ५१.१ | ५७.६ | ६४.९ | ५४.२ | ५८.९ |
| | | | | | | | | | |
| एच्आइभि/एड्स्बारे पहिलो पटक सुनेको माध्यम (प्रतिशत) | | | | | | | | | |
| रेडियो | - | - | - | ५३.८ | ४८.१ | ५१.१ | ४१.४ | ३५.९ | ३८.६ |
| टेलिभिजन | - | - | - | १६.९ | २२.१ | १९.३ | ९.३ | ११.८ | १०.६ |
| पत्रपत्रिका/पोष्टर/पाम्पलेट | - | - | - | ११.१ | ८.२ | ९.७ | ५.० | २.५ | ३.७ |
| साथी/नातेदार | - | - | - | ११.२ | १४.३ | १२.७ | ११.३ | १५.२ | १३.३ |
| पाठ्यपुस्तक | - | - | - | - | - | - | २८.२ | २६.९ | २७.५ |
| स्वास्थ्यकर्मी | - | - | - | २.५ | ३.४ | २.९ | ३.७ | ६.४ | ५.१ |
| अन्य माध्यम | - | - | - | ४.४ | ४.० | ४.२ | १.२ | १.३ | १.३ |

| विवरण | नेपाल जीवनस्तर सर्वेक्षण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | १९९५/९६ | | | २००३/०४ | | | २०१०/११ | | |
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| एच्आइभि/एड्स्बाट बच्ने उपाय (उत्तरदाताको प्रतिशत) | | | | | | | | | |
| यौनसम्पर्क नगर्ने | - | - | - | - | - | - | १९.६ | १७.० | १८.३ |
| कण्डम प्रयोगगर्ने | - | - | - | - | - | - | ५५.३ | ४५.६ | ५०.४ |
| एक जनासँगमात्र यौनसम्पर्क राख्ने | - | - | - | - | - | - | ३६.१ | ३५.९ | ३६.० |
| थोरै व्यक्तिसँग यौनसम्पर्क राख्ने | - | - | - | - | - | - | ९.६ | ८.५ | ९.० |
| यौनकर्मीसँग यौनसम्पर्क नराख्ने | - | - | - | - | - | - | १८.७ | १३.८ | १६.२ |
| धेरै व्यक्सिँग यौनसम्पर्क राख्ने व्यक्तिसँग यौनसम्पर्क नराख्ने | - | - | - | - | - | - | १६.० | १५.४ | १५.७ |
| लागूपदार्थ प्रयोगगर्नेसँग यौनसम्पर्क नराख्ने | - | - | - | - | - | - | १३.४ | १०.६ | १२.० |
| अरुको रगत नलिने | - | - | - | - | - | - | २६.४ | २५.४ | २५.९ |
| सुईको प्रयोग नगर्ने | - | - | - | - | - | - | २७.७ | २६.१ | २६.९ |
| ब्लेडको प्रयोग नगर्ने | - | - | - | - | - | - | १४.५ | १३.६ | १४.० |
| अरु उपाय अपनाउने | - | - | - | - | - | - | १०.४ | १०.७ | १०.६ |
| थाहा छैन | - | - | - | - | - | - | १५.५ | २१.३ | १८.४ |
| | | | | | | | | | |
| पछिल्लो पटक सरकारी स्वास्थ्य संस्थामा जचाउँदाको सरदर खर्च | | | | | | | | | |
| निदानात्मक खर्च (रु) | - | - | - | ८३ | ११४ | ९९ | २३० | ३७९ | ३१२ |
| औषधि खर्च (रु) | - | - | - | ५४७ | ५३० | ५३८ | ६५५ | ७७६ | ७२२ |
| यातायात खर्च | - | - | - | ७० | ५४ | ६१ | १३४ | १३२ | १३३ |
| जम्मा खर्च (रु) | - | - | - | ६९९ | ६९७ | ६९८ | १,०१९ | १,२८६ | १,१६७ |
| | | | | | | | | | |
| पछिल्लो पटक गैर सरकारी स्वास्थ्य संस्थामा जचाउँदाको सरदर खर्च (रु) | | | | | | | | | |
| निदानात्मक खर्च (रु) | - | - | - | ११४ | १५७ | १३६ | २१२ | १७२ | १९१ |
| औषधि खर्च (रु) | - | - | - | ४४१ | ४८८ | ४६५ | ८११ | ६९० | ७४८ |
| यातायात खर्च | - | - | - | ६४ | ५९ | ६२ | ७२ | ६९ | ७० |
| जम्मा खर्च (रु) | - | - | - | ६१९ | ७०४ | ६६२ | १,०९५ | ९३१ | १,०१० |

तालिका ६: मातृत्व तथा परिवार नियोजन सम्बन्धी सूचकहरू

| विवरण | नेपाल जीवनस्तर सर्वेक्षण | | |
|---|---|---|---|
| | १९९५/९६ | २००३/०४ | २०१०/११ |
| ४५-४९ वर्ष समूहका महिलाले जीवित जन्माएका बच्चाबच्चीको औसत संख्या | ५.३ | ४.८ | ४.२ |
| कुल प्रजनन् दर | ५.१ | ३.६ | ३.४ |
| पछिल्लो पटक बच्चा जन्माएको ठाउँ अनुसार आमाहरूको प्रतिशत | | | |
| घर | - | ८४.० | ६७.१ |
| स्वास्थ्य चौकी | - | १.५ | ५.७ |
| सरकारी/गैर सरकारी अस्पताल | - | १३.९ | २५.९ |
| अन्यत्र | - | ०.६ | १.३ |
| | | | |
| पछिल्लो पटक सुत्केरी हुँदा सहयोगगर्नेको प्रतिशत | | | |
| परिवार/छिमेकी | | ६७.६ | ५८.१ |
| परम्परागत सहायक (सुडेनी) | | ९.७ | ७.३ |
| स्वास्थ्यकर्मी | | १९.८ | ३२.९ |
| कसैले सहयोग गरेन | | २.९ | १.७ |
| | | | |
| गर्भावस्थाको स्वास्थ्य परीक्षण | | | |
| गर्भावस्थामा स्वास्थ्य परीक्षण गराएका महिलाको प्रतिशत | | ५७.१ | ७८.१ |
| सरकारी स्वास्थ्य संस्थामा गर्भावस्थामा स्वास्थ्य परीक्षण गराएका महिलाको प्रतिशत | | ८६.० | ८४.२ |
| गैर सरकारी स्वास्थ्य संस्थामा गर्भावस्थामा स्वास्थ्य परीक्षण गराएका महिलाको प्रतिशत | | १४.० | १५.८ |
| | | | |
| सुत्केरी भएपछिको स्वास्थ्य परीक्षण | | | |
| सुत्केरी भएपछि स्वास्थ्य परीक्षण गराएका आमाहरूको प्रतिशत | | १२.९ | १९.४ |
| सुत्केरी भएपछि सरकारी स्वास्थ्य संस्थामा स्वास्थ्य परीक्षण गराएका आमाहरूको प्रतिशत | | ८२.१ | ७७.५ |
| सुत्केरी भएपछि गैर सरकारी स्वास्थ्य संस्थामा स्वास्थ्य परीक्षण गराएका आमाहरूको प्रतिशत | | १७.९ | २२.५ |
| | | | |
| परिवार नियोजनको ज्ञान एवं परिवार नियोजनका साधनको प्रयोग | | | |
| परिवार नियोजनबारे थाहापाउने १५-४९ वर्ष उमेर समूहका विवाहित महिलाको प्रतिशत | ५९.७ | ७६.७ | ८२.८ |
| | | | |
| कम्तीमा एकपटक परिवार नियोजनका साधन प्रयोग गरेका दम्पतिको प्रतिशत | २०.४ | ४५.९ | ५४.१ |
| | | | |
| हाल परिवार नियोजनका साधन प्रयोग गरिरहेका दम्पतिको प्रतिशत | १४.८ | ३८.३ | ३९.१ |
| | | | |
| परिवार नियोजनका साधन प्रयोगगर्ने दम्पति (प्रतिशत) | | | |
